# नगर ऐन सङ्ग्रह
# २०८२

कमलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलबजार अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## बिषयसूची


| | | |
|---|---|---|
| १ | आकस्मिक कोष ऐन, २०८२ | १ |
| २ | उद्योग तथा व्यवसायीक फर्म (दर्ता तथा नियमन) ऐन, २०८२ | ५ |
| ३ | उपभोक्ता हक हित संरक्षण ऐन, २०८२ | १९ |
| ४ | कृषि तथा पशुपन्छी ऐन, २०८२ | ३५ |
| ५ | खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२ | ६९ |
| ६ | जनस्वास्थ्य ऐन, २०८२ | ९४ |
| ७ | जलस्रोत ऐन,२०८० | १३९ |
| ८ | तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२ | १५० |
| ९ | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ | १५४ |
| १० | पूर्वाधार ब्यवस्थापन ऐन, २०७८ | २२९ |
| ११ | फोहोरमैला व्यवस्थापन ऐन, २०८२ | २४९ |
| १२ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ | २७१ |
| १३ | शिक्षा ऐन २०८२ | २९८ |
| १४ | सहकारी ऐन, २०७५ | ३३२ |
| १५ | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८२ | ३८४ |
| १६ | स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्था ऐन, २०८२ | ३९८ |

# कमलबजार नगरपालिका

## आकस्मिक कोष ऐन, २०८२

**प्रस्तावना:** नगरपालिका क्षेत्रमा आउन सक्ने अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा उल्लिखित आकस्मिक कोषको स्थापना र सञ्चालन सम्वन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"आकस्मिक कोष ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यसित कारणबाट सिर्जना भएको विशेष परिस्थिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कमलबजार नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "कोष " भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "नगर सभा " भन्नाले कमलबजार नगर सभा सम्झनु पर्छ।

३. **कोषको स्थापनाः** नगरपालिकामा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. **आकस्मिक कोषमा जम्मा गरिने रकमः** नगरपालिकाले स्थानीय स्थानीय सञ्चित कोषबाट आकस्मिक कोषमा पहिलो पटक रु. पच्चीस लाख जम्मा गरिनेछ।

५. **आकस्मिक कोष खर्च गर्न सकिने क्षेत्रहरुः** आकस्मिक कोषको रकम देहायका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न खर्च गर्न सकिनेछ;

(क) प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

(१) भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, असिना जस्ता प्राकृतिक विपद्का लागि,

(२) महामारीका बेला औषधि, उपचार, राहत तथा स्वास्थ्य सामग्री खरिदका लागि, र

(३) अन्य आकस्मिक उद्धार तथा राहतकार्य (खाद्य वितरण, अस्थायी बासस्थान व्यवस्था आदि)।

(ख) वित्तीय तथा आर्थिक संकट

(१) अत्यावश्यक सार्वजनिक सेवा (जस्तै, खानेपानी, स्वास्थ्य सेवा, विद्युत्, सडक मर्मत) सञ्चालनमा अचानक बजेटको अभाव भएमा,

(२) नगरपालिकाका आपूर्तिकर्ता भुक्तानी गर्न असहजता उत्पन्न भएमा, र

(३) महँगी नियन्त्रण तथा बजार व्यवस्थापनका लागि

आकस्मिक हस्तक्षेप गर्नुपर्ने अवस्थामा।

(ग) कानुनी वा न्यायिक खर्चहरू

(१) नगरपालिका विरुद्ध दायर मुद्दा समाधानका लागि कानुनी परामर्श खर्च, र

(२) कुनै अदालती निर्णयअनुसार क्षतिपूर्ति वा अन्य कानुनी दायित्व पूरा गर्नुपर्ने अवस्थामा।

(घ) अत्यावश्यक पूर्वाधार मर्मत तथा पुनःनिर्माण

(१) आकस्मिक रूपमा पुल, बाटो, विद्यालय, अस्पताल, तथा अन्य सार्वजनिक संरचनामा क्षति पुगेमा, र

(२) आकस्मिक रूपमा ढल तथा खानेपानी व्यवस्थापन आवश्यक परेमा।

(ङ) सुरक्षासम्बन्धी आकस्मिक खर्च

(१) स्थानीयस्तरमा सार्वजनिक शान्ति तथा सुरक्षामा आकस्मिक संकट उत्पन्न भएमा, र

(२) सार्वजनिक सेवा स्थापनाहरूमा आकस्मिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने अवस्थामा।

(च) अन्य आकस्मिक परिस्थितिहरूः नेपाल सरकार वा प्रदेश सरकारबाट

आकस्मिक रूपमा अनुदान वा राहत कार्यक्रम सञ्चालन गर्न निर्देशन भएमा।

६. **<u>कार्यविधि बनाउन सक्नेः</u>** नगर कार्यपालिकाले दफा ५ मा उल्लेखित बिषयहरुमा कोषको रकम प्रयोग गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

७. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्नेः</u>** कोषबाट खर्च भएको रकम स्थानीय सञ्चित कोषबाट कम्तिमा रु पच्चीस लाख कायम हुने गरी प्रत्येक बर्ष सोधभर्ना गर्नु पर्नेछ।

८. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

## कमलबजार नगरपालिका

## उद्योग तथा व्यवसायीक फर्म (दर्ता तथा नियमन) ऐन, २०८२

**प्रस्तावना**ः कमलबजार नगरपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्म तथा उद्योगको दर्ता, अनुमति नवीकरण, खारेजी अनुगमन र नियमन, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) (६) र उपदफा ५ को खण्ड (घ) ले प्रदान गरेको अधिकार कार्यान्वयनका लागि कानुन बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

### परिच्छेद -एक

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"उद्योग तथा व्यवसायीक फर्म (दर्ता तथा नियमन) ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उद्योग" भन्नाले लघु घरेलु तथा साना उद्योग सम्झनुपर्दछ।

(ख) "कार्यालय" भन्नाले कमलबजार नगरपालिका, कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ।

(ग) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनुपर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

## परिच्छेद -दुई

## उद्योग र व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी

३. **उद्योग र व्यवसाय दर्ता गर्नुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र अनुसूची-१ उल्लिखित उद्योग तथा व्यवसाय संचालन गर्न चाहने कुनै पनि व्यक्ति तथा संस्थाले यस ऐन बमोजिम दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग तथा व्यवसाय दर्ता गर्न देहायको विवरण खुलाई अनुसूची-२ बमोजिम दरखास्त पेश गर्नुपर्नेछः-

(क) व्यवसायको नाम र ठेगाना,

(ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

(ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा, लगानी,

(घ) व्यवसायीको नाम र ठेगाना,

(ङ) ब्यवसायीको नागरिकताको प्रतिलिपि,

(च) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम,

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम लाग्ने दर्ता दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ।

(४) कार्यालयले उपदफा (३) बमोजिम दर्ता भएको व्यवसायको अनुसूची -४ बमोजिमको व्यवसाय दर्ता किताबमा विवरण अभिलेख गरी अनुसूची -५ बमोजिमको व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउनु पर्नेछ।

(५) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा शुरु

दर्ता दस्तुरको ५० प्रतिशत तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

४. **नवीकरण गर्नुपर्ने:** यस ऐन बमोजिम दर्ता भएका व्यवसाय हरेक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको शुल्क तिरी नवीकरण गरी सक्नु पर्नेछ। अन्यथा नवीकरण दस्तुरका साथ तोकिएबमोजिमको जरिवाना लाग्नेछ।

५. **व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने तोकिएबमोजिमको सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ।

६. **साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने:** (१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय नगरपालिकाको अर्को वडामा ठाउँसारीको लागि सम्बन्धित वडाको सहमति सहित निवेदन परेमा कार्यालयले ठाउँसारी गरी सम्बन्धित वडा कार्यालयहरुलाई पत्राचार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी तोकिएबमोजिमको दस्तुर लिई सो बेहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

## परिच्छेद -तीन

## अनुमति र नियन्त्रण सम्बन्धी व्यवस्था

७. **विवरण हेरफेर गर्न अनुमति लिनुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण

संशोधन गरिदिनु पर्नेछ र सो बेहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्नेछ।

८. **सञ्चालनको अनुमति लिनु पर्ने:** यस ऐन बमोजिम दर्ता भएका उद्योग तथा व्यवसाय सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अन्य निकाय अनुमति लिनु पर्ने भएमा सम्बन्धित निकायबाट समेत अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

९. **नियन्त्रण गर्न सक्ने:** (१) जुन स्थानमा सञ्चालनका लागि अनुमति लिएको हो सोहि स्थानमा संञ्चालन गर्नु पर्नेछ।कुनै कारणबस व्यवसाय सञ्चालन गर्ने स्थान परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पर्व स्वीकृति लिनु पर्नेछ।

(२) नगरपालिकाले तोकिएको स्थान भन्दा अन्यन्त्र सञ्चालन भएका व्यवसायलाई रोक्न आदेश दिन सक्नेछ।

(३) नगरपालिका भित्र हुने मेला, हाटबजार आदिमा मौसमी रुपमा व्यवसाय गर्ने व्यवसायीहरुलाई सेवाको गुणस्तर कायम गर्न नगरपालिकाले निर्देशन गर्न सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु र नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरेको बहाल बिरौटी कर तिर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

(४) नगरपालिकाको सार्वजनिक शान्तिमा असर पुग्ने देखिएमा वा विपद् वा कुनै अन्य कारणले व्यवसाय सञ्चालन गर्न सुरक्षा खतरा उत्पन्न हुन सक्ने सम्भावना भएमा सार्वजनिक सूचना प्रकाशन गरी निश्चित समयका लागि व्यवसाय पूर्ण वा आंशिक रुपमा बन्द गर्न सक्छ।

## परिच्छेद -चार

## निषेधित कार्य र जरिवाना

१०. **निषेधित कार्य:** नगरपालिकालले देहायका कार्यलाई निषेध गरेको छ;

(क) नगरपालिकामा व्यवसाय दर्ता नगरी संञ्चालन गर्ने,

(ख) तोकिएको समयमा नवीकरण नगरी व्यवसाय संञ्चालन गर्ने,

(ग) नगरपालिकाले यस ऐन बमोजिम गरेको सूचनाको उलंघन गर्ने,

(घ) कुनै निकायबाट इजाजत लिई सञ्चालन गर्नु पर्ने व्यवसाय इजाजत नलिई सञ्चालन गर्ने,

**११.** **<u>जरिवाना गरिने</u>:** दफा १० बमोजिमका कार्य गरेमा नगरपालिकाले देहायबमोजिमका जरिवाना गर्नेछः

(क) दफा १० को खण्ड (क) बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिने,

(ख) दफा १० को खण्ड (ग) र (घ) बमोजिमको कार्य गरेमा वा उपदफा (२) बमोजिमको निर्देशनको पालना नगरेमा पहिलो पटक भए रु पाँच हजार र पटकै पिच्छे उक्त जरिवाना अंकमा पचास प्रतिसत जरिवाना लाग्ने,

(ग) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नवीकरण नगराएमा थप पचाँस प्रतिसत जरिवाना तिरी व्यवसाय नवीकरण गर्ने,

(घ) उद्योग तथा व्ययवसाय दर्ता गरी सञ्चालन गर्न निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा वा

नविकरण नगराएमा नगरपालिकाले नियमानूसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गर्न सक्नेछ।

१२. **<u>कर तिर्नु पर्ने</u>:** यस ऐन बमोजिम सञ्चालन हुने उद्योगी तथा व्यवसायीले नगरपालिकाको आर्थिक ऐनले सालबसाली रुपमा निर्धारण गरेको कर तिर्नुपर्नेछ।

१३. **<u>कर छुट तथा मिन्हा दिन सकिने</u>**: नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने महिला तथा अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ।

## परिच्छेद –पाँच

## <u>बिबिध</u>

१४. **<u>प्रतिलिपि दिने सक्ने</u>:** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नवीकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी तोकिए बमोजिमको प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ।

१५. **<u>व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने</u>:** प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको बेहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी बेहोरा प्रमाणित भएमा तोकिए बमोजिमको दस्तुर लिई माग बमोजिमको बेहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ।

१६. **<u>विवरण उपलब्ध गराउनु पर्ने</u>**: (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचबुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ।यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

१७. **<u>वाधा अडकाउ फुकाउने अधिकार</u>**ः (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१८. **<u>खारेजी तथा बचाउः</u>** यो ऐन बन्नु भन्दा अगाडि नगरपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

*(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)*

**व्यवसायको विवरण**

| सि. नं | व्यवसाय | उद्योग |
|---|---|---|
| १. | सुन, चाँदी बिक्रेता | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक |
| २. | चुरोट, रक्सी | ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| ३. | हलुका पेय पदार्थको थोक बिक्रेता | पेन्टिङ्ग सेवा |
| ४. | निर्माण सामाग्री | पुल हाउस |
| ५. | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा | केवुल/ नेटवर्किङ्ग सेवा |
| ६. | विद्युत/सोलार विक्रेता | डेरी उद्योग |
| ७. | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा | चिस्यान केन्द्र |
| ८. | फर्निचरका सामान तथा कार्पेट विक्रेता | परामर्श सेवा |
| ९. | आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता | ढुवानी सेवा |
| १०. | ग्यास तथा मट्टितेल विक्रेता | उत्पादनमूलक उद्योग |
| ११. | टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता | फर्निचर उद्योग |
| १२. | खाद्यान्न किराना पसल | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग |
| १३. | फलफुल तथा तरकारी विक्रेता | खनिज उद्योग |
| १४. | स्वदेश तथा विदेशी कपडा, तयारी | पर्यटन उद्योग |

| सि. नं | व्यवसाय | उद्योग |
|---|---|---|
| | पोसाक र जुत्ता विक्रेता | |
| १५. | मासु विक्रेता | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| १६. | खेलौना तथा उपहार (गिफ्ट) र कस्मेटिक विक्रेता | संचार सेवा |
| १७. | सिसा प्लाईउड विक्रेता | तालिम केन्द्र |
| १८. | भाँडाकुडा विक्रेता | मर्मत सम्भार/वर्कशप |
| १९. | बेकरी तथा कफी सप | पोल्ट्री, पशु फर्म |
| २०. | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता | माछापालन |
| २१. | होटल, लज तथा रेष्टुरा | मौरी पालन |
| २२. | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता | मिल ( कुटानी पिसानी ) |
| २३. | वित्तीय सेवा | अन्य |
| २४. | मेडिकल | |
| २५. | कपडा, जुत्ता तथा फेन्सी पसल | |
| २६. | मेशिनरी पार्टपुर्जा पसल | |
| २७. | पान पसल | |
| २८. | मिठाई तथा चिया पसल | |
| २९. | एग्रोभेट | |
| ३०. | सप्लायस | |
| ३१. | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता | |
| ३२. | सुर्ति पसल थोक तथा खुद्रा विक्रेता | |
| ३३. | अन्य | |

## अनुसूची-२

*(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)*

## <u>उद्योग/व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम</u>

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

कमलबजार नगरपालिका, अछाम

**विषयः उद्योग/व्यवसाय दर्ता /नवीकरण गर्न अनुमति पाउँ।**

मैले/हामीले निम्न स्थानमा ................................................ व्यवसाय दर्ता/नवीकरण गर्नु परेकोले कमलबजार नगरपालिकाको उद्योग तथा व्यवसाय दर्ता ऐन, २०८२ को दफा ३ बमोजिम यो निवेदन दिएको छु/छौं।

उद्योग/व्यवसायीको बिवरण

| क्र. स. | व्यक्तिको नाम,थर | ठेगानाः | नागरिकता नं. | जारी जिल्ला र मिति | फो.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**<u>व्यवसायको विवरणः</u>**

१. उद्योग/व्यवसायको नामः .......................................................

२. पूंजीगत लगानी (रु मा): .....................................................

३. उद्योग/व्यवसाय रहने स्थानः कमलबजार नगरपालिका वडा नं.... टोल ....

४. उद्योग/व्यवसाय बहालमा रहेको भए घरधनीको नामः ................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरणः

निवेदकको दस्तखत

मितिः ........................

## अनुसूची ३

*(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)*

### व्यवसाय दर्ता किताव

| क्र.सं. | दर्ता मिति | व्यवसाय को नाम ठेगाना | प्रोपोराईटरको नाम, ठेगाना | व्यवसायको प्रकृति | | स्वामित्व | | पुँजि लगानी | दर्ता दस्तुर | रसिद नं. | दर्ता अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्योग | व्यापार | एकल | साझेदारी | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची ४

*(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)*

**<u>उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र</u>**

दर्ता मितिः

प्रमाणपत्र नंः

कमलबजार नगरपालिकाको स्थानीय उद्योग तथा व्यवसाय दर्ता ऐन, २०८२ बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ।

**व्यवसायको प्रकारः** एकल/साझेदारी

**<u>व्यवसायीको विवरण</u>**

| क्र. स. | व्यक्तिको नाम,थर | ठेगाना | नागरिकता नं | जारी जिल्ला र मिति | फो नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>व्यवसायको विवरणः</u>**

१. व्यवसायको नामः ..........................................................

२. पूंजीगत लगानी (रु मा)ः ..................................................

३. व्यवसाय रहने स्थानः कमलबजार नगरपालिका वडा नं......... टोल .......

४. व्यवसाय बहालमा रहेको भए घरधनीको नामः ........................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरणः

**<u>शर्तहरु</u>**

*१. प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नवीकरण गरी सक्नु पर्नेछ।*

*२. व्यवसाय गरी आएको स्थान बदल्नु परे नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।*

*३. आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ।*

*४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ।*

*५. आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन।*

*६. आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ।*

*७. कुनै निकायबाट इजाजतपत्र लिई सञ्चालन गर्नु पर्ने व्यवसाय भएमा सम्बन्धित निकायबाट इजाजत लिई तोकिएको समयमा इजाजत नविकरण गरेको र उक्त इजाजत पत्रमा कुनै शर्तहरुको पालना गर्नु पर्नेछ।*

*८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ।*

प्रमाणिकरण गर्नेः

**प्रमाण पत्रको पछाडीको भाग**

| मिति | नवीकरण गरेको अवधी | नवीकरण दस्तुर | रसिद नं. | हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## कमलबजार नगरपालिका

## उपभोक्ता हक हित संरक्षण ऐन, २०८२

**प्रस्तावनाः** उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको अनुगमन तथा नियमन गर्ने कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो ऐनको तर्जुमा गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"उपभोक्ता हक हित संरक्षण ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन टोली" भन्नाले नगरपालिकाले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ५ बमोजिम गठित समिति बुझ्नु पर्दछ।

(ग) "अनुचित व्यापारिक क्रियाकलाप" यसै ऐनको दफा ११ बमोजिमका क्रियाकलाप सम्झनु पर्दछ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा

विक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(च) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ। सो शब्दले होटल, लज, होष्टेल, खाजा घर संचालक आदिलाई समेत जनाउनेछ।

(छ) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ।

(ज) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ।

## परिच्छेद -२

## उपभोक्ता संरक्षण सम्बन्धी व्यवस्था

३. **उपभोक्ताको अधिकारः** (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारीकर्ता वा विक्रेताबाट जानकारी पाउने अधिकार,

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्रि वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उचित कानूनी कारबाही गराउन पाउने अधिकार,

(छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरूद्ध क्षतिपूर्ति पाने अधिकार,

(ज) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा

निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार, र

(झ) उपभोक्ता शिक्षा पाउने अधिकार।

४. **वस्तु वा सेवाको नियमनः** (१) नगरपालिकाले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा नगरपालिकाले देहायका काम गर्नेछ।

(क) आफ्नो नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रिको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना सञ्चालन गर्ने

(घ) बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणका लागि सोको कार्यान्वयन गर्ने,

(ङ) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्रि स्थलको मापदण्ड तोक्ने,

(च) छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

(छ) मदिरा तथा सुर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने,

(ज) उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनियन्त्रित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(झ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा वृद्धिलाई रोक्न वा नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ञ) कुनै विशेष परिस्थितिमा वा कुनै ठाँउ विशेषमा तोकिएको अवधिको लागि वस्तुको अधिकतम् मौज्दातको परिमाण तोक्ने,

(ट) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गरी सामान्यतयाः मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(ठ) उपभोक्ताको अधिकार संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, र

(ड) वस्तुको बिक्रि वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम

वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने।

(३) उपभोक्ताको अधिकार संरक्षण, आपूर्ति व्यवस्था नियमित र वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण गर्न नगरपालिकाले समय समयमा आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद ३

## संस्थागत व्यवस्था

५. **नगर उपभोक्ता हित संरक्षण समिति:** उपभोक्ताको अधिकारको संरक्षण, बस्तु तथा सेवाको नियमन सम्बन्धी कार्यको संयोजन गर्न नगरपालिकामा देहायको उपभोक्ता हित संरक्षण समिति रहनेछ;

(क) नगर उपप्रमुख -संयोजक

(ख) कार्यपालिकाको आर्थिक समितिका संयोजक -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि -सदस्य

(घ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/ उद्योग बाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि -सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट एक जना -सदस्य

(छ) नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख -सदस्य सचिव

६. **<u>नगर उपभोक्ता हित संरक्षण समितिका काम कर्तब्य र अधिकारः</u>** उपभोक्ता हित संरक्षण समितिका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछन्।

(क) संघीय उपभोक्ता संरक्षण ऐन २०७५ र यस ऐनको अधीनमा रही उपभोक्ताको हक, हित संरक्षणको लागि नियमित रूपमा स्थानीय बजार अनुगमन गर्ने, गराउने,

(ख) बजार अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रदेश बजार अनुगमन समितिसँग समन्वय गर्ने,

(ग) उपभोक्ताको हक, हित संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, परिषद्, मन्त्रालय वा विभागले दिएको निर्देशन बमोजिम अनुगमन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने,

(घ) अनुगमनको क्रममा प्रचलिन कानुन बमोजिमको व्यवस्था परिपालना भएको नपाइएमा ऐन तथा यस नियमावली बमोजिमको व्यवस्था कायम गर्नको लागि निश्चित अवधि तोकी सम्बन्धित उत्पादक, वितरक वा बिक्रेतालाई आदेश दिने,

(ङ) कसैले ऐनको दफा ११ बमोजिमको कुनै कार्य गरेको पाइएमा कारबाहीको लागि विभाग वा सम्बन्धित निरीक्षण अधिकृत समक्ष लेखी पठाउने, र

(च) उपभोक्ताको हक, हित संरक्षणको लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गर्ने।

७. **<u>बैठक सम्बन्धी कार्यबिधिः</u>** (१) उपभोक्ता हित संरक्षण समितिको बैठक दुई महिनाको एक पटक बस्नेछ।

(२) बैठक सम्बन्धी अन्य कार्य समिति आफैले तोकेबमोजिम हुनेछ।

८. **<u>बजार अनुगमन टोली गठनः</u>** (१) बजारको अनुगमन गर्न समितिले एक बजार अनुगमन टोली गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहायबमोजिमको पदाधिकारीहरु रहनेछन;

(क) समिति संयोजक वा संयोजकले तोकेको कार्यपालिका सदस्य-संयोजक

(ख) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) -सदस्य

(ग) स्थानीय प्रशासन प्रतिनिधि (उपलब्ध भएसम्म) -सदस्य

(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि -सदस्य

(ङ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट मनोनित एक जना -सदस्य

(च) उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य - सदस्य

(छ) पत्रकार महासंघ/संचारकर्मी एक जना - सदस्य

(३) यस दफा बमोजिम अनुगमन पश्चात टोलीले प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ र यसरी प्राप्त भएको प्रतिवेदनको संक्षिप्त बेहोरा समिति मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ।

९. **<u>अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः</u>** अनुगमन टोलीले देहायका कार्यहरू गर्नुपर्नेछ;

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/ गुणस्तरहिन) कम तौल भएको देखिएमा/ भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने र कारोवार रोक्का गर्ने वा बन्द गर्न सिफारिस गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने र

(छ) सम्पन्न बजार अनुगमन प्रतिवेदन सोहि दिन नगरपालिकामा पेश गर्नु पर्नेछ।

१०. **<u>अनुगमन टोलीले पालना गर्नु पर्ने आचार संहिताः</u>** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले देहायका बमोजिमको आचारसंहिताको पालना गर्नुपर्नेछः

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन् ,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू मर्यादित तरिकाले प्रस्तुत हुनु पर्ने र व्यवसायीको भण्डारण स्थल

वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानुनी काम गरेमा कर्मचारी भए प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानुन बमोजिम कारबाही गर्न सकिनेछ र

(झ) मानव अधिकारवादी संघ संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन्।

तर, सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद ४

## अनुचित क्रियाकलाप र जरिवाना

११. **अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुनेः** (१) कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुँदैन।

(२) कसैले उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै काम गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछः-

(क) वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्रि वा प्रदान गर्ने,

(ख) झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्रि गर्ने,

(ग) वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचन, डिजाइन देखाई बिक्रि गर्ने,

(२) पुर्ननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्रि गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्रि गर्दा झुठा र भ्रमपूर्णरूपमा विज्ञापन वा सूचना प्रसार गर्ने, र

(४) तथ्यगत आधारबिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभुति गर्ने वा बिक्रि गर्ने।

(क) कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा

उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्रि गर्ने,

(ख) कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्रि गर्ने,

(ग) कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुर्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति का ओसारपसार वा सञ्चय वा बिक्रि गर्ने र कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्रि गर्ने,

(घ) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्रि गर्ने,

(ङ) कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्ने वा त्यस्तो वस्तुको बिक्रि गर्ने,

(च) बिक्रि गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल

वा बिजक जारी नगर्ने वा बिल बिजक जारी गर्दा थप रकम माग गर्ने,

(छ) कुनै वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी बिषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्रि गर्ने,

(ज) उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्रि गर्ने,

(झ) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्रि गर्ने,

(ञ) व्यवसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,

(ट) उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट तोकिए भन्दा बढी मुनाफा लिई बिक्रि गर्ने,

(ठ) कुनै वस्तु वा सेवा बिक्रि वा प्रदान गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्रि वा प्रदान गर्ने,र

(ड) कुनै वस्तु वा सेवा बिक्रि वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड

तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्रि गर्ने।

१२. **जरिवानाः** (१) अनुगमन टोलीले अनुगमनका क्रममा वा कुनै व्यक्तिले दिएको उजुरी उपर छानवीन गर्दा देहायका कार्य गरेको देखिएमा कसूरको मात्रा हेरी नगरपालिकाले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ।

(क) दर्ता, पान, इजाजत पत्र र मूल्य सूचि विक्रि स्थलमा सर्वसाधारणले देख्ने गरी नराखेमा पाँच हजार देखि दशहजार रुपैयाँसम्म,

(ख) बिल बिजक नराखेमा पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म,

(ग) अनुचित व्यपारिक क्रियाकलाप गरे वा गराएमा बीस हजार देखि पचास हजार रुपैयाँसम्म,

(घ) कुनै सामान झुक्याइ बिक्रि गरेमा वा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने बस्तु उत्पादन बिक्रि गरे वा गराएमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म, र

(ङ) अनुगमनका क्रममा असयोग गरेमा बीस हजार रुपैयाँसम्म।

(२) उपदफा (१) बमोजिमको कसुर पटकपटक गरेमा पटकै पिच्छे दोब्बर जरिबाना हुनेछ।

(३) नेपाल सरकारको उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भए गरेका कसूर सोहि ऐन तथा प्रचलित कानुन अनुसारको सजाय हुनेछ।

१३. **उजुरी दिन सक्नेः** कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै

पनि व्यक्तिले उपभोत्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा नगरपालिकामा सूचना वा उजुरी दिन सक्नेछ।

## परिच्छेद -८

## विविध

१४. **प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्‍याएको मानिने छैन।

१५. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको वैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न नगरपालिकामा पठाईनेछ।

१६. **संशोधन:** यस ऐनमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ।

१७. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

१८. **खारेजी तथा बचाउ:** (१) यस नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७५ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित बजार अनुगमन निर्देशिका २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# कमलबजार नगरपालिका

## <u>कृषि तथा पशुपन्छी ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** नेपालको संविधान प्रद्धत्त किसान र नागरिकको खाद्य सम्बन्धी हकको सुनिश्चितता र किसानको सशक्तिकरण, कृषिको दिगोपनाका लागि कृषि जमिनको सतह उपयोग गर्दै परम्परागत पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन गर्दै कृषि प्रणालीमा सुधार गरी कृषि उत्पादनमा बृद्धि, प्रशोधन, भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मूल्य र बजार पहुँचको सुनिश्चतताका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगरपालिकाको नगर सभाले यो ऐनको तर्जुमा गरेको छ।

### परिच्छेद -१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"कृषि तथा पशुपन्छी ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट नगरपालिका क्षेत्रभर लागू हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई सोबाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउँछ।

(ख) "कृषियोग्य भूमि" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा

प्रचलित कानुन बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ।

(ग) "कृषि कार्य" भन्नाले दफा ८ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्य सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(घ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र सा शब्दले कृषि उपज समेतलाई जनाउँदछ।

(ङ) "कृषि व्यवसाय" भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा २१ बमोजिमका व्यवसायहरुलाई जनाउँदछ।

(च) "कृषि बजार" भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्रि वितरण गर्ने कृषि बजारलाई जनाउँदछ।

(छ) "कृषि व्यापारी" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई जनाउँदछ।

(ज) "तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएबमोजिम सम्झनु पर्छ।

(झ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्रि गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई बिक्रि गर्ने संकलन केन्द्रलाई जनाउँदछ।

(ञ) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्रि गर्ने उद्देश्यले

नगरपालिकाबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँदछ।

## परिच्छेद -दुई

## किसान पहिचान, वर्गिकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

३. **किसानको पहिचानः** (१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिएबमोजिम गणना गरी पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ४ बमोजिमको आधारमा वर्गिकरण गरी किसान परिचय-पत्र प्रदान गर्नु पर्नेछ।

४. **किसानको वर्गिकरणः** (१) नगरपालिकामा रहेका भूमिहीन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतिको रुपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक किसानलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुने गरी वर्गिकरण गरिनेछ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचक तथा परिचय पत्र वितरण तोकिएबमोजिम हुनेछ।

(३) दफा ३ बमोजिम परिचय-पत्र प्राप्त किसानलाई नगरपालिकाबाट अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ।

५. **कृषक समूह गठन र सञ्चालनः** (१) नगरपालिका वा वडा वा टोलस्तरमा रहेका किसानले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका किसान परिवारबाट प्रतिनिधित्व हुने गरी कृषक समूह वा पशुपालक समूह गठन र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकामा दर्ता गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने कृषक समूह वा पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ।

तर, यसरी दर्ता खारेज गर्नुपूर्व पैतिस दिनको समय दिई सुनुवाईका मौका दिइनेछ।

(५) कृषक समूह दर्ता, नविकरण, खारेजी तथा समूह सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **कृषि तथा पशुपन्छी सहकारी सस्था:** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था नगरपालिकाको सहकारी सम्बन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

७. **किसानको संरक्षण र सशक्तिकरण:** (१) नगरपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित किसान वा कृषक समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, आदिवासी जनजाती र दलित किसानका आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहायबमोजिमका कृयाकलाप सञ्चालन गरिनेछः

(क) भूमिहीन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्यक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका र अन्य कुनै संघ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत अवधिका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने,

(ख) अधिया वा बटैया खेति प्रणालीको अनुगमन र नियमन गर्ने,

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने,

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियिमत रुपमा सञ्चालन गर्ने,

(ङ) कृषि सम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहीन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने,

(च) किसान तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि परिचय प्राप्त किसानले

समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने,

(छ) किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचारप्रसार गर्ने,

(ज) किसानहरुलाई सङ्गठित हुने अवशर सिर्जना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रक्रिया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने,

(झ) सामुहिक खेति, करार खेति तथा वगर खेति गरी कृषि उत्पादन बढाउनका लागि उत्पादनमा आधारित प्रोत्साहनमूलक सेवा सुविधा प्रदान गर्ने,

(ञ) नगरपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत निर्यात गर्नमा सक्षम बनाउने, र

(ट) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्याक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने।

**परिच्छेद -३**

## कृषियोग्य जमिनको संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

८. **कृषि कार्यः** यस ऐनको प्रयोजनका लागि देहायबमोजिमका कार्यलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन,

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीको खेती,

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन,

(घ) ऊखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत, बाँस तथा रबरखेती,

(ङ) जडीबुटी खेति, घाँस उत्पादन र विरुवा उत्पादन तथा कृषि वन सञ्चालन,

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन,

(छ) प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेति गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु, र

(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण।

९. **कृषि भूमिको संरक्षणः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहायबमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने,

(ख) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने,

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने,

(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने,

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेति र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने,

(च) कृषि जमिन क्षति हुने गरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्ने लगाउने,

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाँझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्ने, र

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट

विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

(२) बाढी पहिरो लगायतका दैवि प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषिभूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

(३) बाढी पहिरो लगायतका दैवि प्रकोपका कारण कुनै किसानको कृषिभूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो वापत जमिनको आर्थिक मूल्याङ्कन र किसानको जीविकाको विकल्प समेत मध्यनजर गरी नगरपालिकाबाट प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन सकिनेछ।

१०. **कृषियोग्य भूमिको उपयोगः** (१) कार्यपालिकाको आर्थिक विकास समितिले नगरपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले व्यक्तिले सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, कृषक समूह, कृषि सहकारी वा अन्य पौरखी किसानबाट समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रवन्ध गर्न सक्नेछ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिंदा लिन पाउने भाडादर सम्बन्धित वडा

कार्यालय र कार्यपालिकाको आर्थिक विकास समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादर सम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको ऊर्वरा शक्ति, सिंचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नु पर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुन सक्नेछ।

(७) यस दफाको कार्यान्वयनका लागि कार्यपालिकाले कार्यबिधि बनाई लागु गर्न सक्नेछ।

११. **करार खेति सम्बन्धी व्यवस्थाः** (१) कृषियोग्य जमिनमा आफैं खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन दफा १२ बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले नगरपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखित गराएको जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन किसान, दलित किसान, सिमान्तकृत तथा साना किसान, महिला किसान तथा यस्ता किसानको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउन कार्यपालिकाको आर्थिक विकास समितिले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(४) कार्यपालिकाको आर्थिक विकास समितिले तय गरेको भाडादरसँग तालमेल हुने गरी कृषियोग्य जमिन भाडामा लिने दिने

न्यूनतम् अवधि तथा त्यसका शर्तहरु जग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछन्।

(५) उपदफा (४) को प्रयोजनका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्य आवश्यक कागजात तयारीमा कार्यपालिकाको आर्थिक विकास समितिले सहजीकरण गर्न सक्नेछ।

(६) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुऱ्याउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नु परेमा जग्गाधनीको स्वीकृति लिनुपर्नेछ।

(७) सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

(८) जग्गा भाडामा लिई करार खेति तथा व्यावसायिक खेतिगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) कार्यपालिकाको आर्थिक विकास समितिले नगरपालिका क्षेत्रभित्र अधिँया वा बटैया प्रथालाई निरुत्साहित गर्दै करार प्रणालीबाट कृषि जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन प्रोत्साहन गर्नु पर्नेछ।

१२. **सार्वजनिक कृषियोग्य भूमिको उपयोग:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसान बीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम् भाडा दर निर्धारणका लागि कार्यपालिकाको आर्थिक विकास समितिले समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार गरी कृषि कार्यका लागि जमिन उपलब्ध गराउँदा भूमिहीन किसान, सिमान्तकृत किसान तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम करार गरी लिने दिने गरेको जमिनमा करार अवधिभर कृषि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन।

**१३. सामुहिक खेतिः** (१) नगरपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन किसान र सिमान्तकृत तथा साना किसानका लागि समुहिक खेति गर्ने गरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कार्यपालिकाको आर्थिक विकास समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ।

(२) सामुहिक खेतिबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतिमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ।

(३) सामुहिक खेतिबाट उत्पादित कृषि उपज र सोको बिक्रि वितरणबाट प्राप्त लाभमा कुनै पनि किसिमको स्थानीय कर लगाईने छैन।

(४) निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेति गर्न चाहने कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडक सहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुबिधाहरु प्रदान गर्न सकिनेछ।

## परिच्छेद-४

## सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

१४. **सिंचाइको प्रवन्ध गर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाइको प्रवन्ध गर्नेछ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागि नगरपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ।

(३) सम्बन्धित निकाय र कृषक समूह वा सिंचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्न सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारी-पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वा जमिन मुनिको पानी निकाली वैकल्पिक सिंचाईको व्यबस्था गर्न सिकनेछ।

(५) सिंचाइका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नु पर्नेछ।

(६) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घ संस्था वा व्याक्तिलाई बिक्रि गर्न सकिनेछ।

१५. **बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलव्धता:** (१) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) नगरपालिकाले स्थानीय किसानको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ।

(३) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिने गरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूह मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकलाई वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायक मार्फत उपलव्ध गराउन सक्नेछ।

(६) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको प्रयोग गर्न गराउन पाइने छैन।

(७) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुने गरी नगरपालिकाबाट विभिन्न सेवा सुविधा र प्रविधि उपलब्ध गराउन सकिनेछ।

(८) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ।

(९) नगरपालिकाले बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रिमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गर्नेछ।

(१०) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन बिक्रि वितरण गरेको कारण किसानलाई कुनै हानी नोक्नानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउ बीजन सप्लाई गर्ने व्यक्ति वा फर्मले प्रभावित किसानलाई प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

१६. **सामुदायिक बीउ बैंक स्थापना गर्न सकिने:** (१) नगरपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहलाई नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था र बीउ बीजन व्यावसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजन सम्बन्धी परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति नगरपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५

## कृषि सम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

१७. **कृषि सिकाई केन्द्र स्थापना गर्न सकिने:** (१) नगरपालिकाले कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि वडा कार्यालयमा प्राविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्र मार्फत किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ।

(३) कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र नीजि क्षेत्रले सम्बन्धित वडा कार्यलयसँग अनिवार्य रुपमा समन्वय गर्नु पर्नेछ।

(४) नगरपालिकाले किसानलाई कृषि तथा पशुपन्छी सम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ।

१८. **कृषि सूचना केन्द्र सञ्चालन गर्न सक्ने:** (१) कृषि सम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि सूचना केन्द्रको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१९. **कृषि सम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धि:** (१) कृषि र पशुपन्छी तथा जलचर पालनलाई कृषकको जीविकोपार्जनका साथै व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि नगरपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

(२) नगरपालिकाले नगरपालिका क्षेत्र भित्रका आवश्यक स्थानमा कृषि तथा पशु सेवा केन्द्र/इकाई स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाले कृषकलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रुपमा तालिम सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँच बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ।

(५) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि सहकारी संस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुना कृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत किसानलाई आवश्यक तालिम सञ्चालन गर्न सकिनेछ।

(६) नगरपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषकबीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ।

२०. **कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिने:** (१) नगरपालिकाले कृषकको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त प्रत्येक वडामा कम्तिमा एउटा कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्नेछ।

(२) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा कृषकले हासिल गरेका अनुभव र परम्परागत एबम् आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान सम्वाद आयोजना गर्ने उद्देश्यले वा टोलस्तरमा किसान चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, पशु स्वास्थ्य शिविर, बाँझोपन निवारण सिविर, माटो शिविर र कृषि सिकाई

केन्द्रको क्षमता विकासका लागि कृषि बिज्ञ र अन्य सरोकारवाला निकायबाट सहयोग लिन सकिनेछ।

(४) नगरपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा कृषकलाई उपयुक्त हुने स्थानमा कृषि संग्रहालय स्थापना गर्न सक्नेछ।

(५) नगरपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्नेछ।

(६) नगरपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयमसेवकको रुपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ।

## परिच्छेद-६

## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यबस्था

२१. **कृषि व्यवसायको किसिमः** नगरपालिका क्षेत्रभित्र व्यावसायिक उद्देश्यले गरिने देहायबमोजिमका कार्यलाई कृषि व्यवसायको रुपमा लिइनेछः

(क) कृषि बाली वा बस्तुको उत्पादन,

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्रि व्यवसाय,

(छ) पशु बधस्थल, मासुजन्य वस्तु बिक्रि वितरण र

(ज) दुग्ध तथा पशुजन्य पदार्थको संकलन तथा वितरण।

२२. **कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिनेः** कृषि, पशुपन्छी जलचर सम्बन्धी व्यावसाय प्रवर्द्धनका लागि नगरपालिकाले देहायबमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने,

(ख) आवश्यक ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न आफै वा विभिन्न सेवा प्रदायक मार्फत प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) अनुदान उपलब्ध गराउने कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने,

(घ) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र अन्य निकायका लागि लागत अनुमान तयार गर्ने र सिफारिस गर्ने,

(ङ) उत्कृष्ट कृषि व्यावसायी किसान तथा कृषक समूह वा कृषि सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्ने,

(च) व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवम् ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने,

(छ) व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाको प्रयोग तथा सदुपयोग बारे अनुगमन र मूल्याङ्कन गरी

अभिलेख राख्ने र आवश्यक परामर्श प्रदान गर्ने,

(ज) व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरेका कृषि बजार, कृषिवस्तु सङ्कलन केन्द्र र अन्य कृषि पूर्वाधारको नियमित रुपमा मर्मत सम्भार र सञ्चालन गर्ने,

(झ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यावसायिक क्षेत्रसँग नियमित रुपमा समन्वय र सहकार्य गर्ने, र

(ञ) पशुपन्छीको खोपको व्यवस्थाका लागि आवश्यक व्यवस्थापन गर्ने।

२३. **कृषकलाई अनुदान र छुट सुविधा दिन सकिनेः** (१) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहीन किसान, सिमान्त किसान, साना किसान, महिला किसान र कृषिमा आश्रित दलित तथा आदिवास जनजाति किसानलाई प्राथमिकता प्रदान गरी देहायबमोजिमको कृषि अनुदान, छुट सुविधा र सहुलियत प्रदान गर्न सक्नेछः

(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानलाई सिफारिस दिंदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान,

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान,

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय-पत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नु पर्नेछ।

(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि सहुलियत र अनुदान प्रदान सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

२४. **कृषि ऋणमा पहुँचः** नगरपालिकाले कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम बिना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा ब्याज अनुदान प्राप्त हुने गरी कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ।

२५. **कृषि बाली तथा पशुपन्छी बीमाः** (१) नगरपालिकाले सम्बन्धित बीमक निकायको नियम अनुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिव तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम नगरपालिकाले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद -७

## कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

२६. **कृषि उत्पादनको वर्गीकरणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहायबमोजिम हुने गरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु ।

(ख) तरकारी बालीः च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु ।

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु ।

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु ।

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु ।

(च) दलहनः सबै किसिमका दलहन बालीहरु ।

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुपंछिहरु । ।

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु ।

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतिका उत्पादनहर ।

(ट) माछापालनः मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु ।

(ठ) मौरी पालनः मह तथा मौरीघार ।

(ड) पुष्प खेतीः नगरपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु ।

(ढ) मसलाजन्य उत्पादनः नगरपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु।

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु।

(त) काष्ठफलहरुः बदाम, ओखर, सुन्तला, लगायतका फलहरु।

(थ) नगदेवालीः चीया, कफी, अलैची, उँखु, जुट आदी ।

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका बेर्ना र विरुवाहरु।

२७. **कृषि उपजको भण्डारण र प्रशोधनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पूर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि नगरपालिकाले कृषि सहकारी सस्था वा कृषक समूहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद -८

## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

२८. **कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रिका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(३) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहायबमोजिम हुनेछः

(क) थोक बजार ,

(ख) खुद्रा बजार,

(ग) हाटबजार,

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार , र

(ङ) कृषि उपज सङ्कलन केन्द्र।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवा शुल्क आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपजको खरिद बिक्रि गर्दा नगरपालिकाले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा मात्र खरिद बिक्रि गर्नु पर्नेछ।

(६) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) गरिब तथा विपन्न र सिमान्तकृत किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म ढुवानी गर्नका लागि नगरपालिकाले कृषि उपजमा ढुवानी अनुदान वा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ।

२९. **गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका किसानले गरेको कृषि उत्पादन प्राङ्गारिक खेति प्रणाली अवलम्बन गरी गुणस्तरीय रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३०. **न्यूनतम् समर्थन मूल्य निर्धारण गर्न सक्ने:** (१) नगरपालिकाले कृषि बजार व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् समर्थन मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोक्दा किसान, कृषि उपज व्यावसायी, कृषि सहकारी संस्था, कृषक समूह र नगरपालिका क्षेत्रभित्र कार्यरत कृषि सम्बन्धी सङ्घ संस्था र नागरिक समाजसँग परामर्श गर्नु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषकले सङ्कलन केन्द्र वा आफ्नो खेतबारीमा प्राप्त गर्ने मूल्य तथा

उपभोक्ताले तिर्ने मूल्यको नियमित अभिलेख राखी सुधारका लागि सुझाव दिन सक्नेछ।

(५) कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी मापदण्ड र सूचक कार्यपालिकाले ताकेबमोजिम हुनेछ।

३१. **कृषि व्यापारीको दर्ता र नियमन व्यवस्थाः** (१) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायी नगरपालिकामा दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि कृषि व्यापारी वा कृषि उपज व्यवसायीले देहायबमोजिमका कागजात पेश गर्नु पर्नेछः

(क) व्यवसायीको नागरिकताको प्रतिलिपि,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,र

(घ) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रभित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसायको योजना।

(३) कृषि व्यापारी वा कृषि उपज व्यवसायीको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) दर्ता भएका कृषि व्यवसायीसँग सम्झौता गरी नगरपालिकाले कृषि उपजको न्यूनतम् सर्मथन मूल्य सम्बन्धी व्यवस्था लागू गर्न सक्नेछ।

(५) यस दफा बमोजिम दर्ता भएका कृषि व्यवसायीले कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र किसानसँग कृषि उपज खरिद गर्दा तोकिएको न्यूनतम् सर्मथन मूल्य भन्दा कम मूल्यमा कृषि उपज खरिद गर्न पाइने छैन।

३२. **कृषि उपजको आयात निर्यातः** (१) कृषि शाखाले किसानहरुसँग जानकारी लिई नगरपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको चौमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्याङ्क तथा अभिलेखलाई कृषि शाखाले चौमासिक रुपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति र कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नु पर्नेछ।

(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिकाका नागरिकलाई आवश्यक पर्ने कृषि उपज आयात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ।

(५) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषक, कृषि व्यावसायी र सरोकारवाला बीच त्रैमासिक रुपमा नियमित बैठकको आयोजना गर्नेछ।

३३. **पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ताः** (१) एग्रोभेट, दाना तथा फिड्स सप्लिमेन्ट्री चल्ला लगायतका पुशपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारित शुल्क तिरी नगरपालिकामा दर्ता गर्ने र वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

३४. **पशुपन्छी सेवा केन्द्र स्थापना गर्न सक्नेः** नगरपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी सेवा केन्द्र स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ।

**३५. पशु बधशाला तथा बधस्थलको व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशु बधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालना गर्नु पर्ने मापदण्ड वा कार्यविधि तर्जुमा गरी कार्यपालिकाको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(५) मृत्यू भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र पशुधनीले उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ।

**३६. दुग्ध उत्पादनको प्रशोधन र बजारीकरणः** (१) नगरपालिकाकालाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) नगरपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादन सम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(३) नगरपालिकाले पशु गोठ व्यवस्थापन, खोर सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको

उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद -९

## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

३७. **सिंचाइका स्रोतहरुको संरक्षणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला, पुराना राजकूलो, परम्परागत कूलो बाँध पैनी आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ।

३८. **माटो परीक्षणको व्यबस्थाः** (१) नगरपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुट्याउनु भन्दा पहिले माटो परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्न र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्न सक्नेछ।

३९. **कृषि जैविक विविधता र वातावरण संरक्षणः** (१) नगरपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिँदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) नगरपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ

बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

(५) कृषक तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ।

४०. **कृषि पर्यापर्यटनः** (१) नगरपालिकाले किसानलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

(२) कृषि तथा पशुपालन सम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यापर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नमुना कृषि पर्यपर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) कृषक समूह तथा रैथाने किसानहरुले सामूहिक रुपमा विकास गर्दै आएका कृषिजन्य भू-दृष्यहरुमा आधारित कृषि पर्यापर्यटनको प्रवर्द्धनका लागि त्यस्ता समूहलाई नगरपालिकाले आवश्यक सहयोग गर्न सकिनेछ।

४१. **कृषि वन प्रणालीको विकासः** (१) नगरपालिकाले किसानलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुने गरी कृषि वन प्रणालीको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषि वनबाट उत्पादित पैदावारमध्ये सुचिकृत भएका पैदावारलाई तोकिएको शुल्क तिरी वनसम्बन्धी प्रचलित कानुन बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारलाई कृषि वस्तु सरह मानी विना अनुमति ओसारपसार बिक्रि वितरण गर्न पाइनेछ।

(३) नगरपालिकाले कृषि वनको विकासका लागि विभिन्न स्थानमा नर्सरी स्थापना गर्न कृषक समूहलाई अवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) नगरपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुईं तथा डाले घाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

४२. **चरीचरण क्षेत्रको निर्धारणः** पशुपन्छीको विकास र जैविक खेति प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजिनक जग्गा, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरणका लागि उपयोगमा ल्याउन नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

४३. **छाडा गाईवस्तुको व्यस्थापन** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईवस्तुको व्यस्थापनका लागि सम्बन्धित पशुपालक किसान, बन समितिको सहयोग र समन्वयमा लगत संकलन गरी संकेतपट्टा लगाई गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको व्यवस्थापन गर्न पर्नेछ।

(२) कुनै संस्था, समूह र व्यक्तिले छाडा गाईवस्तुको नियन्त्रण तथा व्यस्थापनका लागि गौसाला र कान्जी हाउसको व्यवस्थापन गर्न चाहेमा नगरपालिकाले उक्त कार्यका लागि बिशेष अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत तिर्नुपर्ने क्षतिपूर्ति रकम र सो सम्बन्धी प्रक्रिया कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

४४. **हानीकारक वन्यजन्तुको व्यवस्थापनः** (१) नगरपालिकाले वनमा पानी पोखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको सरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्नेछ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउनका लागि नगरपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्न सक्नेछ।

## परिच्छेद -१०

## विविध

४५. **अन्तर निकाय समन्वयः** (१) नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम बीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रियाका सबै चरणमा सबै निकाय र सरोकारवाला बीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

४६. **कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी कृषकको वर्गीकरण र कृषक परिचय पत्रको आधारमा किसान सञ्चित कोष वा अन्य उपयुक्त कोषको माध्यमबाट कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषक पेन्सन कार्यक्रम सञ्चालनका लागि कृषक छनौट, सहयोगको स्वरुप र विधि लगायतका अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।

४७. **कृषि वा कृषक पुरस्कारः** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ र उक्त

समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नु पर्नेछ।

४८. **दण्ड सजायः** देहायबमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथ तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानुनमा तोकिएबमोजिम हुनेछः

(क) कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचित नभएका र लेबल नभएका बीउ बीजन बिक्रि वितरण गरी किसानलाई हानी नोक्सानी पु-याउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी बिक्रि वितरण गर्ने,

(घ) किसानलाई आपूर्ति गर्नु पर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृत्रिम अभाव खडा गरी कालो बजारी गर्ने,

(ङ) कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने,

(च) गुणस्तरहिन कृषि सामग्री आपूर्ति गर्ने।

४९. **अधिकार प्रत्यायोजन गर्न सकिनेः** यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समितिलाई प्रत्यायोजन गर्न सकिनेछ।

५०. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछः।

५१. **वाधा अड्काउ फुकाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी गर्नु पर्नेछ।

**५२.** **खारेजी तथा बचाउः** (१) यस नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित कृषि व्यवसाय प्रवर्धन ऐन, २०७५ यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## कमलबजार नगरपालिका

## खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२

**प्रस्तावना:** नगरपालिका क्षेत्रका पानीका मुहानहरुको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गरी नगरपालिका बासी नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी उपभोग गराउन र सरसफाइ तथा स्वच्छताको उचित व्यवस्थापन गर्ने सम्बन्धमा कानुनी ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन कमलबजार नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा १५ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा

सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले कमलबजार नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ।

(ज) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनु पर्छ।

(झ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कमलबजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ट) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्यौगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट र नगरपालिकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ।

(ठ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन, मानव मलमूत्रीय फोहोर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ।

(ड) "समन्वय समिति" भन्नाले दफा ७ बमोजिमको नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ।

(ढ) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ।

(ण) "सुरक्षित खानेपानी" भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र सो शब्दले हालको अवस्थामा धमिलोपना, मानव स्वास्थ्य संग सम्बन्धित आर्सेनिक तथा अन्य हानिकारक प्रदुषणको सघन सिमा मापदण्ड भित्र रहेको र इकोलि नभएको वा वितरण प्रणालीको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ।

(त) "सामाजिक व्यवहार परिवर्तन" भन्नाले पानीको उत्पादनशील र बहु उपयोग, जल सुरक्षा, प्रदुषण न्यूनीकरण, स्वच्छता तथा जलस्रोत व्यवस्थापनका साथै आयोजनाको दिगोपनाका लागि आवश्यक व्यक्तिगत, घरधुरी र समुदायले अवलम्बन गर्नुपर्ने सामान्य हितकर व्यवहार सम्झनु पर्छ।

(थ) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी

तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(द) "सङ्गठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति वा निकाय समेतलाई जनाउँछ।

(ध) "हानिकारक फोहोरमैला" भन्नाले वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छताको अधिकार र कर्तव्य

३. **स्वच्छ खानेपानी तथा सरसफाइको अधिकार**: (१) यस नगरपालिका बासीको नियमित रुपमा स्वच्छ, गुणस्तरीय, प्रर्याप्त, सुलभ, सहज तथा

भेदभाव रहित रुपमा खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

४. **<u>पानीको स्रोत सदुपयोग र विकासको अधिकार:</u>** (१) संघीय ऐन तथा प्रचलित कानुनको अधीनमा रहि पानीका स्रोतको सदुपयोग र विकास गर्ने अधिकार नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै व्यक्ति तथा समुदाय, विद्यालय, अस्पताल मठमन्दिर धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नभए सम्म उक्त स्रोतको सदुपयोग गर्ने हक सम्बन्धित व्यक्ति, समुदाय, खानेपानी उपभोक्ता संस्था, र सामाजिक संस्थामा सुरक्षित रहनेछ।

(३) पानीको स्रोतको सदुपयोग गर्न नगरपालिकाले जल उपयोग गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ।

५. **<u>पानीको स्रोत तथा मुहानको संरक्षण:</u>** (१) पानीका स्रोत तथा मुहानको संरक्षणका लागि नगरपालिकाले देहायका कार्यहरू र स्थानीय आवश्यकताको आधारमा थप कार्यहरूको पहिचान गरी विशेष योजना बनाई कार्यान्वयन गर्नेछ।

(क) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त

उपाय अवलम्बन गर्ने र नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र दिगो उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, वहाव क्षेत्र, वहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(ङ) खानेपानीको मूहान, वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(च) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहोरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहोरमैला बिसर्जन, निष्कासन वा फ्याँक्ने कार्य वा क्रियापलाप नगर्ने,

(छ) सडक निर्माण लगायत भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा वातावरणीय अध्ययन गरी खानेपानी वा

पानीको स्रोतमा कुनै किसिमको नकारात्मक असर नआउने गरी गर्ने,

(ज) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले कुनै क्षेत्रलाई मुहान संरक्षण तथा जलाधार क्षेत्र घोषणा गरी सो क्षेत्रको संरक्षण र विकास गर्न सक्नेछ।

६. **नगरपालिका बासीको कर्तव्य**: पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु तथा दिगोरुपले उपयोग गर्नु र यो ऐन तथा ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, कार्यबिधि तथा आदेशको पालना गर्नु नागरिकको कर्तव्य हुनेछ।

## परिच्छेद ३

## संस्थागत संरचनाहरु

७. **नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति**: (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न नगरपालिकामा देहायबमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछः-

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) कार्यपालिका सदस्यहरू सबै -सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(च) नगरपालिका भित्रका बिद्यालयबाट एक जना महिला र एकजना पुरुष गरी दुई जना शिक्षक -सदस्य

(छ) नगरपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविका मध्ये एक जना -सदस्य

(ज) नगरपालिका स्तरीय वाल क्लवको प्रतिनिधि एक जना -सदस्य

(झ) अपांगता भएका व्यक्तिहरूबाट एक जना -सदस्य

(ञ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख एक जना सदस्य -सदस्य

(ट) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ठ) नगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा प्रमुख –सदस्य - सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(३) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

८. **<u>नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तब्य र अधिकार</u>**: स्थानीय तह स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता कायम गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) नगरपालिकाका लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरूको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयनमा योगदान तथा सहयोग गर्ने,

(छ) खानेपानी गुणस्तर मापनको आवश्यक व्यवस्थान गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने।

९. **<u>खानेपानी सरसफाइ तथा स्वच्छता शाखा वा एकाइः</u>** (१) यस ऐन तथा ऐन अन्तरगत बनेका नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र योजनाको कार्यान्वयन गर्न नगरपालिकामा एक खानेपानी सरसफाइ तथा स्वच्छता एकाई वा शाखा रहनेछ।

(२) उपदफा (१) बमोजिम शाखा वा एकाईको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ।

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रमहरूको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने।

(ख) खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा सहजिकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू गठन, दर्ता तथा नवीकरण सम्बन्धी कार्य गर्ने,

(घ) खानेपानी सरसफाइ स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ङ) खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य

अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने, र

(च) शाखा वा एकाईको अन्य जिम्मेवारी कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

१०. **<u>वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:</u>** नगरपालिकाले वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधिको कार्यान्वयन र समन्वय गर्न देहायबमोजिमको वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) सबै वडा सदस्य -सदस्य

(ग) वडा स्तरको स्वास्थ्य संस्था प्रमुख -सदस्य

(घ) महिला स्वास्थ्य स्वयम सेविकाहरु मध्येबाट एक जना -सदस्य

(ङ) वडाको उच्चतम् बिद्यालयको प्रधानाध्यापक- सदस्य

(च) वडामा कार्यरत खानेपानी उपभोक्ता समितिहरु मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

(छ) वडा अध्यक्षले मनोनित गरेका खानेपानी तथा सरसफाइ क्षेत्रमा योगदान गर्न सक्ने कम्तिमा एक जना महिला सहित तीन जना- सदस्य

(ज) वडा स्तरीय बाल क्लव प्रमुख एक जना - सदस्य

**११.** **<u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन</u>**: (१) सामूहिक लाभका लागि संस्थागत रूपमा खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन गर्न चाहने व्यक्तिहरूले कम्तीमा ७ र बढीमा ११ जना नबढ्ने गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समितिको कार्य समितिको मुख्य दुई पदमा महिलाको सहभागिता सहित ५० प्रतिसत लैङ्गिक समानता तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा अपागंता भएका व्यक्ति, दलित वा आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग समुदाय र युवा समुदायको सहभागिता सुनिश्चित हुनुपर्नेछ।

**१२.** **<u>उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u>**: (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

## परिच्छेद ४

## <u>दर्ता र अनुमति सम्बन्धी व्यवस्था</u>

**१३.** **<u>खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको दर्ता</u>**: (१) दफा ११ बमोजिम गठन भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई

नगरपालिकामा तोकिएको अधिकारी समक्ष तोकिएबमोजिम दर्ता गराउनु पर्नेछ।

(२) यो ऐन लागू हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा अन्य निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित संघीय र प्रदेश कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरूले यो ऐन लागू भए पश्चात् नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु पर्नेछ र यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन।

(३) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी व्यवस्था सम्बन्धित उपभोक्ता समितिको विधान र कार्यपालिकाले तोकिएबमोजिम हुनेछ।

१४. **खानेपानीको स्रोत दर्ता गर्नु पर्ने:** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ता संस्थाले नगरपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ।

(३) मुहानको स्वामित्व सम्बन्धी विवाद संघीय कानुन बमोजिम हुनेछ।

१५. **<u>अनुमतिपत्र लिनु पर्ने:</u>** (१) नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

१६. **<u>अनुमतिपत्र खारेज गर्न सकिने:</u>** (१) नगरपालिकाले दफा १५ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ र सोको पालना नगरेमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद ५

## <u>खानेपानी सेवाको व्यवस्थापन</u>

१७. **<u>खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन:</u>** (१) नगरपालिकाले खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्न सक्नेछ।

(२) नगरपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा सम्भव भए सम्म एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ।

(३) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ।

१८. **खानेपानी आयोजना र संरचनाको हस्तान्तरणः** (१) नगरपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र कुनै पनि नियकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि सङ्गठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त सङ्गठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरू पनि नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकामा हस्तान्तरण भएका आयोजनाहरू दफा १७ बमोजिम सञ्चालन र व्यवस्थापन गरिनेछ।

१९. **गुणस्तर मापदण्ड तोक्न सक्ने**: (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन पालना गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी

नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

२०. **गुणस्तर कायम गर्नु पर्ने**: (१) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले दफा १९ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ।

(२) नगरपालिकाले दफा १९ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परीक्षणको व्यवस्था गर्नु पर्नेछ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले पानीको स्वच्छता कायम राख्न पानी सुरक्षा सम्बन्धी योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(४) नगरपालिका, उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी सुद्धिकरणका घरेलु विधि सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२१. **नीजि तथा सार्वजनिक जग्गामा पाईप लाईन तथा संरचनाको निर्माण**: (१) संघीय ऐनको दफा २५ बमोजिम नीजि तथा सार्वजनिक जग्गामा पाइप लाइन तथा संरचनाको निर्माण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिमा विवाद भएमा सम्बन्धित वडा कार्यालयले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) जग्गा प्राप्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण**: (१) अनुमति प्राप्त संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको

महसुल नगरपालिकाले तोकेको मापदण्डको अधीनमा रहि सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको वृहत हित, उपभोक्ताको क्रयशक्तिलाई आधार मान्नु पर्नेछ।

(३) अनुमति प्राप्त संस्थाले यस दफा बमोजिम निर्धारण गरिएको महसुल नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२३. **मर्मत संभार कार्यकर्ताको व्यवस्था**: (१) हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमत मर्मत सम्भारका लागि कम्तीमा एक जना मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गरी नगरपालिकालाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यकर्ताको आवश्यक क्षमता विकास गरी नगरपालिकाले मर्मत सम्भार कार्यकर्ता सूचीकरण प्रमाणपत्र दिनेछ।

## परिच्छेद ६

## फोहरमैला व्यवस्थापन

२४. **फोहोरमैला व्यवस्थापन गर्ने दायित्व**: (१) नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरी दिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरी दिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(४) यस दफा बमोजिमको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्नेछ।

२५. **<u>मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्वः</u>** (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) कसैले पनि नगरपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्याङ्कीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यवसायिक वा व्यापारिक रुपमा सेवा प्रदान गर्न हुदैन।

(३) नगरपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्याङ्कीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक संकलन वा ढुवानी सम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

२६. **ढल निकास सेवा सञ्चालन**: यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निष्किएको फोहोर पानीको व्यवस्थापनका लागि नगरपालिका र अनुमतिपत्र प्राप्त संस्थाले ढल निकासको व्यवस्थापन गर्नु पर्नेछ।

## परिच्छेद ७

## सरसफाइ तथा स्वच्छता

२७. **शौचालय बनाउनु पर्ने**: (१) नगरपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, बिद्यालय, व्यवसाय संचालकले अनिवार्य शौचालय बनाउनु पर्नेछ।

(२) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले शौचालयको व्यवस्था गर्नु पर्नेछ।

(३) नगरपालिकाले कार्यालय तथा बिद्यालयको शौचालय र सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको मापदण्ड र कार्यविधि बनाई लागू गर्नेछ।

(४) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न परिवारका लागि नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ।

२८. **महिनावारी स्वच्छता कायम गर्ने:** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य स्यानिटरी प्याड विसर्जन ट्याङ्की सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ।

(३) विद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि स्यानिटरी प्याडको व्यवस्थापन गर्नु पर्नेछ।

२९. **खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने**: नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ।

## परिच्छेद ८

## कोष सम्बन्धी

३०. **खानेपानी सरसफाइ तथा स्वच्छता कोष**: (१) खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि नगरपालिका स्तरमा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम

(ङ) यस ऐनको उल्लङ्घनमा भएको दण्ड जरिवाना वापत प्राप्त रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३१. **<u>मर्मत संभार कोषको व्यवस्थापन</u>:** (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ९

## <u>कसूर तथा सजाय</u>

३२. **<u>कसूर र सजाय</u>**: कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति गर्ने,

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा, र

(ग) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम गर्नु पर्ने काम काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ।

(क) उपदफा (१) (क) बमोजिमको कसूर गरेमा रु पाँच हजार जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ।

(ख) उपदफा (१) (ख), (ग) बमोजिमको कसूर गरेमा क्षति भएको संरचना बराबरको क्षतिपुर्ति सहित रु पाँचहजार देखि दश हजार सम्म जरिवाना गरिनेछ।

३३. **प्रचलित कानुन बमोजिम सजाय हुने**: संघीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२, फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको रुपमा निर्धारण गरेका कसुर गरेमा सोही कानुन बमोजिम सजाय हुनेछ।

३४. **क्षतिपुर्ति भराई दिन सक्ने**: कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपुर्ति बापत भराइ दिन सक्नेछ।

३५. **अनुसन्धान अधिकारी:** यस ऐन अन्तरगत कुनै कसूर भएको उजुरी प्राप्त भएमा नगरपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रुपमा तोकी अनुसन्धान गराउन सक्नेछ।

३६. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी**: यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

३७. **पुनरावेदन दिन सकिने**: दफा ३२ गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-१०

## विविध

३८. **भूमिगत पानीको उपयोग र संरक्षण गर्ने**: नगरपालिकाले नेपाल सरकारले बनाएको भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्डको अधिमा रहि भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

३९. **पुरस्कार सम्बन्धी व्यवस्था**: खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

४०. **निर्देशन दिन सक्ने**: नगरपालिकाले उपभोक्ता संस्था, अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी, तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४१. **अधिकार प्रत्यायोजन**: नगर प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उप प्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन्।

४२. **नियम बनाउन सक्ने**: नगरपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

४३. **निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ।

४४. **बचाउ**: यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

## कमलबजार नगरपालिका

## <u>जनस्वास्थ्य ऐन, २०८२</u>

**<u>प्रस्तावनाः</u>** नागरिकको स्वस्थ जीवनयापन गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न तथा नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित, प्रभावकारी र जनमुखी बनाउन स्थानीय तहलाई प्राप्त जनस्वास्थ्य सम्बन्धी स्वास्थ्य संस्था स्थापना, सञ्चालन, व्यवस्थापन, इजाजत र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउँदै स्वास्थ्य, पोषण र सरसफाइसँग सम्बन्धित अधिकाररुको एकीकृत रुपमा व्यवस्थापन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगरसभाले यो ऐन जारी गरेको छ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम कमलबजार नगरपालिका **"जनस्वास्थ्य ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा १८ बमोजिमको अनुगमन तथा गुणस्तर समितिलाई सम्झनुपर्छ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा

सम्झनुपर्छ। र सो सब्दले दफा ३ बमोजिम नगरपालिकाले थप गरेका आधारभूत स्वास्थ्य सेवालाई समेत जनाउनेछ।

(ग) "ऐन" भन्नाले कमलबजार नगरपालिकाको जनस्वास्थ्य ऐन, २०८२ लाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले कमलबजार नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "गैह सरकारी वा नीजि स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति लिई गैरसरकारी वा नीजि वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ। र सो शब्दले सामुदायिक वा गुठी वा ट्रष्टमार्फत संचालित गैरनाफामूलक स्वास्थ्य संस्थालाई समेत जनाउने छ।

(च) "जनस्वास्थ्य निरीक्षक" भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानुन बमोजिमको योग्यता पुगेको दफा १९ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ।

(छ) "जनस्वास्थ्य सेवा ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ज) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कमलबजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ट) "बोर्ड" भन्नाले दफा ६ बमोजिम गठित स्थानीय जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ८ बमोजिमका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(ड) "सरकारी स्वास्थ्य संस्था" भन्नाले कमलबजार नगरपालिका क्षेत्रभित्र नगरपालिका, प्रदेश सरकार र नेपाल सरकारले सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले कानुन बमोजिम स्थापना भएका स्वसाशित संगठित संस्था मातहतमा संचालित प्रतिष्ठान र शिक्षण अस्पताललाई समेत जनाउनेछ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ण) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत

चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने कानुन बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(त) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा नीजि वा सहकारी वा गैर नाफामूलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउने छ।

(थ) "शाखा" भन्नाले कमलबजार नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कामकाज गर्न गराउनको लागि तोकेको दफा ५ बमोजिमको जनस्वास्थ्य शाखा सम्झनुपर्छ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) नेपाल सरकारले निर्धारण गरेका जनस्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेखित देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी

सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गरी निःशूल्क उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (२) र (३) का साथै स्थानीय आवश्यकता र अवस्था अनुसार निश्चित वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई नगरपालिकाले कुनै स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सक्नेछ

(५) उपदफा (३) र (४) बमोजिमका सेवाको स्रोत व्यवस्थापन नगरपालिकाले गर्नुपर्नेछ।

(६) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह

सम्बन्धी व्यवस्था र प्रक्रिया बमोजिम आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

(७)आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार, र नगरपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

(३) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले सहकारी, सामुदायिक, नीजि वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

५. **शाखा सम्बन्धी व्यवस्थाः** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नको लागि नगरपालिकामा एक जनस्वास्थ्य शाखा हुनेछ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ।

## परिच्छेद-३

## स्थानीय जनस्वास्थ्य बोर्ड

६. **स्थानीय जनस्वास्थ्य बोर्डः** (१) नगरपालिकाले स्वास्थ्य क्षेत्रको समग्र नीति, रणनीति तर्जुमा, योजना निमार्ण, समन्वय तथा कार्यन्वयन गर्न गराउन देहाय बमोजिमको जनस्वास्थ्य बोर्ड गठन गर्नेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये बोर्डले मनोनित गरेका एक जना - सदस्य

(च) कार्यपालिका सदस्यहरु मध्येवाट नगर प्रमुखले तोकेको एक महिला सहित दुई जना -सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगर प्रमुखले तोकेको एक जना -सदस्य

(ज) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र नर्स मध्ये नगर प्रमुखले तोकेको एक-एक जना -सदस्य

(झ) स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ मध्ये बोर्डले मनोनित गरेका कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(ञ) स्वास्थ्य क्षेत्रमा कार्यरत नीजि वा गैह्रसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी समितिले तोकेको एक जना - सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) राष्ट्रिय र प्रादेशिक स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(घ) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(ङ) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने,

(च) दफा ८ बमोजिमका व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि सिफारिस गर्ने।

(छ) दफा व्यवस्थापन पदाधिकारी ८ बमोजिमका समितिका तथा सदस्यहरूले यस ऐन बमोजिम आफ्नो जिम्मेवारी पुरा नगरेमा निजलाई हटाउनका समितिबाट लागि कार्यपालिकालाई सिफारिस गर्ने।

(ज) स्थानीय स्वास्थ्य नीति, योजना तर्जुमा गर्ने, नगरपालिकाको लक्ष्य निर्धारण गर्ने, निर्धारित लक्ष्य अनुरुप काम भए नभएको अनुगमन मुल्याङकन गर्ने र आवश्यकता निर्देशन दिने। अनुसार

(झ) नगरपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

(३) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

(४) बोर्ड सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

७. **स्वास्थ्य संस्था संचालनः** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालन गर्न सक्नेछ।

(क) अस्पताल
(ख) प्राथमिक स्वास्थ्य केन्द्र
(ग) स्वास्थ्य चौकी
(घ) फार्मेसी
(ङ) स्वास्थ्य क्लिनिक
(च) आयुर्वेद क्लिनिक
(छ) रक्त संचार केन्द्र
(ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(झ) सामुदायिक स्वास्थ्य इकाई
(ञ) प्रयोगशाला
(ट) जनस्वास्थ्य परामर्श केन्द्र
(ठ) खोप केन्द्र नगरघर क्लिनिक
(ड) नगरपालिकाले तोके बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले जनसंख्या, भुगोल र लाभान्वित वर्गको अनुपातमा आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र

नगरपालिकामा कम्तिमा एक अस्पताल रहने गरी स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा सञ्चालन गर्न स्वास्थ्य सेवालाई एकीकृत रुपमा सञ्चालन गर्न सक्नेछ।

(५) नगरपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(७) प्रचलित मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो स्वामित्वमा संचालित स्वास्थ्य संस्थामार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम विशेषज्ञ सेवा सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्न सक्नेछ।

(९) नगरपालिकाभित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधीहरु उपलब्ध गराउनु पर्नेछ।

८. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनः** (१) नगरपालिकाको स्वामित्वमा सञ्चालन भएका अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ।

(क) नगर प्रमुख -संरक्षक

(ख) नगरपालिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येबाट जनस्वास्थ्य बोर्डको सिफारिसमा कार्यपालिकाले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ग) नगरपलिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति -उपाध्यक्ष

(घ) सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि -सदस्य

(ङ) अस्पताल रहेको वडाको अध्यक्ष -सदस्य

(च) कार्यपालिका महिला सदस्य मध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना -सदस्य

(छ) सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा क्रियाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(ज) महिला स्वयंसेविका मध्येवाट कार्यपालिकाले तोकेको एक जना -सदस्य

(झ) अस्पतालको पारामेडिक्स/नर्सिङ इन्चार्ज -सदस्य

(ञ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा उक्त क्षेत्रमा कृयाशिल प्रतिनिधि -सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ठ) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट -सदस्य सचिव

(२) उपदफा (१) बाहेकका नगरपालिकाको स्वामित्व रहेका सरकारी स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ;-

(क) नगर प्रमुख-संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष -अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य एक जना -उपाध्यक्ष

(घ) निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - सदस्य

(ङ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा सचिव - सदस्य

(च) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख मध्येबाट एक जना - सदस्य

(छ) स्थानीय ब्यापार संघको प्रतिनिधि- सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेका एक जना - सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

तर, एउटै वडामा एक भन्दा धेरै स्वास्थ्य संस्था भएको अवस्थामा पनि यसै बमोजिम समिति गठन गरिनेछ।

(३) समितिले दलित, जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी मध्येबाट एक-एक जना व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

९. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) **सेवा सुनिश्चितता र गुणस्तरः** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका मापदण्डअनुसार गुणस्तरीय, प्रभावकारी र दीगो स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) **समावेशी पहुँचः** वञ्चित समुदाय, अल्पसंख्यक, आदिवासी, ज्येष्ठ नागरिक, अपांगता भएका, महिला र किशोर समूहलाई लक्षित गरी सेवाको पहुँच विस्तार गर्ने,

(ग) **स्रोत व्यवस्थापनः** स्वास्थ्य संस्थाको सञ्चालन र व्यवस्थापनका लागि स्रोत साधन जुटाउने र वार्षिक बजेट/कार्यक्रम तयार गर्ने,

(घ) **सेवा अनुगमन र समीक्षाः** प्रवाह भएका सेवाको नियमित अनुगमन, समीक्षा र गुणस्तर अभिवृद्धिका लागि आवश्यक निर्णय गर्ने,

(ङ) **संघीय तथा प्रदेशिक कार्यक्रम कार्यान्वयनः** स्वास्थ्य बीमा, खोप, मातृशिशु सुरक्षा लगायतका कार्यक्रम कार्यान्वयनमा प्रवन्ध मिलाउने,

(च) **सहुलियत सेवा व्यवस्थापनः** अति विपन्न, असहाय र अपांगता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियत सेवा प्रदानको व्यवस्था गर्ने,

(छ) **जनशक्ति तथा वातावरणः** स्वास्थ्यकर्मीहरूको क्षमता र वृत्ति

विकास, प्रोत्साहन, सुरक्षित तथा मैत्रीपूर्ण कार्य वातावरण सृजना गर्ने,

(ज) **सम्पत्ति र पूर्वाधार व्यवस्थापनः** सम्पत्तिको तथ्यांक अद्यावधिक, संरक्षण, मर्मत र स्व-मूल्यांकनका आधारमा स्रोत परिचालनमा सहयोग गर्ने।

(झ) **डाटा तथा सूचना व्यवस्थापनः** स्वास्थ्य तथ्यांक संकलन, विश्लेषण, प्रयोग र रिपोर्टिङ सुनिश्चित गर्ने,

(ञ) **योजना, अनुगमन र प्रतिवेदनः** तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने,

(ट) **सुशासन र सामाजिक जवाफदेहिताः** जनसहभागिता, पारदर्शिता र सेवा उपयोगकर्ता मैत्री स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने,

(ठ) **समन्वय र सहकार्यः**नगरपालिका, स्वास्थ्य शाखा र समितिसँग समन्वय गरी विद्युतीय प्रणाली लगायतका कार्यक्रम कार्यान्वयन गर्ने,

(ड) **निर्णय कार्यान्वयन अनुगमनः** अघिल्लो निर्णयको कार्यान्वयन स्थिति पुनरावलोकन गर्ने र समस्याको समाधानमा पहल गर्ने,

(ढ) **संवैधानिक तथा कानुनी दायित्वको पालनाः** संविधान र स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा व्यवस्थापन गर्ने, र

(ण) **अन्य कार्यहरूः** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका निर्देशानुसार अन्य स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्ने।

१०. **पदाधिकारीहरुको पदावधिः** (१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वतः समाप्त हुनेछ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन।

तर, पदेनको हकमा यो प्रावधान लागु हुने छैन।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जिम्मेवारी पुरा नगर्ने समिति पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले निश्चित समय दिई बोर्डको सिफारिसमा समितिबाट हटाउन सक्नेछ।

११. **पदावधि रिक्त हुनेः** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग लागेमा, र

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

१२. **व्यवस्थापन समितिको कोषः** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपादफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ।

(क) नगरपालिकाबाट प्राप्त रकम।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम।

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम।

(ज) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१३. **कोष तथा लेखा संचालनः** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राखे जिम्मा सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको हुनेछ।

(२) स्वास्थ्य संस्थाको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ।

(४) खाता सञ्चालन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतमा हुनेछ।

(५) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(६) स्वास्थ्य संस्थाको आम्दनी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लागयतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ।

१४. **लेखा परीक्षणः** (१) व्यवस्थापन समितिले तोकिए बमोजिम आय व्ययको आन्तिरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(२) आन्तिरिक लेखा परीक्षण मान्यता प्राप्त लेखा परिक्षक मध्येवाट समितिले तोकेको लेखा परिक्षकले गर्नेछ।

(३) अन्तिम लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षकवाट हुनेछ।

## परिच्छेद- ५

## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

१५. **स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र लिनुपर्नेः** (१) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्डका साथै नगरपालिकाले तोकेको प्रक्रिया पुरा गरी नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका नीजि, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामूलक संस्थालाई

स्वास्थ्य संस्था सञ्चालनको लागि इजाजतपत्र दिने र नविकरण गर्न सक्नेछ;

(क) पन्ध्र शैयासम्मको अस्पताल,

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तैः प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू,

(ङ) जेरियाट्रिक परामर्श केन्द्र,

(च) प्रयोगशाला (डी र ई वर्गको),

(छ) आरोग्य केन्द्र,

(ज) विद्यालय स्वास्थ्य परामर्श केन्द्र,

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा, र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा।

तर, औषधी पसल सञ्चालनका लागि सम्बन्धित नियामक निकायबाट सिफारिस लिनुपर्नेछ।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा नीजि स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था सञ्चालन वा सेवा उपलब्ध गराउन पाउने छैन।

(३) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित नीजि वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि

नगरपालिकाले तोकेको प्रक्रिया बमोजिम यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न नगरपालिकाकाले तोके बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानुन बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई नगरपालिकालाई सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा नगरपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा सञ्चालन इजाजतपत्र दिन सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराउनुपर्नेछ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानुन बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधि दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अनुरुप नगरपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानुन बमोजिम हुनेछ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन।

तर, प्रचलित कानुन बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ।

(१३) स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र र नविकरण सम्बन्धमा भएको प्रगति प्रतिवेदन शाखाले प्रत्येक महिना कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(१४) स्वास्थ्य संस्था सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **दर्ता सिफारिस लिनुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई सञ्चालन हुने नीजि तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा सञ्चालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने नीजि तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद-६

## अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१७. **गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्नेः** (१) स्वास्थ्य संस्थाले गुणस्तर र पूर्वाधार मापदण्ड पुरा गर्नुपर्नेछ।

(२) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले मापदण्ड नबनाउने बेलासम्म प्रचलित कानुन बमोजिमको मापदण्ड अनुसार हुनेछ।

(४) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

१८. **अनुगमन समितिः** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारवाही गर्न नगरपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ।

(क) नगरपालिका उपप्रमुख -संयोजक

(ख) अस्पतालका मेसु र नर्सिङ प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(घ) स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि एक जना -सदस्य

(ङ) सुरक्षा निकायका प्रमुख वा प्रतिनिध -सदस्य

(च) नगरपालिका जन स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन समितिले दफा १५ बमोजिम संचलान अनुमति लिई नगरपालिका क्षेत्रभित्र इजाजतपत्र लिएका र नगरपालिकाले आफैं सञ्चालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अबस्थामा समितिले प्रादेशिक

स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्ला स्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ।

(४) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक टानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा विज्ञ आवश्यक भएमा सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ।

(६) अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ।

(७) निरीक्षण तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(८) स्वास्थ्य संस्थाको इजाजत र नविकरणका प्रयोजनका लागि पुर्वाधार तथा गुणस्तर अनुगमन र निरीक्षण गर्न अनुगमन समिति अन्तर्गत आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(९) अनुगमन समिति र उपसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) अनुगमन समितिले प्रत्येक महिना कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(११) समितिको बैठक तथा अन्य व्यबस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **निरीक्षक तोक्न सक्नेः** (१) स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरे वा नगरेको र सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा निरीक्षण र अनुगमन गर्न तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित

राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न अनुगमन समितिले स्वास्थ्यको कुनै कर्मचारीलाई निरीक्षक तोक्न सक्नेछ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानुन विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

(३) निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

२०. **सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगरपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सबै सेवाग्राहीले देखे स्थानमा राखुपर्नेछ।

## परिच्छेद - ७

## स्वास्थ्य जनशक्ति, पूर्वाधार र औषधी व्यवस्थापन

२१. **स्वास्थ्य जनशक्तिः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी - नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति,

(ख) करार - करार सेवामा भर्ना गरिएका जनशक्ति,

(ग) अभ्यासकर्ता - छात्रवृति प्राप्त गरि अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी, र

(घ) स्वास्थ्य अभियानकर्ता/महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका।

(२) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

२२. **पदको किसिमः** (१) नगरपालिकामा स्वास्थ्य सेवाका दरवन्दीहरू स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

२३. **पदपूर्तिः** (१) नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीहरू स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति हुनेछ।

(२) नगरपालिका अन्तर्गतका सरकारी स्वास्थ्य संस्थाले करारमा कर्मचारी भर्ना सम्बन्धी व्यवस्था नगरपालिकाले तोकिए बमोजिम हुनेछ।

२४. **सरुवा गर्न सक्नेः** (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई प्रचलित कानुनको अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ।

२५. **काजमा खटाउन सकिनेः** (१) नगरपालिका भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफू मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन।

२६. **<u>विशेष पदको सृजनाः</u>** (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सृजना गर्न सक्नेछ :-

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिना भन्दा लामो अवधिको तालिममा खटिएमा,

(ख) कुनै कर्मचारीले ३ महिना भन्दा बढी बिदा लिई बसेमा,

(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राखु पर्ने भएमा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतः खारेज भई कर्मचारी स्वतः अवकाश हुनेछ।

(४) यस दफा बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकामा विपद् वा जनस्वास्थ्य सम्बन्धि आपतकालिन अबस्था सिर्जना हुँदा वा यस ऐन बमोजिम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यपालिकाले अवस्था र आवश्यकता हेरी करारमा अतिरिक्त स्वास्थ्य जनशक्ति थप गर्न यो दफाले वाधा पुर्‍याउने छैन।

२७. **कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्त हुँदाका बखत कायम रहेको प्रचलित कानुन बमोजिम हुनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकाले स्थानीय स्रोत साधनको उपलब्धता र कार्यबोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप अतिरिक्त सुविधा उपलब्ध गराउन तथा जिम्मेवारी पुरा नगरेमा कानुन बमोजिम कारवाही यस ऐनले बाधा पुर्‍याउने छैन।

(४) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रक्रिया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ।

२८. **सेवा करार गर्न सकिनेः** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ति नभएसम्म प्रचलित कानुन र मापदण्ड अनुसार स्वीकृत दरवन्दीमा सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लागाउन सक्नेछ।

२९. **कार्यसम्पादन करार गर्नुपर्नेः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नेछ।

(२) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(३) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गरि राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

३०. **खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले बहुवार्षिक खरिद योजना बनाउन सक्नेछ।

(४) स्वास्थ्य संस्था प्रमुखले संस्थाको खरिद योजना नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

३१. **औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्बन्धी विस्तृत बिवरण सम्वन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ

(३) औषधी सम्बन्धी अन्य व्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ।

३२. **नगर फार्मेसी सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि छुटटै फार्मेसी सञ्चालन गर्न सक्नेछ।

(२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानुन बमोजिम हुनेछ।

३३. **स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गीकरण र प्रचलित स्वास्थ्य पूर्वाधार मापदण्ड बमोजिम नगरपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकुल नहुने गरी कार्यपालिकाले न्यूनतम पूर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण, विस्तार तथा मर्मतसम्भार गर्न सक्नेछ।

(४) नगरपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्यूनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, सार्वजनिक संघ संस्था र नीजि संस्थासंग समेत साझेदारी गर्न सक्नेछ।

३४. **स्वास्थ्य पूर्वाधार मर्मत संभार कोषः** (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि बजेट छुट्टाउन सक्नेछ।

(२) कोषको सञ्चालन सम्बन्धी प्रक्रिया नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद -८

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

३५. **आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ।

(३) आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई नगरपालिकाले थप प्रोत्साहनको ब्यवस्था गर्न सक्नेछ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **आपतकालिक स्वास्थ्य सेवाः** (१) नगरपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ

(२) नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन दूत प्रतिकार्य टोली तथा आपतकालिन चिकित्सकीय समूह परिचालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालिन चिकित्सकीय समूहको गठन, परिचालन तथा स्रोत व्यवस्थापन सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(५) नगरपालिकाले विपद व्यवस्थापन केन्द्र स्थापनका तथा सञ्चालन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम विपद व्यवस्थापन केन्द्र सञ्चालन गर्दा नजिकका अन्य स्थानीय तहसंग समेत संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछ।

३७. **संक्रामक रोगको व्यवस्थापनः** (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सोको जानकारी नगरपालिका र सम्बन्धित प्रादेशिक तथ संघीय निकायलाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी वा स्वास्थ्यसंस्थाको दायित्व र जिम्मेवारी हुनेछ।

(३) नगरपालिकाले प्रभाव क्षेत्र निर्क्यौल गरी रोगको रोकथाम र न्यूनिकरणका लागि आवश्यक सतर्कता अपनाउन,

जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) रोगको रोकथाम र नियन्त्रका लागि नगरपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि नगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायित्व हुनेछ।

३८. **जनस्वास्थ्य आपतकालः** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका अयक्षले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन-कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचारप्रसार गर्नु पर्नेछ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अबस्थामा नगरपालिकाले जुनसुकै वखत नीजि, गैरसरकारी सहकारी, गैर

नाफामूलक, सामुदायिक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, स्वास्थ्य संस्था सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, साधन स्रोत परिचालन गर्न र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) जनस्वास्थ्य आपतकाल घोषणा भएको अवस्थामा विद्यालय, सामुदायिक भवन, सार्वजनिक स्थान तथा आवश्यकता परेमा व्यक्तिले आफ्नो अवस्था अनुसार नीजि साधन, भवन, जग्गा समेत उपलब्ध गराउनु प्रत्येक नगरवासी, नीजि, गैरसरकारी, सहकारी सामुदायिक संघसंस्थाको दायीत्व हुनेछ। यसरी उपलव्ध भएका साधन स्रोतको संरक्षण गर्नु नगरपालिकाको जिम्मेवारी हुनेछ।

(७) आपतकालिन अवस्थामा नगरपालिकाले कुनै व्यक्ति वा संघ संस्थालाई स्वयंसेवामा परिचालन गर्न, गराउन सक्नेछ।

(८) नगरपालिकाले महामारी र आपतकालीन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

(९) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(१०) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

३९. **एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववहान सञ्चालन गर्ने संघ संस्थाले सञ्चालन अनुमतिका लागि नगरपालिकाको सिफारिस लिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन अनुमति पाएका एम्बुलेन्स तथा शववहानले वार्षिक रुपमा नगरपालिकामा दर्ता तथा वार्षिक नवीकरण गराउनुपर्नेछ।

(४) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववहान मापदण्ड अनुरूप भए नभएको अनुगमन दफा १८ बमोजिमको अनुगमन समितिले गर्नेछ।

(५) नगरपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(६) एम्बुलेन्स तथा शववाहन सञ्चालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ।

(७) महामारीमा शव व्यवस्थापनको लागि नगरपालिकाले निश्चित स्थान तोकी व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद- ९

## सेवाग्राहीको कर्तव्य, सेवा प्रदायकको दायित्व

४०. **सेवाग्राहीको कर्तव्यः** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

४१. **सेवा प्रदायकको दायित्वः** (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा प्रदान गर्दा र निजको स्वास्थ्यसम्बन्धी जानकारी लिंदा सेवाग्राहीको व्यक्तिगत गोपनीयताको सुनिश्चितता गराउनु सेवा प्रदायकको दायीत्व हुनेछ।

४२. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने:** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

४३. **गुनासो व्यवस्थापन:** (१) नगरपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले सबैले देखे ठाउँमा उजुरी पेटीका राखे र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **पेशागत सुरक्षा र कार्यमैत्री वातावरण:** स्वास्थ्य संस्थामा भय रहित रुपमा उपचार तथा सेवा प्रदान गर्न पेशागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ।

## परिच्छेद-१०

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

४५. **सरसफाई तथा स्वस्थ वातावरण:** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फयाँक्ने पाइने छैन। यसका लागि कार्यपालिकाले उपयुक्त प्रक्रिया र विधि निर्धारण गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड

अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा नगरपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ।

(५) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य निरीक्षकसँग हुनेछ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

४६. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा नीजि तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

४७. **जनस्वास्थ्य निरीक्षणः** (१) नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले संघ

तथा प्रदेशसंगको समन्वयमा जनस्वास्थ निरीक्षक परिचालन गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

४८. **<u>खाद्य तथा पानीको गुणस्तरः</u>** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) नगरपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ।

(५) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ।

(६) नगरपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधी वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा बिक्री वितरणका क्रममा

प्रचलित कानुन बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ।

४९. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) नगरपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको बिक्रि तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) सुर्ती तथा मदिराजन्य पदार्थ उपभोग र बिक्रि वितरणमा न्यूनिकरण तथा नियन्त्रण गर्न नगरपालिकाले निषेधित र बिक्रि वितरणका लागि खुल्ला क्षेत्र र समय तोक्न तथा उपभोगमा निश्चित सर्त बन्देज लगाउन सक्नेछ।

(४) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(५) अठार वर्ष मुनिका बालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न पाइने छैन।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायत नगरपालिकाले सूचना निकालेर तोकेका स्थान र सो वरपर जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्रि वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ। निषेधित क्षेत्रमा जंक फुडको बिक्रि, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**<u>स्पष्टिकरण:</u>** यस दफाको प्रयोजनका लागि **"जंक फुड"** भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ।

५०. **<u>जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधार:</u>** (१) नगरपालिका भित्र सार्वजनिक भवनहरु निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनु पर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने समेत पर्दछ।

(२) संघ, प्रदेश वा नगरपालिकाले तोकेका जोखिमपूर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन। यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाइ रहेको भएमा नगरपालिकाले प्रचलित संघीय कानुन अनुसार वैकल्पिक स्थान सहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(४) नगरपालिकाले कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्न सक्ने प्रभावको मूल्यांकन गर्नसक्नेछ। यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ।

५१. **जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरणः** (१) जनस्वास्थ्य मैत्री वस्तीविकास तथा शहरीकरण प्रबर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ। जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ। नगरपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रबर्द्धन गर्नेछ।

(२) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ।

## परिच्छेद-११

## प्रेषण, अभिलेखीकरण र स्वास्थ्य सूचना प्रणाली

५२. **प्रेषण तथा उपचार प्रणालीः** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) नगरपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न दोहोरो प्रेषण प्रणाली लागु गर्नेछ।

(४) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

(५) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **स्वास्थ्य संस्था सूचना प्रणालीः** (१) स्वास्थ्य संस्थावाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नेछ।

(२) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

(३) स्वास्थ्य संस्थाबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिने गरी राखु पर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

(५) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनेछ।

(६) स्वास्थ्य संस्थाभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल को व्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

(७) प्रहरी, दमकल, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखुपर्नेछ।

५४. **तथ्याङ्क संकलन र अभिलेखीकरणः** (१) नगरपालिकाले नगरपालिकाभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र

अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राखुपर्नेछ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) नगरपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

**५५.** **सर्वेक्षण गर्न सक्नेः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरुपको योजना तर्जुमा गर्न आवधिक रुपमा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

**५६.** **जानकारी पाउने हकः** विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ।

## परिच्छेद - १२

## साझेदारी र सहकार्य

**५७.** **साझेदारी र सहकार्य गर्न सक्नेः** (१) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, नीजि तथा गैरसरकारी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै

क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ।

५८. **सेवा खरिद सम्झौता गर्न सक्ने:** नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि नगरपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा आसपासमा पायक पर्ने स्थानमा संचालित सरकारी, गैरसरकारी तथा नीजि स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

५९. **विद्यालय स्वास्थ्य सेवा:** (१) नगरपालिकाले सरकारी तथा नीजि शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु नगरपालिकाले तोके बमोजिम हुनेछ।

६०. **घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानुन बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रक्रिया र मापदण्ड नगरपालिकाले तोकेबमोजिम हुनेछ।

६१. **विशेषज्ञ स्वास्थ्य सेवा:** (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा नगरपालिकाले प्रचलित मापदण्ड बमोजिम स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न नगरपालिकाले अन्य सरकारी तथा नीजि वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पुर्याउन दुर चिकित्सा, स्वास्थ्य शिविर, विद्युतीय स्वास्थ्य जस्ता प्रविधि तथा प्रक्रिया अबलम्बन गर्न सक्नेछ।

६२. **स्वास्थ्य वीमाः** (१) नगरपालिकाका सबै नागरिकलाई प्रचलित कानुन बमोजिम स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन नगरपालिकाले समन्वय र सहजीकरण गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य वीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ।

(४) नगरपालिकाले महिला, वालवालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि नगरपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ

(५) उपदफा (४) बमोजिमका विशेष कार्यक्रम निर्धारण गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

६३. **समन्वय र सहजिकरण गर्नेः** स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

## परिच्छेद-१३

## कसुर, जरिवाना र क्षतिपूर्ति

६४. **कसूर गरेको मानिनेः** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा १५ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४३ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा.

(ङ) दफा ४३ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ५० बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ५१ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

६५. **<u>सजाय तथा जरिवाना:</u>** (१) दफा ६६ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

(२) दफा ६६ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ),(ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा ६६ को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ।

६६. **<u>क्षतिपूर्ति दिनुपर्ने:</u>** (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत नगरपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको एकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

६७. **<u>पुनरावेदन दिन सक्ने:</u>** दफा ६७ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

६८. **<u>सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेः</u>** प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न नगरपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद- १४

## <u>विविध</u>

६९. **<u>अधिकार प्रयोग गर्न सक्नेः</u>** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

७०. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

७१. **<u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u>** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

७२. **<u>नियम बनाउन सक्नेः</u>** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

७३. **<u>मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः</u>** यस ऐन र ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

७४. **<u>खारेजी र बचाउः</u>** (१) कमलबजार नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ खारेज गरिएको छ।

(२) स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

## कमलबजार नगरपालिका

## जलस्रोत ऐन,२०८०

*(पहिलो संशोधन २०८२)*

**प्रस्तावनाः** कमलबजार नगरपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोग गर्न त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो जलस्रोत ऐन,२०८० जारी गरेको छ। ✦[1]

## परिच्छेद -एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम **"जलस्रोत ऐन २०८०"** रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन पश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अनुमति प्राप्त व्यक्ति" भन्नाले ऐनको दफा १३ वमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ।

(ख) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था वा समिति सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "जलस्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य

[1] *✦पहिलो संशोधन २०८२ द्वारा संशोधित*

जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "लाभदायक उपयोग" भन्नाले साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ।

## परिच्छेद -दुई

## जलस्रोतको संरक्षण, विकास र उपयोग सम्बन्धी व्यवस्था

३. **जलस्रोत संरक्षण र विकासः** प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानुन बमोजिम नगरपालिकाको जलस्रोतको संरक्षण र विकास गर्ने अधिकार नगरपालिकामा रहनेछ। ✦[2]

४. **जलस्रोत उपयोगः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

[2] ✦*पहिलो संशोधन २०८२ द्वारा संशोधित*

(घ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न,

(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

५. **जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई नगरपालिका जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहायबमोजिम गर्नुपर्नेछ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) तोकिएको ढाँचामा निवेदन,

(घ) आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

(४) नगरपालिका भित्र रहेका पुराना दर्ता भैसकेका उपभोक्ता संस्थाहरूको दर्ता तथा नवीकरण यसै ऐन मार्फत नियमन गरिनेछ।

६. **उपभोक्ता संस्था संगठित संस्था हुनेः** (१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ।

७. **जलस्रोत उपयोगको प्राथमिकताक्रमः** (१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ।

(क) खानेपानी र घरेलु उपयोग,
(ख) सिंचाइ
(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
(घ) जलविद्युत्त
(ङ) घरेलु उद्योग, औद्योगीक व्यवसाय तथा खानीजन्य उपयोग
(च) अन्य उपयोग,

(२) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकता क्रम दफा ४ उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्वन्धित सवैलाई मान्य हुनेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

८. **जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः** (१) नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै कुराले बाधा पुर्याएको मानिनेछैन।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्वन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि नगरपालिकाले स्वयम् लिई विकास गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोग गर्दा सम्वन्धित जग्गा भवन वा संरचना वापत नगरपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नगरपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगवाट भएको ह्रास कटाईको आधारमा निर्धारित गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि **"व्यापक सार्वजनिक उपयोग"** भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ।

९. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने:** (१) नगरपालिकाले कुनै जलस्रोत सम्वन्धी परियोजनाको निर्माण समाप्त भइसके पछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ।

१०. **जलस्रोत उपयोगको लागि करार गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ।

११. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने:** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफुले विकास गरेको

जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ।

(२) नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

१२. **सेवा रोक्न सक्ने:** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ।

## परिच्छेद -तीन

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१३. **अनुमतिपत्रको व्यवस्था:** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनपर्नेछ।

(२) उपभोक्ता संस्थाका लागि वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन प्रतिवेदन अबश्यक पर्नेछैन भने व्यक्ति वा संस्थाले व्यवशायिक प्रयेजनाका सो प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि जलस्रोतको सर्बेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन।

(४) उपदफा (१) बमोजिम परेको दरखास्तमा जाँचबुझ समितिले आवश्यक जाँचबुझ गरी प्रतिवेदन तयार गरी जलस्रोत समिति समक्ष पेश गर्नेछ।

(५) यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण

सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(६) उपदफा (१) र (५) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ।

(७) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(८) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

१४. **जलविद्युत्तको लागि जलस्रोतको उपयोगः** (१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युत्त उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) जलविद्युत्त उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धी अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछन।

१५. **अरुको घरजग्गामा प्रवेश गर्न सक्नेः** नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपुर्ति दिनुपर्नेछ।

तर, कुनै घरजग्गामा जलस्रोतको अनाधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाचँवुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पुर्व सूचना

विना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ।

१६. **<u>अरुको घर जग्गाको उपयोग वा प्राप्तिः</u>** (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(क) बाँध वा तटवन्ध वाँध्न,

(ख) नहर, कुलो वा सुरुङ खन्न,

(ग) जमिन मुनी वा माथि पानीको ट्याङ्की वनाउन वा पाइप लाइन विछ्याउन,

(घ) पोखरी वनाउन वा जलवितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकाससंग सम्वन्धित अरु आवश्यक निर्माण कार्य गर्न,

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचवुझ गरी प्रचलित कानुन वमोजिम संगठित संस्थालाई सो सरह अनुमतिपत्र प्राप्त व्यक्ति लाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ।

(३) नगरपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नगरपालिकाले निषेध गर्न सक्नेछ। त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी वापत नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ।

१७. **<u>अनुमतिपत्र खारेज गर्न सकिनेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा

तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

## परिच्छेद -चार

## गुणस्तर सम्बन्धी व्यवस्था

१८. **जलस्रोतको गुणस्तर कायम गर्ने:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको जलस्रोतको विभिन्न उपयोग सम्बन्धी गुणस्तर कायम हुने गरी नगरपालिकाले जलस्रोतको उपयोग गर्नु पर्नेछ।

१९. **जलस्रोतलाई प्रदुषित गर्न नहुने:** (१) नेपाल सरकारले तोकेको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले कुनै पनि किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन।

(२) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ।

२०. **वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने:** जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ।

## परिच्छेद -पाँच

## दण्ड सजाय

२१. **दण्ड सजायः** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लघंन गरेमा निजलाई तोकिएको अधिकारीले रु पाँच हजार देखि पचास हजार सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट हानि नोक्सानी रहेछ भने निजवाट त्यस्तै हानी नोक्सानी वापतको क्षतिपुर्ति भराइदिन सक्नेछ।

(२) कसैले यस ऐन वमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले रु पाँच हजार देखि रु पचास हजार सम्म जरिवाना र त्यस्तो काम वन्द गराउन सक्नेछ।

(३) यस ऐन वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोत वाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजवाट विगो असुल गरी निजलाई विगो वमोजिमको जरिवाना समेत गर्न सक्नेछ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान, वाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानिनोक्सानी पुर्याएमा वा त्यस्तो कुनै कामगरेको दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजवाट हानि नोक्सानीको विगो असुल गरी निजलाई प्रचलित कानुन वमोजिम जरिवाना वा सजाय वा दुवै हुन सक्नेछ।

२२. **पूनरावेदनः** दफा २१ वमोजिमको क्षतिपूर्ति वा सजायमा वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन गर्न सक्नेछ।[3]

[3] *पहिलो संशोधन, २०८२ द्वारा संशोधित*

## परिच्छेद -छ

## बिबिध

२३. **जलस्रोतको उपयोगसंग सम्वधित संरचनाको सुरक्षाः** (१) जलस्रोत उपयोगितासँग सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयम् व्यक्तिले आवश्यक ठानेमा नगरपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्नेछ।

२४. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियमहरू बनाउन सक्नेछ।[4]

२५. **खारेजी र बचाउः** यो ऐनका कुनै दफा उपदफा वा खण्ड प्रचलित संघीय तथा प्रादेशिक कानुनसँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछन् भने ऐन प्रारम्भ हुनु भन्दा अघिका कानुन बमोजिम गरिएका काम कारवाही यसै ऐन अनुसार भए गरेको मानिनेछ।

---

[4] *पहिलो संशोधन, २०८२ द्वारा संशोधित*

## कमलबजार नगरपालिका

## तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२

**प्रस्तावनाः** कमलबजार नगरपालिकाको समन्यायिक विकास र सम्बृद्धिका लागि आवश्यक नीति तथा योजना निर्माणलाई तथ्यसंगत बनाउन गुणस्तरीय तथ्यांकको व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ वमोजिम नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२"** रहकोछ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

(३) यो ऐन कमलबजार नगरपालिका भित्र मात्र लागु हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(ख) "तोकिए र तोकिएबमोजिम" भन्नाले यस ऐन बनेको नियमावली र कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

३. **सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेः** (१) नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रको आवश्यकता अनुसार सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेछ।

(२) नगरपालिकाले सूचना तथा तथ्याङ्क संकलन गर्नु अघि संकलन गर्नुको औचित्य र यसको प्रयोगको सम्बन्धमा सरोकारवालालाई आवश्यक परेमा प्रष्ट पार्नु पर्दछ।

४. **सूचना उपलब्ध गराउनु पर्नेः** नगरपालिकाले दफा ३ को उपदफा (२) बमोजिम औचित्य प्रष्ट पारी जुनसुकै व्यक्ति, फर्म, संस्था वा निकायमा सूचना तथा तथ्याङ्क माग गरेमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा निकायले उपलब्ध गराउनु पर्नेछ।

५. **सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेः** प्रचलित संघीय कानुन अनुसार गोप्य राख्नु पर्ने भनिएका सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेछ।

६. **पार्श्वचित्र र श्रोत नक्शा निर्माण गर्नेः** (१) नगरपालिकाको समग्र अवस्था झल्कने गरी नगरपालिका पार्श्वचित्र तथा श्रोत नक्शाको निर्माण गरिनेछ।

(२) पार्श्वचित्र र श्रोत नक्शालाई आवश्यकता अनुसार नियमित अद्यावधिक गरिनेछ।

(३) नगरको हरेक योजना निर्माण गर्दा नगर पार्श्वचित्र र श्रोत नक्शालाई आधार बनाइनेछ।

७. **सूचना तथा तथ्याङ्क प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गर्नुपर्नेः** (१) नगरपालिकाले संकलन गरेको प्राथमिक (आधारभूत घरधुरी सर्वेक्षणबाट प्राप्त) तथ्याङ्कहरु प्रयोग वा प्रकाशित गर्नु अघि कार्यपालिकाको बैठकबाट प्रमाणीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण नभई तथ्याङ्कहरु प्रयोगमा ल्याउनु हुदैन।

(३) द्वितियक (Secondary) माध्यमबाट संकलित सूचना तथा तथ्याङ्कहरुको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ।

(४) नगरपालिकाबाट प्रमाणित भएका वा प्रकाशित भएका सूचना तथा तथ्याङ्कहरु मात्र आधिकारिक हुनेछन्।

८. **स्रोत उल्लेख गर्नुपर्नेः** नगरपालिकाबाट प्राप्त सूचना, तथ्याङ्क तथा अभिलेख कुनै व्यक्ति, संघ-संस्था वा निकायले प्रयोग गर्दा स्रोत उल्लेख गर्नुपर्नेछ।

९. **अनुमति लिनु पर्नेः** (१) नगर क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले कुनै प्रकारका सूचना तथ्याङ्क संकलन गर्न सर्वेक्षण गर्नु परेमा सर्वेक्षण गर्नुपूर्व नगरपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क संकलन गर्नको कारण, सो संकलन गरिने क्षेत्र, संकलन गर्दा अपनाइने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) नगरपालिकाले औचित्यताको आधारमा सर्वेक्षणको अनुमति दिन सक्नेछ। अनुमति प्राप्त सर्वेक्षणको नगरपालिकाले अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिईसके पछि संकलित सर्वेक्षणको नजिताको एक प्रति नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५) नगरपालिकाको स्वीकृत लिई संकलन गरेको सूचना तथा तथ्याङ्कको आधिकारिता प्रमाणित नगरपालिकाले गर्न सक्नेछ।

१०. **शुल्क तोक्न सक्नेः** नगरपालिकाले संकलन तथा प्रकाशन गरेको सूचना, तथ्याङ्क एवं अभिलेखको शुल्क निर्धारण गर्न सक्नेछ।

११. **परामर्श सेवा लिन सक्ने**: सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग लिनु परेमा केन्द्रीय तथ्याङ्क विभाग वा विज्ञहरुबाट परामर्श सेवा लिन सक्नेछ।

१२. **तोकिएबमोजिम हुनेः** सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१३. **<u>नियम बनाउन सक्नेः</u>** कार्यपालिकाले आवश्यकता अनुसार यस ऐनलाई कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

१४. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो अधिकार सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकालाई हुनेछ।

१५. **<u>संशोधनः</u>** यस ऐनमा संशोधन गर्नुपर्ने भएमा नगर सभाले आवश्यक संशोधन गर्न सक्नेछ।

१६. **<u>बचाऊः</u>** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

## कमलबजार नगरपालिका

## न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५

(पहिलो संशोधन २०८२)

**प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीरहनको लागि प्रचलनमा रहेको संघीय कानूनमा भए देखि बाहेक थप कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम कमलबजार नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उजुरी" भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानुन बमोजिम समितिले कारवाही र किनारा गर्ने उजुरी सम्झनु पर्छ।

(ख) "खाम्ने" भन्नाले तोकिएको सम्पत्तिको मूल्यांकन गरिदा भ्याउने हदलाई सम्झनु पर्दछ।

(ग) "जमानत" भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई न्यायिक समितिले चाहेको वखतमा उपस्थित वा हाजिर गराउन

लिएको जिम्मा वा उत्तरदायित्वलाई सम्झनु पर्दछ।

(घ) "तामेली" भन्नाले न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरुमा सम्वन्धित पक्षलाई वुझाईने म्याद, सुचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक वुझाउने कार्यलाई सम्झनु पर्छ।

(ङ) "तायदात" भन्नाले सम्पत्तिको विवरण वा गन्ती गरेको संख्या जनिने बेहोरा वा सम्पत्तिको फाँटवारी वा लगतलाई सम्झनु पर्दछ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "दरपीठ" भन्नाले न्यायिक समिति समक्ष पेश हुन आएका कुनै कागजपत्रको सम्बन्धमा रित नपुगे वा कानुनले दर्ता नहुने वा नलाग्ने भएमा त्यसको पछाडी पट्टि सोको कारण र अवस्था जनाइ अधिकार प्राप्त अधिकारीले लेखि दिने निर्देशन वा बेहोरालाई सम्झनु पर्दछ।

(ज) "नालिश" भन्नाले कुनै विवादको विषयमा दफा ८ बमोजिम दिएको उजुरी, निवेदन वा फिराद सम्झनु पर्छ।

(झ) "निर्णय किताब" भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको बेहोरा र त्यसको आधार

तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनु पर्छ।

(ञ) "पेशी" भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरुमा पक्षहरुलाई उपस्थित गराइ सुनुवाइ गर्ने कामलाई सम्झनु पर्दछ।

(ट) "प्रतिबादी" भन्नाले बादीले जसका उपर उजुरी दर्ता गर्दछ सो व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ठ) "बकपत्र" भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रुपमा व्यक्त गरेका कुरा लेखिने वा लेखिएको कागजलाई सम्झनुपर्छ।

(ड) "बादी" भन्नाले कसै उपर समिति समक्ष उजुरी दर्ता गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ढ) "लगापात" भन्नाले घरजग्गा र त्यससँग अन्तर निहित टहरा, बोट विरुवा, खुल्ला जमिन र त्यसमा रहेका सबैखाले संरचना वा चर्चेको जग्गा, छेउछाउ, सेरोफेरो र सम्पूर्ण अवयवलाई सम्झनु पर्दछ।

(ण) "सदरस्याहा" भन्नाले धरौटीमा रहेको रकमको लगत कट्टा गरी आम्दानीमा बाँध्ने कार्यलाई सम्झनु पर्छ।

(त) "समिति" भन्नाले न्यायिक समिति सम्झनु पर्छ र सो शव्दले स्थानीय ऐन, २०७४ को दफा ४८ को उपदफा (६) बमोजिमको समितिलाई समेत जनाउनेछ।

(थ) "स्थानीय ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्छ।

## परिच्छेद-२

## समितिको अधिकार

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै बेहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानुनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नुपर्ने स्पष्ट भईरहेको देखि बाहेकको अन्य कार्यहरू यस ऐनमा तोकिएको कर्मचारी र त्यसरी नतोकिएकोमा समितिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नुपर्नेछ।

(२) तोकिएको शाखा प्रमुख वा तोकिएका अन्य कर्मचारीले यस ऐन र प्रचलित कानुन बमोजिम तोकिएको काम गर्दा समितिको संयोजक वा समितिले तोकेको सदस्यको प्रत्यक्ष निर्देशन, रेखदेख र नियन्त्रणमा रहि गर्नुपर्नेछ।

५. **यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्नेः** समितिले उजुरी वा उजुरीको कारवाही र किनारा गर्दा प्रचलित र सम्बन्धित संघीय कानुनमा स्पष्ट उल्लेख भएदेखि बाहेक यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

६. **समितिले हेर्नेः** समितिलाई देहायबमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछः

(क) स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानुन बमोजिम निरूपण हुने गरी सृजित उजुरी, तथा

(घ) प्रचलित कानुनले नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरू।

७. **समितिको क्षेत्राधिकारः** समितिले दफा ६ अन्तर्गतका मध्ये देहायबमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछः

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरीरहेको,

(ख) ✂.........................[1]

(ग) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना नगरपालिकाको भैगोलिक क्षेत्र भित्र घटेको।

## परिच्छेद-३

## उजुरी तथा प्रतिवाद दर्ता

८. **बिवाद दर्ता गर्नेः** (१) कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोजिम हकदैया पुगेको व्यक्तिले समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्न सक्नेछ।

[1] ✂ *पहिलो संशोधन २०८२ द्वारा हटाएको*

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानुन बमोजिम खुलाउनु पर्ने कुरा सबै खुलाई तथा पुर्याउनु पर्ने प्रक्रिया सबै पुरा गरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

(३) उपदफा (२) मा लेखिए देखि बाहेक उजुरीमा देहायबमोजिमको बेहोरा समेत खुलाउनुपर्नेछः

(क) बादीको नाम, थर, वतन र निजको बाबू र आमा, तथा थाहा भएसम्म बाजे र बज्यैको नाम,

(ख) प्रतिबादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्ने गरी स्पष्ट खुलेको वतन,

(ग) नगरपालिकाको नाम सहित समितिको नाम,

(घ) उजुरी गर्नु परेको बेहोरा र सम्पूर्ण विवरण,

(ङ) नगरपालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा,

(च) समितिको क्षेत्राधिकार क्षेत्र भित्रको उजुरी रहेको बेहोरा र सम्बन्धित कानुन,

(छ) बादीले दावी गरेको विषय र सोसँग सम्बन्धीत प्रमाणहरू,

(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी बेहोरा,

(झ) कुनै सम्पत्तिसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको

स्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सबै विवरण।

*(झ) १. सम्पत्ति रोक्का/फुकुवा वा अन्तरिम संरणात्मक आदेश माग गर्नु पर्ने भएकोमा सोको बेहोरा।*[2]✦

(४) प्रचलित कानुनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ।

(५) कुनै किसिमको क्षतिपूर्ति भराउनु पर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनुपर्नेछ।

*८.क. **मेलमिलाप केन्द्रले विवाद दर्ता गर्न सक्ने:** (१) कुनै व्यक्तिले आफूलाई मर्का परेको बिषयमा सम्बन्धित वडामा रहेको मेलमिलाप केन्द्रमा समेत निवेदन दर्ता गर्न सक्नेछ।*

*(२) उपदफा (१) बमोजिम मेलमिलाप केन्द्रमा निवेदन आएमा केन्द्रको संयोजक वा विवाद दर्ता गर्न तोकिएको व्यक्तिले तत्काल नगरपालिकाको उजुरी प्रशासन शाखामा त्यसको प्रतिलिपी पठाई विवाद दर्ता गर्न मिल्ने वा नमिल्ने राय लिनु पर्नेछ।*

*(३) उजुरी प्रशासकले उपदफा (२) बमोजिम मेलमिलाप केन्द्रबाट प्राप्त निवेदन दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय गरी दर्ता गर्न मिल्ने भए न्यायिक समितिको मूल दर्ता किताबमा दर्ता गरी त्यसको दर्ता निस्सा सहित मेलमिलाप केन्द्रलाई मेलमिलाप प्रक्रिया सञ्चालन गर्न अनुसूची -२ बमोजिमको ढाँचामा मेलमिलाप सत्र सञ्चालन गर्न अनुमति प्रदान गर्नुपर्छ भने दर्ता गर्न नमिल्ने भएको सोको कारण सहित मेलमिलाप केन्द्रलाई जानकारी गराउनु पर्नेछ।*

---

[2] *✦पहिलो संशोधन २०८२ द्वारा थप गरिएको*

*(४) यस दफा बमोजिम प्राप्त निवेदन मेलमिलाप प्रक्रियामा प्रेषण गरेको अवस्थामा लिखित प्रतिउत्तर पेश गर्नु पर्ने छैन।*

*तर, न्यायिक समितिले निर्णय गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अन्तर्गतको विवादमा उल्लेखित मेलमिलाप प्रक्रिया सफल नभएमा भने न्यायिक समितिले लिखित प्रतिउत्तर माग गर्न सक्नेछ।* ✦ [3]

९. **बिवाद दर्ता गरी निस्सा दिने:** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी बादीलाई तारेख तोकी अनुसूची-३ बमोजिमको ढाँचामा बिवाद दर्ताको निस्सा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा अनुसूची-४ बमोजिमको ढाँचामा तारेख भर्पाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नुपर्छ।

(३) उपदफा (२) बमोजिम तारेख भर्पाईमा तोकिएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची-५ बमोजिमको ढाँचामा तारेख पर्चा दिनुपर्नेछ।

१०. **उजुरी दरपीठ गर्ने:** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा प्रक्रिया नपुगेको देखिए पुरा गर्नुपर्ने देहायको प्रक्रिया पुरा गरी अथवा खुलाउनु पर्ने देहायको बेहोरा खुलाइ ल्याउनु भन्ने बेहोरा लेखि पाँच दिनको समय तोकी तथा बिवाद दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको बेहोरा जनाई दरपीठ गरेमा बादीलाई उजुरी फिर्ता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रक्रिया नपुगेको भनि दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी पाँच दिन भित्र ल्याएमा दर्ता गरी दिनुपर्छ।

(३) उपदफा (१) बमोजिमको दरपीठ आदेश उपर चित्त नबुझ्ने पक्षले सो आदेश भएको मितिले तिन दिन भित्र उक्त आदेशको विरुद्धमा समिति समक्ष निवेदन दिनसक्नेछ।

---

[3] ✦*पहिलो संशोधन,२०८२ द्वारा थप गरिएको*

(४) उपदफा (३) बमोजिम दिएको निवेदन बेहोरा मनासिब देखिए समितिले उपदफा (१) बमोजिमको दरपीठ बदर गरी बिवाद दर्ता गर्न आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम आदेश भएमा उजुरी प्रशासकले त्यस्तो बिवाद दर्ता गरी अरू प्रक्रिया पुरा गर्नु पर्नेछ।

११. **दर्ता गर्न नहुनेः** उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा देहायबमोजिमको बेहोरा ठिक भए नभएको जाँच गरी दर्ता गर्न नमिल्ने देखिएमा दफा १० बमोजिमको प्रक्रिया पुरा गरी दरपीठ गर्नुपर्नेछः

(क) प्रचलित कानुनमा हदम्याद तोकिएकोमा हदम्याद वा म्याद भित्र उजुरी परे नपरेको,

(ख) प्रचलित कानुन बमोजिम समितिको क्षेत्राधिकार भित्रको उजुरी रहे नरहेको,

(ग) कानुन बमोजिम लाग्ने दस्तुर दाखिल भए नभएको,

(घ) कुनै सम्पत्ति वा अधिकारसँग सम्बन्धित विषयमा विवाद निरूपण गर्नुपर्ने विषय उजुरीमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकार विषयमा उजुरी गर्न बादीको हक स्थापित भएको प्रमाण आवश्यक पर्नेमा सो प्रमाण रहे नरहेको,

(ङ) उक्त विषयमा उजुरी गर्ने हकदैया बादीलाई रहे नरहेको,

(च) लिखतमा पुरा गर्नुपर्ने अन्य रित पुगे नपुगेको।

१२. **दोहोरो दर्ता गर्न नहुनेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम समिति वा अन्य कुनै अदालत वा निकायमा कुनै पक्षले उजुरी गरी समिति वा उक्त अदालत वा

निकायबाट उजुरीमा उल्लेख भएको विषयमा प्रमाण बुझि वा नबुझि विवाद निरोपण भईसकेको विषय रहेको छ भने सो उजुरीमा रहेका पक्ष विपक्षको बीचमा सोहि विषयमा समितिले उजुरी दर्ता गर्न र कारवाही गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलवश दर्ता भएकोमा सो बेहोरा जानकारी भएपछि उजुरी जुनसुकै अवस्थामा रहेको भए पनि समितिले उजुरी खारेज गर्नु पर्नेछ।

१३. **उजुरी साथ लिखत प्रमाणको सक्कल पेश गर्नुपर्नेः** उजुरी साथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र कम्तिमा एक प्रति नक्कल उजुरी साथै पेश गर्नु पर्नेछ र उजुरी प्रशासकले त्यस्तो लिखतमा कुनै कैफियत जनाउनु पर्ने भए सो जनाइ सो प्रमाण सम्बन्धित मिसिलमा राख्नेछ।

१४. **उजुरी तथा प्रतिवाद दर्ता दस्तुरः** (१) प्रचलित कानुनमा बिवाद दर्ता दस्तुर तोकिएकोमा सोहि बमोजिम तथा दस्तुर नतोकिएकोमा पचास रूपैयाँ बुझाउनु पर्नेछ।

(२) प्रचलित कानुनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक पचास रूपैयाँ प्रतिवाद दर्ता दस्तुर लाग्नेछ।

(३) माथी उल्लेखित उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यायिक समितिले आर्थिक अवस्था कमजोर भएका ब्यक्तिको सन्दर्भमा नि:शुल्क पनि गर्न सकिनेछ।

१५. **प्रतिवाद पेश गर्नुपर्नेः** (१) प्रतिबादीले दफा २० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकिएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद पेश गर्दा प्रतिबादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नु पर्नेछ।

(३) प्रतिवादीले लिखित ब्यहोरा दिँदा अनुसूची-६ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

**१६.** **<u>प्रतिवाद जाँच गर्ने:</u>** (१) उजुरी प्रशासकले दफा १५ बमोजिम पेश भएको प्रतिवाद जाँच गरी कानुन बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद दर्ता हुने भएमा उजुरी प्रशासकले प्रतिबादीलाई बादी मिलानको तारेख तोक्नुपर्नेछ।

**१७.** **<u>लिखतमा पुरा गर्नुपर्ने सामान्य रितः</u>** (१) प्रचलित कानुन तथा यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक समिति समक्ष दर्ता गर्न ल्याएका उजुरी तथा प्रतिवादमा देहायबमोजिमको रित समेत पुरा गर्नुपर्नेछः

(क) एफोर साइज को नेपाली कागजमा बायाँ तर्फ पाँच सेन्टिमिटर, पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर र त्यसपछिको पृष्ठमा पाँच सेन्टिमिटर छोडेको तथा प्रत्येक पृष्ठमा बत्तिस हरफमा नबढाई कागजको एकातर्फ मात्र लेखिएको,

(ख) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले लिखतको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकरी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा ल्याप्चे सहिछाप गरेको,

(ग) कुनै कानुन व्यवसायीले लिखत तयार गरेको भए निजले पहिलो पृष्ठको बायाँतर्फ निजको कानुन व्यवसायी दर्ता प्रमाणपत्र नम्बर, नाम र कानुन व्यवसायीको किसिम खुलाई दस्तखत गरेको, तथा

(घ) लिखतको अन्तिम प्रकरणमा यस लिखतमा लेखिएको बेहोरा ठिक साँचो छ, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भन्ने उल्लेख गरी सो मुनि लिखत दर्ता गर्न ल्याएको वर्ष, महिना र गते तथा वार खुलाई लिखत दर्ता गर्न ल्याउने व्यक्तिले दस्तखत गरेको।

तर, ब्यहोरा पुर्याई पेश भएको लिखत लिनलाई यो उपदफाले बाधा पारेको मानिने छैन।

(२) लिखतमा विषयहरू क्रमबद्ध रूपमा प्रकरण प्रकरण छुट्याई संयमित र मर्यादित भाषामा लेखिएको हुनुपर्नेछ।

(३) लिखतमा पेटबोलीमा परेको स्थानको पहिचान हुने स्पष्ट विवरण र व्यक्तिको नाम, थर, ठेगाना तथा अन्य विवरण स्पष्ट खुलेको हुनुपर्नेछ।

(४) लिखत दर्ता गर्न ल्याउने वा समितिमा कुनै कागज गर्न आउनेले निजको नाम, थर र वतन खुलेको नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्छ।

१८. **नक्कल पेश गर्नुपर्नेः** उजुरी वा प्रतिवाद दर्ता गर्न ल्याउनेले विपक्षीको लागि उजुरी तथा प्रतिवादको नक्कल तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नुपर्छ।

१९. **उजुरी वा प्रतिवाद संशोधनः** (१) लिखत दर्ता गर्न ल्याउने पक्षले समितिमा दर्ता भइसकेको लिखतमा लेखाइ वा टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउँदा दावी तथा प्रतिवादमा गरीएको माग वा दावीमा मुलभूत पक्षमा फरक नपर्ने र निकै सामान्य प्रकारको संशोधन माग गरेको देखेमा उजुरी प्रशासकले सो बमोजिम सच्याउन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी उजुरीको अर्को पक्षलाई दिनुपर्नेछ।

## परिच्छेद-४

## म्याद तामेली तथा तारेख

२०. **म्याद सूचना तामेल गर्ने:** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता भएपछि बढिमा दुई दिन भित्र प्रतिबादीका नाममा प्रचलित कानुनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ९ बमोजिमको उजुरी तथा उक्त उजुरी साथ पेश भएको प्रमाण कागजको प्रतिलिपी समेत संलग्न गरी पठाउनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढि प्रतिबादीलाई म्याद दिनुपर्दा प्रमाण कागजको नक्कल कुनै एकजना मुल प्रतिबादीलाई पठाई बाँकीको म्यादमा प्रमाण कागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने बेहोरा लेखि पठाउनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तिन दिन भित्र तामेल गरी तामेलीको बेहोरा खुलाई समितिमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहायबमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नुपर्नेछः

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै फ्याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) प्रतिबादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिब आधार छ भन्ने देखिएमा समितिको निर्णयबाट कुनै स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर, वा

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउँदा म्याद तामेल हुन सक्ने मनासिब कारण देखिएमा समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत।

*(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-७क. वा अनुसूची -७ ख. बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।*

*(७) उप दफा (६) बमोजिम म्याद तामेली पश्चात अनुसूची ८ बमोजिमको म्याद तामेली गरेको भरपाई गर्नु पर्नेछ।* ✦ [4]

२१. **रोहवरमा राख्नुपर्नेः** यस ऐन बमोजिम वडा कार्यालय मार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलादमी रोहवरमा राख्नुपर्नेछ।

२२. **रीत बेरीत जाँच गर्नेः** (१) उजुरी प्रशासकले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रीतपूर्वकको तामेल भएको छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई रीतपूर्वकको देखिए मिसिल सामेल राखी तथा बेरीतको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नु पर्नेछ।

---

4 ✦ *पहिलो संशोधन २०८२ द्वारा थप गरिएको।*

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखि कार्य गरेको देखिए उजुरी प्रशासकले सो बेहोरा खुलाई समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको बेहोरा उपयुक्त देखिए समितिले सम्बन्धित कर्मचारी उपर कारवाहीको लागि कार्यपालिका समक्ष लेखि पठाउन सक्नेछ।

२३. **तारेखमा राख्नु पर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता गरेपछि उजुरीकर्तालाई र दफा १५ बमोजिम प्रतिवाद दर्ता गरेपछि प्रतिबादीलाई तारेख तोकी तारेखमा राख्नुपर्छ।

(२) उजुरीका पक्षहरूलाई तारेख तोक्दा तारेख तोकिएको दिन गरिने कामको बेहोरा तारेख भर्पाई तथा तारेख पर्चामा खुलाई उजुरीका सबै पक्षलाई एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारेख तोक्नुपर्छ।

(३) उपदफा (२) बमोजिम तारेख तोकिएको समयमा कुनै पक्ष हाजिर नभए पनि तोकिएको कार्य सम्पन्न गरी अर्को तारेख तोक्नुपर्ने भएमा हाजिर भएको पक्षलाई तारेख तोकी समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारेख लाने पक्षसँग एकै मिलान हुने गरी तारेख तोक्नुपर्छ।

(४) यस दफा बमोजिम तोकिएको तारेखमा उपस्थित भएका पक्षहरूलाई साथै राखि समितिले उजुरीको कारवाही गर्नुपर्छ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको तारेखमा कुनै पक्ष उपस्थित नभए पनि समितिले बिवादको विषयमा कारवाही गर्न बाधा पर्नेछैन।

२४. **समितिको निर्णय बमोजिम हुनेः** समितिले म्याद तामेली सम्बन्धमा प्रचलित कानुन तथा यस ऐनमा लेखिए देखि बाहेकको विषयमा आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-५

## सुनवाई तथा प्रमाण बुझ्ने सम्बन्धमा

२५. **प्रारम्भिक सुनवाईः** (१) मेलमिलापबाट बिवाद निरुपण हुन नसकी समितिमा आएका बिवाद प्रतिवाद दर्ता वा बयान वा सो सरहको कुनै कार्य भएपछि सुनवाईको लागि पेश भएको बिवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले बिवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ।

(२) समिति समक्ष पेश भएको बिवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने नदेखिएमा समितिले देहायबमोजिमको आदेश गर्न सक्नेछः-

(क) बिवादमा मुख नमिलेको कुरामा यकिन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने,

(ख) बिवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने,

(ग) मेलमिलापका सम्बन्धमा बिवादका पक्षहरूसँग छलफल गर्ने, र

(घ) बिवादका पक्ष उपस्थित भएमा सुनुवाइको लागि तारेख तथा पेशीको समय तालिका निर्धारण गर्ने।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलापको लागि पठाउने आदेश गर्नु पर्नेछ।

२६. **प्रमाण दाखिल गर्नेः** बादी वा प्रतिबादीले कुनै नयाँ प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा उजुरी प्रशासकले सोहि दिन लिन सक्नेछ।

२७. **लिखत जाँच गर्नेः** (१) समितिले उजुरीमा पेश भएको कुनै लिखतको सत्यता परीक्षण गर्न रेखा वा हस्ताक्षर विशेषज्ञलाई जाँच गराउन

जरूरी देखेमा सो लिखतलाई असत्य भन्ने पक्षबाट परीक्षण दस्तुर दाखिल गर्न लगाई रेखा वा हस्ताक्षर विशेषज्ञबाट लिखत जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा मनासिब माफिकको समय तोकि आदेश गर्नु पर्नेछ र समय भित्र जाँच सम्पन्न हुनको लागि यथासम्भव व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा लिखत असत्य ठहरीएमा लिखत सत्य रहेको भन्ने पक्षबाट लागेको दस्तुर असुल गरी उपदफा (१) बमोजिम दस्तुर दाखिल गर्ने पक्षलाई भराई दिनुपर्छ।

२८. **साक्षी बुझ्नेः** (१) समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकी आदेश गर्नु पर्नेछ। यसरी साक्षी राख्दा बढीमा ५ जना मात्र राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि उजुरी प्रशासकले उजुरीको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारेख तोक्नु पर्नेछ।

(३) साक्षी बुझ्ने तारेख तोकिएको दिनमा आफ्नो साक्षी समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ।

२९. **समितिको तर्फबाट बकपत्र गराउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक वा अशक्त वा वृद्धवृद्धा पक्ष रहेको उजुरीमा साक्षी बकपत्रको लागि तोकिएको तारेखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई समितिले म्याद तोकी समितिको तर्फबाट झिकाई बकपत्र गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम साक्षी झिकाउँदा बकपत्र हुने तारेख तोकी म्याद जारी गर्नु पर्नेछ र उजुरीका पक्षहरूलाई समेत सोहि मिलानको तारेख तोक्नुपर्नेछ।

३०. **साक्षी बकपत्र गराउनेः** (१) उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकिएको दिन पक्षहरूसँग निजहरूले उपस्थित गराउन ल्याएका साक्षीको नामावली लिई समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) साक्षी बकपत्रको लागि तोकिएको तारेखको दिन उजुरीका सबै पक्षले साक्षी उपस्थित गराउन ल्याएको भए कार्यालय खुल्नासाथ तथा कुनै पक्षले साक्षी उपस्थित गराउन नल्याएको भए दिनको बाह्र बजेपछि समितिले उपलब्ध भएसम्मका साक्षीको बकपत्र गराउनुपर्नेछ।

३१. **<u>बन्देज गर्न सक्नेः</u>** (१) साक्षीको बकपत्र गराउँदा उजुरीको विषयवस्तु भन्दा फरक प्रकारको तथा साक्षी वा उजुरीको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा समितिले त्यस्तो प्रश्न सोध्नबाट पक्षलाई बन्देज गर्न सक्नेछ।

(२) नाबालक वा वृद्ध वा असक्त वाबिरामीले साक्षी बक्नुपर्ने भई त्यस्तो उजुरीमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिब कारणले साक्षीलाई बकपत्र गर्न अनुचित दबाव परेको वा पर्ने प्रबल सम्भावना रहेको छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजले साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित हुने व्यवस्था मिलाउने दायित्व समितिको हुनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम गर्दा समितिले उजुरीसँग सम्बन्धित आवश्यक प्रश्न तयार गरी समितिको तर्फबाट बकपत्र गराउन सक्नेछ।

३२. **<u>पेशी सूची प्रकाशन गर्नुपर्नेः</u>** (१) उजुरी प्रशासकले प्रत्येक हप्ता शुक्रवार अगामी हप्ताको लागि पेशी तोकिएको बिवादहरूको साप्ताहिक पेशी सूची तथा तोकिएको दिन उक्त दिनको लागि पेशी तोकिएका बिवादहरूको पेशी सूची प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको समितिको सदस्यले प्रमाणित गर्नु पर्नेछ।

३३. **दैनिक पेशी सूचीः** (१) उजुरी प्रशासकले दफा ३२ बमोजिमको साप्ताहिक पेशी सूचीमा चढेका बिवाद हरूको तोकिएको दिनको पेशी सूची तयार गरी एक प्रति सूचना पाटीमा टाँस्न लगाउनुपर्नेछ तथा एक प्रति समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा बिवादहरू उल्लेख गर्दा बिवाद दर्ताको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनुपर्नेछः-

(क) नाबालक पक्ष भएको बिवाद,
(ख) शारिरीक असक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको बिवाद,
(ग) सत्तरी वर्ष उमेर पुरा भएको वृद्ध वा वृद्धा पक्ष भएको बिवाद, तथा
(घ) बिवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको बिवाद।

(३) उपदफा (२) बमोजिम पेशी सूची तयार गर्दा मुल्तवीबाट जागेका तथा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट पुनः इन्साफको लागि प्राप्त भई दर्ता भएको बिवादको हकमा शुरूमा समितिमा दर्ता भएको मितिलाई नै दर्ता मिति मानी क्रम निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) मा रहेको क्रमानुसार नै समितिले बिवादको सुनवाई र कारवाही तथा किनारा गर्नु पर्नेछ।

३४. **उजुरी प्रशासकको जिम्मेवारी हुनेः** पेशी सूचीमा चढेका बिवादहरू कार्यालय खुलेको एक घण्टा भित्र समिति समक्ष सुनवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकिएको कार्य सकिए पछि समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी उजुरी प्रशासकको हुनेछ।

३५. **प्रमाण सुनाउन सक्नेः** समितिले दफा २५ बमोजिम तोकिएको तारेखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवम् कागजात देखाई पढिबाँची सुनाई सो बारेमा अर्को पक्षको कुनै

कथन रहेको भए लिखित बयान गराई मिसिल सामेल गराउन सक्नेछ।

३६. **बिवादको सुनवाई गर्ने:** (१) समितिले दुवै पक्षको कुरा सुनी निजहरूको बिवादको सुनवाई तथा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुनवाई तथा निर्णय गर्दा पक्षहरूको रोहवरमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बिवादको सुनवाई गर्दा इजलास कायम गरी सुनवाई गर्न मनासिव देखिएमा सोही अनुसार गर्न सक्नेछ।

तर, दुबै पक्षको भनाइ तथा जिकिर सुन्नलाई उपदफा (३) अनुसारको इजलास कायम गर्न बाधा हुनेछैन।

३७. **बन्द इजलासको गठन गर्न सक्ने:** (१) समितिले महिला तथा बालबालिका समावेश रहेको तथा आवश्यक देखेको अन्य बिवादको सुनवाईको लागि बन्द इजलास कायम गरी सुनवाई गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा बिवादका पक्ष तथा अन्य सरोकारवाला बाहेक अन्य व्यक्तिलाई इजलासमा प्रवेश गर्न नपाउने गरी बन्द इजलासको गठन गर्नु पर्नेछ।

(३) बन्द इजलासबाट हेरिने बिवादको काम कारवाही, पिडीतको नाम थर ठेगाना लगायतका विषय गोप्य राख्नुपर्नेछ।

३८. **बन्द इजलास सम्बन्धी अन्य व्यवस्था:** (१) बन्द इजलासबाट हेरिएका बिवादहरूको कागजातको प्रतिलिपि बादी, प्रतिवादी र निजको हितमा असर परेको कुनै सरोकारवाला बाहेक अरू कसैलाई उपलब्ध गराउनुहुँदैन।

(२) उपदफा (१) बमोजिमको बिवादको तथ्य खुलाई कुनै समाचार कुनै पत्रपत्रिकामा संप्रेषण हुन दिनुहुँदैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले पक्षको गोपनियता तथा हितमा प्रतिकुल प्रभाव नपर्ने गरी समाचार संप्रेषण गर्न भने कुनै बाधा पर्नेछैन।

३९. **थप प्रमाण बुझ्ने:** बिवादको सुनवाईको क्रममा बिवादको कुनै पक्षको अनुरोधमा वा बिवाद सुनवाईको क्रममा समिति आफैले थप प्रमाण बुझ्नुपर्ने देखेमा उजुरीका पक्षहरूलाई थप प्रमाण पेश गर्न पेश गर्ने तारेख तोकी आदेश गर्नसक्नेछ।

४०. **स्वार्थ बाझिएको बिवाद हेर्न नहुने:** समितिको सदस्यले देहायका बिवादको कारवाही र किनारामा संलग्न हुनुहुँदैनः-

(क) आफ्नो वा नजिकको नातेदारको हक हित वा सरोकार रहेको बिवाद,

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली पर्दा कानुन बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेको व्यक्ति, मामा, माइजु, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबू, पति वा पत्नी तर्फका सासू, ससुरा, फूपु, फूपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाँई, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाँई, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनु पर्छ।

(ख) निजले अन्य कुनै हैसियतमा गरेको कुनै कार्य वा निज संलग्न रहेको कुनै विषय समावेश रहेको कुनै बिवाद,

(ग) कुनै विषयमा निजले बिवाद चल्ने वा नचल्ने विषयको छलफलमा सहभागि भई कुनै राय दिएको भए सो विषय समावेश रहेको बिवाद, वा

(घ) अन्य कुनै कारणले आधारभूत रूपमा निज र निजको एकाघरसगोलका

परिवारका सदस्यको कुनै स्वार्थ बाझिएको बिवाद।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा जुन सदस्यको त्यस्तो अवस्था पर्छ उक्त सदस्यले बिवाद हेर्न नहुने कारण खुलाई आदेश गर्नु पर्नेछ।

(३) उपदफा (१) को प्रतिकुल हुने गरी कुनै सदस्यले कुनै बिवादको कारवाही र किनारामा सहभागि हुन लागेमा बिवादको कुनै पक्षले आवश्यक प्रमाण सहित बिवादको कारवाही किनारा नगर्न निवेदन दिन सक्नेछ र सो सम्बन्धमा काम कारबाही स्थानीय ऐनको दफा ४८ को उपदफा (५) अनुसार हुनेछ।

(४) उपदफा (३) अनुसार बिवाद निरुपण हुन नसक्ने अवस्थामा स्थानीय ऐनको दफा ४८ को उपदफा (६) र (७) को ब्यबस्था अनुसारको सभाले तोकेको समितिले काम कारवाही र किनारामा गर्नेछ।

(५) उपदफा (४) बमोजिम गर्दा सभाले बिवादका पक्षहरूलाई सोहि उपदफा बमोजिम गठित समितिबाट बिवादको कारवाही किनारा हुने कुराको जानकारी गराई उक्त समिति समक्ष उपस्थित हुन पठाउनुपर्नेछ।

## परिच्छेद -६

## निर्णय र अन्य आदेश

४१. **निर्णय गर्नुपर्ने:** (१) समितिले सुनवाईको लागि पेश भएको बिवाद हेर्दा कुनै प्रमाण बुझ्नुपर्ने बाँकी नरही बिवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोहि पेशीमा बिवादमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय गरेपछि निर्णयको बेहोरा निर्णय किताबमा लेखि समितिमा उपस्थित सदस्यहरू सबैले दस्तखत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गरीएको निर्णयको दफा ४२ र अन्य प्रचलित कानुन बमोजिम खुलाउनुपर्ने विवरण खुलेको पूर्ण पाठ

निर्णय भएको मितिले बढिमा सात दिन भित्र तयार गरी मिसिल सामेल राख्नुपर्छ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समयाभाव अथवा अन्य कुनै मनासिब कारणले गर्दा सोहि दिन बिवाद निर्णय गर्न नसक्ने भएमा आगामी हप्ताको कुनै दिनको लागि अर्को पेशी तारेख तोक्नुपर्नेछ।

४२. **निर्णयमा खुलाउनु पर्नेः** (१) समितिले दफा ४१ बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा बमोजिमका कुराहरू खुलाई अनुसूची-९ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्णपाठ तयार गर्दा बादी तथा प्रतिबादीको जिकिर, निर्णय गर्नुपर्ने देखिएको विषय, दुवै पक्षबाट पेश भएको प्रमाणका कुराहरू समेतको विषय खुलाउनु पर्नेछ।

(३) उपदफा (२) मा उल्लेख भए देखि बाहेक पूर्णपाठमा देहायका कुराहरू समेत खुलाउनुपर्नेछः-

(क) तथ्यको ब्यहोरा,

(ख) बिवादको कुनै पक्षले कानुन व्यवसायी राखेको भएमा निजले पेश गरेको बहस नोट तथा बहसमा उठाइएका मुल विषयहरु,

(ग) निर्णय गर्नको लागि आधार लिइएको प्रमाणका साथै दुवै पक्षबाट पेश भएको प्रमाण तथा त्यसको विश्लेषण,

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नुपर्ने विषयहरूको सिलसिलेवार उल्लेखन सहितको तपसिल खण्ड, तथा

(ङ) निर्णय उपर पुनरावेदन लाग्ने भएमा पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम र के कति दिनभित्र पुनरावेदन गर्नुपर्ने हो सो समेत।

(४) उपदफा २ तथा ३ मा उल्लेख भएदेखि बाहेक देहायका कुराहरु समेत निर्णयमा खुलाउन सक्नेछः-

(क) साक्षी वा सर्जमिनको बकपत्रको सारांश,

(ख) कुनै नजीरको व्याख्या वा अवलम्बन गरेको भए सो नजीरको विवरण र बिवादमा उक्त नजीरको सिद्धान्त के कुन आधारमा लागु भएको हो अथवा लागु नभएको हो भन्ने कारण सहितको विश्लेषण,

(ग) निर्णयबाट कसैलाई कुनै कुरा दिनु भराउनु पर्ने भएको भए कसलाई के कति भराई दिनु पर्ने हो सोको विवरण, तथा

(घ) बिवादको क्रममा कुनै मालसामान वा प्रमाणको रुपमा केहि वस्तु समिति समक्ष पेश भएको भए सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय।

४३. **<u>प्रारम्भिक सुनवाईमा निर्णय हुन सक्नेः</u>** (१) समितिले पहिलो सुनवाईको लागि पेश भएको अवस्थामा नै बिवादमा थप प्रमाण बुझिरहनुपर्ने अवस्था नरहेको देखेमा अथवा हदम्याद वा हकदैया वा समितिको क्षेत्राधिकार नरहेको कारणले बिवाद निर्णय गर्न नमिल्ने देखेमा पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय क्षेत्राधिकारको अभाव रहेको कारणले भएको अवस्थामा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनि सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ।

४४. **<u>निर्णय संशोधनः</u>** (१) समिति समक्ष बिवादको पक्ष वा कुनै सरोकारवालाले बिवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी

संशोधन गरीपाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परी समितिले हेर्दा सामान्य त्रुटी भएको र संशोधनबाट निर्णयको मूल आशयमा कुनै हेरफेर नहुने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णय संशोधन गर्ने आदेश दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अङ्गको रुपमा लिइनेछ।

४५. **<u>निर्णयमा हेरफेर गर्न नहुनेः</u>** (१) समितिका सदस्य अथवा अरु कसैले पनि समितिका सदस्यहरुको दस्तखत भैसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्न हुँदैन।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गर्ने कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनुपर्नेछ।

४६. **<u>निर्णय भएपछि गर्नुपर्ने कारवाहिः</u>** (१) उजुरी प्रशासकले समितिबाट निर्णय भएपश्चात निर्णय किताबमा समितिका सदस्यहरु सबैको दस्तखत भएको यकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनुपर्छ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भैसकेपछि उजुरी प्रशासकले निर्णयको कार्यान्वयन गर्नका लागि तत्काल गर्नुपर्ने केहि कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागि पठानुपर्छ।

४७. **<u>निर्णय गर्नु पर्ने अवधिः</u>** (१) समितिले प्रतिवाद दाखिल भएको वा बयान गर्नुपर्नेमा प्रतिबादीको बयान भएको मितिले तथा प्रतिवाद दाखिल नभएको वा बयान नभएकोमा सो हुनुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र बिवादको अन्तिम निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाईएको बिवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाई अवधि गणना गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिवादमा बुझ्नुपर्ने प्रमाण तथा पुरा गर्नुपर्ने प्रक्रिया बाँकी नरही बिवाद निर्णय गर्न अङ्ग पुगिसकेको भए सो पुगेको पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नु पर्नेछ।

४८. **अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेः** स्थानीय ऐनको दफा ४९ को उपदफा ८ को खण्ड (क) देखि (ङ) सम्म उल्लिखित विषयमा तत्काल अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्नेछ। यस्तो आदेश जारी गर्दा निवेदकले पेश गरेको कागजात, निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभावको मुल्यांकन गर्नुपर्दछ। न्यायिक समितिले जारी गर्ने अन्तरिम संरक्षणात्मक आदेश अनुसूची १० मा उल्लेख गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## समितिको सचिवालय

४९. **समितिको सचिवालयः** (१) समितिको कार्यसम्पादनलाई सहजिकरण गर्न एक सचिवालय रहनेछ।

(२) उपदफा (१) वमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यकताअनुसार उजुरी प्रशासक, अभिलेख प्रशासक तथा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ। सचिवालयको कार्यसम्पादनलाई व्यवस्थित गर्न सचिवालय अन्तर्गत **न्याय प्रशासन शाखा**[5]✦ रहन सक्नेछ।

५०. **उजुरी प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए देखि बाहेक उजुरी प्रशासकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

[5] ✦*पहिलो संशोधन २०८२ द्वारा संशोधित*

(क) पेश भएका उजुरी, प्रतिवाद र अन्य लिखतहरु जाँच गरी रीत पुगेको भए कानुन बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केहि कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने,

(ग) पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जाँच्ने,

(घ) समितिको आदेशले झिकाउनुपर्ने प्रतिबादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने,

(ङ) विवादका पक्षलाई तारेख वा पेशी तारेख तोक्ने,

(च) समिति समक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि समिति समक्ष पेश गर्ने,

(छ) कानुन बमोजिम वारेस लिने तथा गुज्रेको तारेख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्ने,

(ज) समितिबाट भएको आदेश कार्यान्वयन गर्ने गराउने,

(झ) समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भर्पाई गर्ने लगायतका कार्यहरु गर्ने,

(ञ) आवश्यकतानुसार समितिको तर्फबाट पत्राचार गर्ने,

(ट) समितिको आदेशले तामेल गर्नुपर्ने म्याद तामेल गर्ने गराउने,

(ठ) तामेल भएको म्यादको तामेली जाँची रीतपूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको नगरपालिकाले तामेल गरिदिनुपर्ने म्याद तामेल गर्ने गराउने,

(ड) निर्णय किताब र उजुरीको मिसिल जिम्मा लिने,

(ढ) समितिमा दर्ता भएका विवाद तथा निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने,

(ण) आफ्नो जिम्मा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रीतपूर्वक नक्कल दिने,

(त) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्ने गराउने,

(थ) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनु पर्ने भएमा समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानुन बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने,

(द) निर्णय किताब जिम्मा लिने,

(ध) पेश भएका निवेदन लगायतका कागजातमा समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा समिति समक्ष पेश गर्ने,

(न) प्रचलित कानुनले तोकेकोमा सोहि बमोजिमका कार्यहरु गर्ने गराउने,

(ऩ) न्यायिक समितिले तोकेका अन्य कार्यहरु गर्ने।

**५१. <u>अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) निर्णय कार्यान्वयन सम्बन्धीः

(१) निर्णय बमोजिम चलन चलाउनुपर्ने, कुनै कुरा दिलाईभराई दिनुपर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरु गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानुन बमोजिम विवरण पठाउनुपर्ने निकायहरुमा विवरण पठाउने,

(२) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएका पक्षहरुको वारेस लिने, सकार गराउने, गुज्रेको तारेख थमाउने लगायतका कार्यहरु गर्ने,

(३) समितिको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको

जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भए सो गर्ने,

(४) निर्णय बमोजिम लिलाम गर्ने लगायतका अन्य कुनै काम गर्नुपर्ने भए सो समेत गर्ने, तथा

(५) लेखिए देखि बाहेकको कुनै कार्य निर्णय कार्यान्वयनको क्रममा गर्नुपर्ने भएमा समिति समक्ष पेश गरी आदेश बमोजिम गर्ने।

(ख) अभिलेख संरक्षण सम्बन्धीः

(१) अभिलेख शाखाको रेखदेख गरी निर्णय भएका मिसिल सुरक्षित राख्ने र कानुन बमोजिम सडाउनु पर्ने कागजहरु सडाउने,

(२) निर्णय भएका मिसिलहरुमा कागजात जाँच गरी दुरुस्त रहेनरहेको हेर्ने र मिसिल कानुन बमोजिम गरी दुरुस्त अवस्थामा राख्ने,

(३) कानुन बमोजिम सडाउने कागजको विवरण तयार गरी सो विवरण सुरक्षित रहने व्यवस्था गर्ने,

(४) अभिलेख शाखामा प्राप्त भएको मिसिलहरुको सालबसाली अभिलेख राख्ने र आवश्यकतानुसार विवरण तयार गर्ने,

(५) कुनै अदालत वा निकायबाट अभिलेखमा रहेको मिसिल वा कुनै कागजात माग भई आएमा रीतपूर्वक पठाउने र फिर्ता प्राप्त भएपछि रीतपूर्वक गरी सुरक्षित राख्ने।

५२. **उजुरी प्रशासक वा अभिलेख प्रशासकको आदेश उपरको निवेदनः** (१) यस ऐन बमोजिम उजुरी प्रशासक वा अभिलेख प्रशासकले गरेको आदेश वा कारवाही उपर चित्त नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पाँच दिनभित्र समिति समक्ष निवेदन दिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर सुनुवाई गरी निवेदन पेश भएको बढिमा सात दिन भित्र निवेदन उपरको कारवाही टुङ्ग्याउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन उपर आदेश वा निर्णय गर्नु पूर्व केहि बुझ्नुपर्ने भए सो बुझेर मात्र निर्णय वा आदेश गर्नु पर्नेछ।

## परिच्छेद-८

## मेलमिलाप सम्बन्धी व्यवस्था

५३. **मिलापत्र गराउनेः** (१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा मिलापत्र गराउनसक्नेछ।

(२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्र गराइदिनेछ।

(३) उपदफा (२) बमोजिम पक्षहरूले दिएको निवेदनको बेहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको परिणाम सम्झाई पक्षहरूको मिलापत्र गर्ने सम्बन्धमा सहमति रहे नरहेको सोध्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा उल्लेख भएको बेहोरा बमोजिमको मिलापत्र तीन प्रति तयार गराउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको मिलापत्रको बेहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर्न मञ्जुर भएमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१२ बमोजिमको ढाँचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति बादी तथा प्रतिबादीलाई दिनुपर्नेछ।

(६) मेलमिलाप केन्द्रद्वारा बिवादका पक्षहरुका बिचमा समझदारी कायम भई मेलमिलाप भएमा स्थानीय मेलमिलापकर्ताहरुको रोहवरमा ३ प्रति सहमतीपत्र तयार गर्नु पर्नेछ र यसरी तयार गरिएको सहमति पत्र न्यायिक समितिद्वारा प्रमाणित गरी एक एक प्रति बिवादका पक्षहरुलाई दिनु पर्ने र एक प्रति सम्वन्धित मेलमिलाप केन्द्रमा प्रतिलिपी राखि सोको अभिलेख न्यायिक समितिमा राख्नु पर्नेछ।

५४. **<u>मेलमिलाप गराउन सक्ने:</u>** (१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानुनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखि पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारवाही प्रारम्भ गरी पक्षहरू बीच मेलमिलाप गराई दिनुपर्नेछ।

(५) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५५. **उजुरी निर्णय गर्नेः** (१) समितिले यस ऐन बमोजिम मेलमिलापको माध्यमबाट उजुरीको निरोपण गर्न प्रक्रिया बढाएकोमा मेलमिलापको माध्यमबाट उजुरीको निरोपण हुन नसकेमा पक्षहरूलाई उजुरीको पेशी तारेख तोकी कानुन बमोजिम कारवाही गरी सुनुवाई तथा निर्णय गर्ने प्रक्रिया बढाउनुपर्नेछ।

*(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि अनुसूची १३ बमोजिम आदेश गरी दिनुपर्नेछ।*[6] ✦

५६. **मेलमिलाप वा मिलापत्र हुन नसक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उजुरीमा मिलापत्र गराउँदा उजुरीको प्रकृति वा मिलापत्रको बेहोराबाट नेपाल सरकार बादी भई चलेको कुनै विवाद वा सार्वजनिक तथा सरकारी सम्पत्ति वा हितमा असर पर्ने देखिएमा समितिले त्यस्तो विवादमा मिलापत्र गराउने छैन।

तर, त्यस्तो असर पर्ने बेहोरा हटाई अन्य बेहोराबाट मात्र मिलापत्र गर्न चाहेमा भने मिलापत्र गराई दिनु पर्नेछ।

५७. **मेलमिलापको लागि प्रोत्साहन गर्नेः** (१) समितिले समिति समक्ष सुनवाईको लागि पेश भएको उजुरीमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारेख तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको तारेखको दिन समितिले विवादका पहिलो पक्ष र दोस्रो पक्ष, उपस्थित भएसम्म पक्षले पत्याई साथै लिइ आएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम मिलापत्र कागज तयार गर्न लगाई मिलापत्र गराईदिनुपर्नेछ।

---

[6] ✦*पहिलो संशोधन २०८२ बाट थप गरिएको*

(३) उजुरीमा तोकिएको म्यादमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी विवादमा तारेखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराई दिनु पर्नेछ।

५८. **प्रारम्भिक सुनुवाई पूर्व मेलमिलापः** (१) उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष उजुरी पेश हुनुपूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अवस्था देखिएमा वा पक्षहरूले सो बेहोराको निवेदन लिई आएमा मिलापत्रको बेहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गर्दा मिलापत्रमा अन्तिम सहमति नजुटेको भए तापनि पक्षहरू मेलमिलापको लागि प्रक्रियामा जान सहमत भएमा उजुरी प्रशासकले पक्षहरूको निवेदन लिई उजुरीमा मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउने आदेशको लागि समिति समक्ष पेश गर्न सक्नेछ।

५९. **मेलमिलापकर्ताको सूची तयार गर्नेः** (१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहायबमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछः

(क) कम्तिमा कक्षा ८ उत्तिर्ण गरेको,

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,

(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको,

(ङ) २५ बर्ष उमेर पुरा भएको, र

(च) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिइ हाल काम गरिरहेकाको हकमा निजलाइ निरन्तरता दिन सकिने र बिवाद समाधानका बैकल्पिक उपाय अपनाइ स्थानीय स्तरमा बिवाद समाधान गर्दै आएका सामाजिक अगुवा कार्यकर्ताहरु जस्तै: भलमान्सा, बडघर, मुखिया आदिको हकमा सामान्य लेख पढ गर्न सक्ने ब्यक्तिलाइ समेत मेलमिलापकर्ताको लागि योग्य मानिनेछ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनु पर्नेछ।

६०. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने:** (१) समितिले दफा ५९ बमोजिम तयार भएको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनु पर्नेछ।

(३) यस ऐन तथा प्रचलित कानुन बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरिपाउनको लागि अनुसूची-१४ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

६१. **मेलमिलापकर्ताको सूचीबाट हटाउने:** (१) समितिले दफा ६० बमोजिम मेलमिलापकर्ताको सूची अद्यावधिक गर्दा देहायको अवस्थाका मेलमिलापकर्ताको नाम सूचीबाट हटाउनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजले आफ्नो नाम सूचीबाट हटाईपाउँ भन्ने निवेदन दिएमा,

(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) निज कुनै संस्थासँग सम्बध्द रहेकोमा सो संस्था खारेज वा विघटन भएमा, र

(ङ) समितिले दफा ६७ को उपदफा (२) बमोजिम निजलाई सूचीबाट हटाउने निर्णय गरेमा।

(च) बसाइ सराइ गरेमा।

(छ) यस ऐन विपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएका मेलमिलापकर्ताहरूको नामावली समितिले सार्वजनिक सूचनाको लागि प्रकाशन गर्नु पर्नेछ।

६२. **मेलमिलापको लागि समयावधि तोक्ने:** (१) समितिले यस ऐन बमोजिम मेलमिलाको लागि मेलमिलापकर्ता पठाउँदा बढिमा तिन महिना सम्मको समय तोकी पठाउनेछ।

(२) मेलमिलापको लागि पठाउँदा सामान्यतयाः बढीमा तीनजना बाट मेलमिलाप गराउने गरी तोक्नु पर्नेछ।

६३. **मेलमिलापकर्ताको छनौटः** (१) समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरूलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरूको सहमतिमा तिन जना मेलमिलापकर्ताको छनौट गर्नु पर्नेछ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका

मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरिदिनुपर्नेछ।

(४) उजुरीका सबै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन अयोग्य नभएको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडी बढाउन सहमत भै लिखित निवेदन दिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोकी दिनु पर्नेछ।

६४. **मेलमिलापकर्ताको परिवर्तनः** (१) समितिले देहायको अवस्था परि पक्षहरूले निवेदन दिएको अवस्थामा मेलमिलापकर्ता परिवर्तन गरिदिनु पर्नेछः-

(क) दफा ६१ बमोजिम मेलमिलापकर्ताको सूचीबाट हटाउने अवस्था भएमा,

(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा,

(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा,

(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा,

(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट समिति समक्ष जानकारी भएमा, तथा

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्यगर्दा दफा ६६ तथा

अन्य प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचरण पालन नगरेमा।

(२) मेलमिलापकर्ता परिवर्तनको कारणले तोकिएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले प्रचलित कानुन बमोजिम तीन महिनामा नबढ्ने गरी बढिमा एक महिना सम्मको समय थप गर्न सक्नेछ।

६५. **<u>मेलमिलापको लागि पठाउँदा गर्ने प्रक्रियाः</u>** (१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकी पठाउनु पर्नेछः

(क) उजुरीको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपी,

(ख) उजुरीको पक्ष वा वारेस भए वारेसको नाम, थर, वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर, ईमेल तथा अन्य सम्पर्क विवरण र

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्ने स्थान र समय।

(२) मेलमिलापकर्ताले समिति समक्ष माग गरेमा उजुरीका कागजातहरूको नक्कल उपलब्ध गराउनु पर्नेछ।

(३) मेलमिलापको लागि तोकिएको समय सम्पन्न भएको सात दिन भित्र उजुरीको पक्षहरू समिति समक्ष उपस्थित हुने गरी तारेख तोक्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापकर्ताले तोकिएको समय अगावै उजुरी समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा सो निर्णयको जानकारी भएको सात दिन भित्र पक्षहरूलाई समिति समक्ष उपस्थित हुनेगरी पठाउनु पर्नेछ।

६६. **<u>मेलमिलापमा अवलम्बन गर्नुपर्ने प्रक्रियाः</u>**(१) समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि छलफल गर्ने तथा अन्य कार्य गर्ने

स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलब्ध गराउनुपर्नेछ।

तर, पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्नेछैन।

(२) पक्षहरूलाई उपदफा (१) बमोजिम मेलमिलापकर्ताले तोकेको स्थानमा तोकिएको समयमा उपस्थित हुने दायित्व रहनेछ।

(३) उपदफा (२) बमोजिमको दायित्व पक्षहरूले पुरा नगरेमा मेलमिलापकर्ताले मेलमिलापको प्रक्रिया बन्द गरी समितिलाई सोको लिखित जानकारी गराई उजुरीको कागजात फिर्ता पठाउन सक्नेछ।

(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसँग समेत एकल वा सामूहिक वार्ता गर्न सक्नेछः

(क) विवादको विषयमा जानकारी रहेको उजुरीका पक्षले रोजेको व्यक्ति,

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय भद्रभलादमी।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसँग देहायबमोजिम वार्ता गर्नसक्नेछः

(क) पक्षहरूसँग एकल एकान्तवार्ता,

(ख) टेलिफोन वार्ता, भिडीयो कन्फ्रेन्स वा सञ्चारको अन्य माध्यमबाट वार्तालाप।

(६) प्रचलितकानुन तथा यस ऐनको मान्यता विपरीत नहुनेगरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्नसक्नेछ।

६७. **मेलमिलापकर्ताको आचरणः** (१) मेलमिलापकर्ताले देहायबमोजिमको आचरण पालन गर्नुपर्नेछः-

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढङ्गले सम्पादन गर्नुपर्ने,

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह नराख्ने वा राखेको देखिने कुनै आचरण वा व्यवहार नगर्ने,

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने,

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसँग आर्थिक कारोबारमा सँलग्न नहुने,

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानुन तथा अन्य स्थापित मान्यता विपरीत आचरण गर्न नहुने,

(च) मेलमिलापको क्रममा पक्षहरुसँग सम्मानजनक, सदभावपूर्ण र सबै पक्षप्रति समान व्यवहार कायम गर्ने,

(छ) मेलमिलापको क्रममा पक्षहरुले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्ने,

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने र

(झ) अन्य प्रचलित कानुनमा उल्लेखित मेलमिलापकर्ताको आचारसंहिताको पालना गर्ने।

(२) समितिले कुनै मेलमिलापकर्ताले उपदफा (१) बमोजिमको आचरण पालना नगरेको उजुरी परी वा सो विषयमा स्वयं जानकारी प्राप्त गरी छानविन गर्दा आचरण विपरित काम गरेको देखिएमा त्यस्तो मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउनेछ।

६८. **मेलमिलापकर्ताहरुको सेवा सुविधाः** (१) मेलमिलापकर्ताले विवाद समाधान गरे वापत संचार, यातायात र खाजा खर्चप्रति बिवाद प्रतिब्यक्ति पाँच सय रुपैयाँका दरले प्रदान गरिने छ।

(२) वडा मेलमिलाप केन्द्रका स्थानीय संयोजकलाई बिवादको संयोजन वापत संचार तथा यातायात खर्च वापत प्रति बिवादमा पाँच सय रुपैया प्रदान गरिनेछ र कुनै बिवादमा मेलमिलापकर्ता भई बिवाद समाधान गरे वापत उपदफा (१) मा उल्लेखित रकम प्राप्त गर्न कुनै बाधा पुग्ने छैन।

(३) स्थानीय वडा मेलमिलाप केन्द्रलाई आवश्यक मसलन्द तथा भैपरी आउने बिबिध खर्चहरु नगरपालिकाबाट प्रदान गरिनेछ।

६९. **मेलमिलाप नभएको उजुरीमा गर्नुपर्ने कारवाहीः** (१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो बेहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गर्दा मेलमिलापकर्ताले पक्षहरुलाई समिति समक्ष हाजीर हुन जाने बढिमा सात दिनको म्याद तोकी पठाउनु पर्नेछ।

(३) मेलमिलाप केन्द्र वा न्यायिक समितिमा दर्ता भई छलफल भएका तर प्रक्रियामा अगाडी बढ्न नसकि बिवादका पक्षहरु आफै मिलेका वा उक्त छलफल छोडि अन्यत्र गएका आदि कारणले समाधान हुन नसकेका बिवादहरुको समेत अभिलेख शाखाले अभिलेख राख्नु पर्नेछ।

७०. **मेलमिलाप नभएको उजुरीमा निर्णय गर्नुपर्नेः** (१) स्थानीय ऐनको दफा ४७ (१) को विबादमा समितिले मेलमिलापको लागि पठाएको

उजुरीमा पक्षहरुबीच मेलमिलाप हुन नसकि मेलमिलापकर्ताको प्रतिवेदन सहित प्राप्त हुन आएमा कानुन बमोजिम कारवाही गरी निर्णय गर्नुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायबमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनी सुनाई पठाई दिनुपर्छः-

(क) स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको विवादमा, तथा

(ख) कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित भएको विवादमा।

(३) उपदफा (२) को देहाय (ख) बमोजिमको विवादमा सम्बन्धित अदालत वा निकायमा पठाउँदा हाजिर हुन जाने तारेख तोकी पठाउने तथा मिसिल समेत नक्कल खडा गरी अभिलेख राखी सक्कल मिसिल सम्बन्धित अदालत वा निकायमा पठाउनु पर्नेछ।

७१. **मेलमिलाप दस्तुरः** विवाद समाधानको क्रममा मेलमिलाप प्रक्रियाद्वारा पक्षहरुका बिच आपसी सहमती भई मेलमिलाप हुन गएमा त्यस प्रकारका विबादमा कुनै प्रकारको मेलमिलाप दस्तुर लाग्ने छैन।

७२. **समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः** (१)समितिले स्थानीय स्तरमा मेलमिलाप प्रर्वद्धन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा मेलमिलापको प्रर्वद्धनात्मक कार्यक्रम गर्न सकिनेछ।

(२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ (१) अनुसारको योग्यता तथा अनुभव नभएका मेलमिलापकर्तावाट मेलमिलाप गराउन वाधा पर्ने छैन।

(३) समितिले समुदायस्तरमा हुने सामुदायिक मेलमिलापको कार्यविधि तोके वमोजिम हुनेछ।

## परिच्छेद-९

## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

७३. **सचिवालयको जिम्मेवारीः** कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ।

७४. **सहयोग गर्नुपर्नेः** (१) नगरपालिका कार्यालय तथा सो अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानुन बमोजिम समितिले गरेको निर्णय बमोजिम व्यक्ति वा संस्था वा अन्य कसैसँग असुल गर्नुपर्ने जरिवाना वा अन्य रकम असुलउपर गर्न सहयोग गर्नु पर्नेछ।

(२) यस ऐन तथा प्रचलित कानुन बमोजिम समितिले असूल गर्नुपर्ने जरीवाना, बिगो वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यालयहरुले कुनै सिफारिस वा कुनै कार्य गरि दिने छैनन्।

७५. **असुल उपर गर्नेः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम कुनै पक्षसँग जरीवाना वा बिगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षले जरीवाना तिर्न बुझाउन ल्याएमा बुझी सदरस्याहा गरी जरिवानाको लगत कट्टा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम असुलउपर नभएमा लगत राखी सम्बन्धित पक्षको नाम नामेसी तथा जरीवाना रकम समेतको विवरण नगरपालिकाको कार्यालयका साथै सबै वडा कार्यालयमा समेत अभिलेखको लागि पठाउनु पर्नेछ।

(३) सम्बन्धित कार्यालयहरुले उपदफा (२) बमोजिम लेखि आएमा त्यस्तो पक्षसँग जरीवाना रकम असुलउपर गरी अभिलेख शाखामा सदरस्याहा गर्न पठाउनु पर्नेछ।

७६. **भरीभराउ गर्नेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै पक्षले राखेको दस्तुर, वा अन्य कुनै प्रकारको रकम कुनै पक्षबाट भराईपाउने भएमा भराई पाउने पक्षले भरी दिनुपर्ने

पक्षको त्यस्तो रकम भराईदिनुपर्ने स्रोत खुलाई अनुसूची-१५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा यथासम्भव नगद रहेको बैंक खाता वा कुनै सहकारी वा बचत संस्थामा रहेको रकम र सो नभएमा लिलाम बिक्री गरी असुलउपर गर्नुपर्ने अवस्था भएमा कुनै अचल सम्पत्तिको बेहोरा खुलाई निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा दफा ७८ बमोजिमको विवरण खुलाई निवेदन दिनुपर्नेछ।

७७. **चलन चलाई दिनेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई अभिलेख प्रशासक समक्ष अनुसूची-१६ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अभिलेख प्रशासकले निर्णय बमोजिमको विषयको चलन चलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिँदा चलन चलाउनु पर्ने सम्पत्तिको दफा ७८ बमोजिमको विवरण खुलाउनु पर्नेछ।

७८. **सम्पत्तिको विवरण खुलाउनुपर्नेः** भरिभराउ गर्न वा चलनचलाइ पाउनको लागि निवेदन दिने विवादको पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहायबमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) अचल सम्पत्तिको विवरण

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला,

(२) घर जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल,

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट,

(४) घर जग्गाको अवस्थिती आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको बेहोरा,

(५) कच्ची वा पक्कि सडकसँग जोडिएको बेहोरा र

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्व भन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरण,

(७) घरमा भएको लगापात तथा खरिदबिक्रि हुन सक्ने न्यूनतम मूल्य।

(ख) चल सम्पत्तिको विवरणः

(१) चलसम्पत्ति रहेको ठाउँ तथा भोग वा नियन्त्रण राख्नेको नाम थर,

(२) बैंक खातामा रहेको नगद भए खातावालको साथै बैंक तथा शाखाको नाम,

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित बिक्रि मूल्य,

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकको आकार र संख्या।

७९. **सम्पत्ति रोक्का राख्नेः** (१)अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमाआवश्यक पर्ने जति जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि कार्यापालिका समक्ष पेश गर्ने र कार्यपालिकाबाट रोक्का राख्ने निर्णय गरेपछी निर्णय बमोजिम जेथा रोक्का राख्नको लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखि पठाउनु पर्नेछ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको बढिमा दुई दिन भित्र सम्पत्ति तायदात गर्न लगाई तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राख्नुपर्छ र त्यसको भर्पाई सम्बन्धित पक्षलाई दिनुपर्छ।

(३) दफा ७८ को देहाय (ख) बमोजिमको सम्पत्तिको हकमा भरिभराउको लागि आवश्यक पर्ने जति सम्पत्ति रोक्का राखी रोक्काको सूचना आवश्यकताअनुसार लेखा शाखा वा सम्बन्धित बैंक वा सम्बन्धित निकायमा तुरुन्त लेखि पठाउनु पर्नेछ।

(४) सम्पति रोक्का सम्वन्धि आदेश अनुसूची १७ बमोजिम हुनेछ।

८०. **सम्पत्ति लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधिः** (१) कार्यपालिकाले यस ऐन बमोजिम भरीभराउ गर्नुपर्ने बिगो वा कोर्ट फी वा त्यस्तै कुनै रकम असुलउपर गर्न दफा ७८ को देहाय (क) बमोजिम सम्पत्तिको विवरण खुलाई दरखास्त परेमा त्यस्तो रकम भरीदिनुपर्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम बुझाउनसात दिनको म्याद दिई सूचना जारी गर्नुपर्छ।

(२) उपदफा (२) बमोजिमको म्यादमा रकम बुझाउन नल्याएमा त्यस्तो भरीदिनुपर्ने व्यक्तिको भरीपाउने व्यक्तिले देखाएको दफा ७८ को देहाय (क) बमोजिमको सम्पत्ति तायदात गरील्याउनुपर्छ।

(३) दण्ड, जरीवाना, सरकारी बिगो वा कुनै अदालत वा निकाय वा नगरपालिका वा समितिको निर्णयले असुल उपर गर्नुपर्ने कुनै रकमको हकमा त्यस्तो असुलउपर हुनुपर्ने व्यक्तिले बुझाउन नल्याएमा निजको जुनसुकै अचल सम्पत्ति फेला परेमा तायदात गरी रोक्का राख्नुपर्छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जेथा जमानत वा कुनै प्रकारको नगद धरौट दाखिल गरेको हकमा सो सम्पत्तिबाट खाम्ने जति रकमको लागि उपदफा (३) बमोजिम गरिरहनुपर्दैन।

(५) उपदफा (४) बमोजिम मोल कायम भएपछि उक्त अचल सम्पत्तिको लिलामको सूचना सम्बन्धित पक्षलाई दिई सर्वसाधारणको जानकारीको लागि लिलाम हुने मिति र सम्पत्तिको विवरण सहितको सार्वजनिक सूचना नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा टाँस्न लगाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकिएको दिनमा उक्त सूचनामा तोकिएको सम्पत्ति पञ्चकिर्ते मोलबाट माथि बढाबढ प्रक्रिया बमोजिम लिलाम गर्नु पर्नेछ।

(७) लिलाम प्रक्रियामा सम्भव भएसम्म जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रशासन कार्यालय, स्थानीय प्रहरी कार्यालय तथा नगरपालिका क्षेत्र भित्र रहेका अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई रोहवरमा राख्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम गर्दा उक्त सम्पत्ति कसैले पनि लिलाम सकार नगरेमा सोहि प्रक्रियाबाट पुनः दोस्रोपटक लिलाम गर्नु पर्नेछ तथा दोस्रोपटक गर्दा पनि कसैले लिलाम सकार नगरेमा भराईपाउने पक्ष निवेदकलाई नै उक्त सम्पत्ति पञ्चकिर्ते मोलमा सकार गर्न लगाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम गर्दा निवेदकले सम्पत्ति सकार गर्न नचाहेमा पछि अर्को जेथा खुल्न आएका बखत कानुन बमोजिम

गर्नेगरी निजको निवेदन तामेलीमा राखी लिलाममा चढाईएको सम्पत्ति फुकुवा गरीदिनु पर्छ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको कुनै रकम असुल उपर गर्ने क्रममा लिलाम गर्दा कसैले सकार नगरेमा जतिमा सकार हुन्छ त्यतिमा नै सो सम्पत्ति लिलाम गरी प्राप्त रकम सदरस्याहा गरी नपुग रकमको हकमा कानुन बमोजिम अन्य सम्पत्ति वा प्रक्रियाबाट असुलउपर गर्नु पर्नेछ।

८१. **<u>तायदात गर्ने प्रक्रियाः</u>** (१)अभिलेख प्रशासकले दफा ७९ बमोजिम सम्पत्ति तायदात गर्नुपर्दा कम्तिमा वडा सचिव स्तरको कर्मचारी खटाई त्यस्तो अचल सम्पत्तिको चलनचल्तीको मूल्य स्पष्ट खुल्ने गरी तायदात गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तायदात गर्ने कर्मचारीले तायदात गर्नुपर्ने सम्पत्तिको चलनचल्तीको मूल्य कायम गर्ने प्रयोजनले पञ्चकिर्ते मोल कायम गरी मुचुल्का खडा गरी अभिलेख प्रशासक समक्ष प्रतिवेदन सहित पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पञ्चकिर्ते मोल कायम गर्दा देहायबमोजिमको कुरालाई आधार लिई कायम गर्नु पर्नेछः

(क) निवेदकले निवेदनमा खुलाएको मूल्य,

(ख) निर्णयमा उल्लेख भएको भए सो मूल्य,

(ग) पक्षले जमानत वा कुनै अन्य प्रयोजनको लागि कार्यपालिका समक्ष निवेदन दिँदा खुलाएको मूल्य,

(घ) तायदात गर्दा भै आएको स्थानीय मूल्याँकन अनुसारको मूल्य,

(ङ) मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य,

(च) अन्य कुनै प्रयोजनले कुनै सरकारी निकायले कुनै मूल्य कायम गरेको भए सो मूल्य र

(छ) पञ्चकिर्ते मोल कायम गर्नुभन्दा तत्काल अगावै कुनै खरिद बिक्रि भएको भए सो मूल्य।

(४) उपदफा (३) बमोजिम गर्दा देहायबमोजिमको कुरालाई समेत ध्यानमा राख्नु पर्नेछः

(क) औद्योगिक वा व्यापारिक वा आवास क्षेत्र लगायत सडक सञ्जालसँग जोडिएको छ वा छैन, र

(ख) नगरपालिका क्षेत्रभित्र पर्ने घरको हकमा घरको वर्तमान अवस्था सम्बन्धमा प्राविधिक मुल्याँकन प्रतिवेदन।

८२. **खाम्नेजति मात्र लिलाम गर्नुपर्नेः** (१)कार्यपालिकाले दफा ८० बमोजिम लिलाम गर्दा असुल गर्नुपर्ने बाँकी खाम्ने जति सम्पत्ति मात्र लिलाम गर्नु पर्नेछ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढि भएमा सो बढि भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरिदिनु पर्छ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनु भनी निजको नाममा सात दिनको सूचना जारी गरीझिकाई रकम फिर्ता गर्नुपर्छ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्तालिन नआएमा उक्त रकम सञ्चितकोषमा दाखिल गरी आम्दानीबाँधी सदरस्याहा गर्नुपर्छ।

(५) अभिलेख प्रशासकले दफा ८० बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि

सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाई दिनुपर्छ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८० बमोजिमको लिलाम प्रक्रिया अगाडी बढिसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझि सम्पत्ति लिलाम गर्नु पर्नेछ।

८३. **लिलाम उपरको उजुरी:** यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिन भित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नु पर्नेछ।

८४. **बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्च:** यस ऐन बमोजिम बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्च बिगो भरीदिनुपर्ने वा चलनचलाई दिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ।

८५. **यथास्थितिमा राख्ने:** कार्यपालिकाले यस ऐन बमोजिम चलनचलाई माग्न वा बिगो भराईपाउन कुनै सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलनचलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हकहस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नु पर्नेछ।

८६. **निवेदनबाट कारवाही गर्ने:** अभिलेख प्रशासकले कुनै पक्षले दफा ८५ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तिन दिनको म्याद जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्न पर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाँ उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको बेहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाई दिनु पर्नेछ।

८७. **चलनचलाउने सूचनाः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुँदा सो मिति अगावै घर जग्गा खालि गरीदिनु भनि चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नु पर्नेछ।

(२) चलनदिनुपर्ने सम्पत्ति उजुरीको पक्षबाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोहि पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको मितिमा खटिई जाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडागरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विविध

८८. **नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोहि दिन र सो भन्दा पछी पेश भएमा सम्भव भएसम्म सोहि दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ।

(४) उपदफा (१) बमोजिम निवेदन दिँदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनुपर्नेछ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिँदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ।

(६) नक्कल निवेदन दिँदा अनुसूची-१८ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

८९. **नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८८ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिनेपक्षसँग देहायबमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनु पर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू ५।–रुपैयाँको दरले,

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू ५।– रुपैयाँको दरले, तथा

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू ५।– रुपैयाँको दरले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नु पर्नेछ।

९०. **<u>दस्तुर उल्लेख गर्नेः</u>** (१)नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको बेहोरा जनाई नक्कल प्रमाणित गर्नु पर्नेछ।

९१. **<u>दस्तुर चुक्ता नभई नक्कल नदिइनेः</u>** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउने छैन।

९२. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानुनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोहि बमोजिम हुनेछ।

९३. **<u>नियम बनाउने अधिकारः</u>** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची १

*(दफा ८ को अनुसूची (२) सँग सम्बन्धित)*

**<u>न्यायिक समिति समक्ष पेश गरेको उजुरी पत्र</u>**

......... जिल्ला ...........नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

.......... जिल्ला ...........नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

बिषयः .......................................

म निम्न बुदाहरुमा लेखिएबमोजिम निवेदन गर्दछु।

१. ..........................................................................................

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो बुझ्नु पर्छ बुझी बिवाद निरुपण गराई पाउँ।

३. यस नगरपालिकाबाट जारी भएको स्थानीय न्यायिक समिति (कार्यबिधि सम्बन्धी) ऐन,२०७६ को दफा १४ बमोजिम बिवाद दर्ता दस्तुर रु १००।— यसै उजुरी साथ दाखिला गरेको छु।

४. यो उजुरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा ....अनुसार यसै समितिको अधिकार क्षेत्र भित्र पर्दछ।

५. यो उजुरी हदम्याद भित्र छ र म उजुरीकर्तालाई यस बिषयमा उजुरी दिने हकदैया प्राप्त छ।

६. यस बिषयमा अन्यन्त्र कहि कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

७. यसमा लेखिएको बेहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

निवेदक

नाम

हस्ताक्षर

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।

अनुसूची २

*(दफा ८ क. को उपदफा (३) सँग सम्बन्धित)*

कमलबजार नगरपालिका, अछाम

**न्यायिक समितिबाट मेलमिलाप केन्द्रलाई मेलमिलापको प्रक्रिया अवलम्बन गर्न दिएको**

**आदेश**

सम्वत्........सालको ........... मुद्दा नं. ...

मुद्दा....................................।

..............................निवेदक र ............................... विपक्षी भएको उल्लिखित विवादका सम्बन्धमा यस समितिमा दर्ता कायम भएको छ।

उल्लिखित विवादका पक्षहरुलाई सम्झाइबुझाई मेलमिलाप प्रक्रियामा सहभागी हुन अनुरोध गरी पक्षहरु सहमत भएमा तहाँ मेलमिलाप केन्द्रमा बोलाई १५ दिन भित्र मेलमिलाप सत्र सञ्चालन गर्न यो आदेश दिइएको छ।

उल्लिखित तोकिएको अवधीमा पक्षहरु बीच मेलमिलाप भए सहमत पत्र तयार गरी पक्षहको सहिछाप गराई उक्त सहमति पत्रका साथ पक्षहरुलाई न्यायिक समिति समक्ष अनुसूची ११ बमोजिमको संयुक्त मिलापत्रको निवेदन सहित उपस्थित गराउनु भनी यो आदेश गरिएको छ।

साथै तहाँ केन्द्रमा बिपक्षीलाई बोलाई म्याद तामेल गर्न तथा केन्द्रमा उपस्थित नभए सम्बन्धित ठाउँमा गई रितपूर्वक अनुसूची ८ को ढाँचामा म्याद तामेली गर्न गराउन समेत आदेश गरिएको छ।

(१) मेलमिलाप समितिमा दर्ता भएको निवेदनको प्रतिलिपी १ थान

(२) अनुसूची ३ बमोजिमको उजुरी दर्ता निस्सा १ थान

आज्ञाले

उजुरी प्रशासक

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम्।

अनुसूची ३

*(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)*

**उजुरी दर्ता गरेको निस्साको ढाँचा**

श्री ..................................

........................................

**बिषयः उजुरी दर्ता निस्सा सम्बन्धमा।**

.........जिल्ला.............नगरपालिका.........वडा ... मा बस्ने तपाई ...............ले .........जिल्ला.............नगरपालिका.........वडा .......मा बस्ने.....................................बिरुद्धमा ..................................भनी उजुरी दर्ता गर्न ल्याएकोमा आज मिति ..........................मा तपाईको निवेदन दर्ता गरी दर्ता नं. ..............कायम भएकाले यो निस्सा जारी गरिएको छ।

**अधिकृत कर्मचारी**

नामः .............................

पद ...............................

हस्ताक्षर

मिति

## अनुसूची ४

*(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)*

**<u>तारिख भर्पाई</u>**

| | |
|---|---|
| <u>वादी</u> | <u>प्रतिवादी</u> |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

मुद्दाः ...............................

मितिः ...........................मा यस मुद्दाको ..............................काम गर्ने भएकाले सोहि दिनको ...........बजे यस न्यायिक समितिमा उपस्थित हुनेछु।

**<u>बादी</u>**

नामः .................................

हस्ताक्षर

नामः ............................

हस्ताक्षर

ईति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची ५

*(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**कमलबजार नगरपालिका, अछाम**

**<u>कमलबजार नगरपालिकामा खडा गरिएको तारिख पर्चा</u>**

| बादी | प्रतिवादी |
|---|---|
| नामः ...................................... | नामः ........................................ |
| ठेगानाः ................................... | ठेगानाः ..................................... |

**मुद्दाः ........................................**

मितिः .........................मा यस मुद्दाको ..................काम गर्ने भएकाले सोहि दिनको ................बजे यस न्यायिक समितिमा उपस्थित हुनुहोला।

<u>तारिख तोक्ने कर्मचारीको सहिछाप</u>

नामः

पदः

हस्ताक्षर

ईति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची ६

*(दफा १५ को उपदफा ३ सँग सम्बन्धित)*

### लिखित जवाफ (प्रतिवाद)

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ..................(लिखित जवाफ प्रस्तुतकर्ता )……… प्रथम पक्ष

बिरुद्ध

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरारछोरी, श्रीमान/श्रीमति ....बर्षको ...............(निवेदक) ……………दोस्रो पक्ष।

**बिषयः .......................................।**

मिति ...............सालको निवेदन दर्ता नं. ......कायम भएको मुद्दामा उजुरवालाले मलाई लगाएको अभियोगका सम्बन्धमा मेरो बेहोरा निम्न लिखित छ।

१. ..................................................................................................................................................................................................

२. यस नगरपालिकाबाट जारी भएको स्थानीय न्यायीक समिति (कार्यबिधि सम्बन्धी) ऐन, २०७६ को दफा १४ बमोजिम लिखित जवाफ दर्ता दस्तुर रु ....।- यसै उजुरी साथ दाखिला गरेको छु।

३. यो लिखित जवाफ म्याद भित्रै लिई म आफै उपस्थित भएको छु।

४. यस बिषयमा अन्यन्त्र कहिकतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

५. यसमा लेखिएको बेहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

**लिखित जवाफ प्रस्तुतकर्ता**

नामः

ठेगानाः

हस्ताक्षर

ईति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची ७ क.

*(दफा २० को उपदफा (६) सँग सम्बन्धित)*

**कमलबजार नगरपालिका न्यायिक समितिबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना**

*(मेलमिलाप आदेश भएकोमा मात्र प्रयोग गर्ने प्रयोजनका लागि)*

श्री ........................

.................................

....................जिल्ला .............नगरपालिका बस्ने .................................ले तपाईको बिरुद्ध ..........................................बिवाद परेको र सो निवेदन यस न्यायिक समितिको उजुरी दर्ता कितावमा दर्ता नं .............कायम भई प्रस्तुत विवादका सम्बन्धमा मेलमिलाप प्रक्रियालाई सहजीकरण गर्न यस नगरपालिकाको ...................मेलमिलाप केन्द्रलाई मेलमिलाप आदेश गरिएको छ।

अतः यस बिवादमा तपाईले यो म्याद बुझेको वा रित पुर्वक तामेल भएको मितिले १५ (पन्द्र) दिन भित्र मेलमिलाप केन्द्रले बोलाएको स्थानमा गई मेलमिलाप शत्रमा सहभागी हुनु होला।तोकिएको समयमा मेलमिलाप भए सहमति पत्र वा मेलमिलाप प्रयास असफल उल्लिखित निवेदनमा के कसो भएको हो, यसमा तपाईको कस्तो दावी वा प्रतिदावी रहेको छ सो सम्बन्धी बेहोरा यसै सूचनामा संलग्न (अनुसूची - ५) ढाँचामा लिखित जवाफ सहित यस कार्यालय समक्ष हाजिर हुन आउनुहोला। अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराईन्छ ।

**म्याद सूचना जारी गर्ने कर्मचारीको**

नाम

पद

हस्ताक्षर

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम् ।

## अनुसूची ७ ख.

*(दफा २० को उपदफा (६) सँग सम्बन्धित)*

**<u>न्यायिक समितिबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना</u>**

*(मेलमिलाप आदेश नभएकोमा प्रयोग गर्ने प्रयोजनका लागि)*

श्री ........................

................................

...................जिल्ला ...........नगरपालिका बस्ने .................................ले तपाईको बिरुद्ध ........................................बिवाद परेको भनि निवेदन दर्ता गरेको हुँदा सो को प्रतिलिपी यसै पत्रका साथ पठाईएको छ। अतः तपाईले यो म्याद बुझेको वा रित पुर्वक तामेल भएको मितिले १५ (पन्द्र) दिन भित्र यसै सूचनामा संलग्न ढाँचामा (अनुसूची ६) लिखित जवाफ सहित यस कार्यालय समक्ष हाजिर हुन आउनुहोला। अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराईन्छ।

**<u>म्याद सूचना जारी गर्ने कर्मचारीको</u>**

नाम

पद

हस्ताक्षर

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची ८

*(दफा २० को उपदफा ७ सँग सम्बन्धित)*

**न्यायिक समिति**

**कमलबजार नगरपालिका, अछाम**

**म्याद तामेलीको नमूना**

| **बादी** | **प्रतिवादी** |
| --- | --- |
| नामः ......................................... | नामः ....................... |
| ठेगानाः ....................................... | ठेगानाः ..................... |

मुद्दाः ........................................।

**१. म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिले बुझिलिएकोमा**

मेरो नाममा जारी भएको एक प्रति म्याद सूचना र मेरो बिरुद्ध कमलबजार नगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि समेत देहायका साक्षीहरुको रोहबरमा म आफैले बुझी लिएँ भनि दस्तखत गर्ने .............

**२. म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिको एकाघरको सदस्यले बुझिलिएकोमा**

म्याद सूचना जारी भएको व्यक्तिले म्याद सूचना बुझ्न ईन्कार गरेकोरफेला नपरेकोले कमलबजार नगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि र म्याद सूचना देहायका साक्षीको रोहवरमा बुझिलिए भनि दस्तखत गर्ने म्याद सूचना बुझिलिनु पर्ने.........को एकाघरक........नाताको बर्ष ....को..............।

**३. म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति फेला नगरी तामेल गर्नु परेकोमा**

बिपक्षी........................को नाममा जारी भएको म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति र निजको घरपरिवारका सदस्यहरुले म्याद सूचना बुझिलिन इन्कार गरेको रनिजको घर समेत तलास गर्दा फेला नपरेकोले निजका नाउँको एक प्रति म्याद सूचना सम्बन्धित वडाको .................ठाउँमा वा टोलको सार्वजनिक ठाउँ ..........मा टाँस गरेका छौ भनी दस्तखत गर्ने व्यक्तिहरुः

१. .......जिल्ला .......नगरपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ......

२. .......जिल्ला .......नगरपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ......

**साक्षी**

माथि उल्लेखित खण्ड (....) बमोजिम हामीहरुको रोहवरमा म्याद सूचना तामेली भएको ठीक हो भनी दस्तखत गर्ने।

१. .......जिल्ला .......नगरपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ......

२. .......जिल्ला .......नगरपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ......

**रोहबर**

.........जिल्ला......नगरपालिका......का वडा अध्यक्ष/सदस्य/सचिब श्री...........।

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची ९

*(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**कमलबजार नगरपालिका, अछाम**

**निर्णयको ढाँचा**

संयोजक श्री ..............................................................

सदस्य श्री ..............................................................

सदस्य श्री ..............................................................

**निर्णय**

सम्बत ..........सालको निवेदन नं. .....

..........जिल्ला ...........नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...........नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .........................(दोस्रो पक्ष) बिपक्षी

बिषयः ......................................

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१) बमोजिम निवेदन दर्ता भई यस न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ

१. ............................................................................................................................................................................................................................ निवेदनको बेहोरा।

२. ..................................................................................................प्रतिवादको बेहोरा।

३. ........................................................................................... मेलमिलाप केन्द्रमा के कारणले बिवाद मिलेन सो बेहोरा ।

४. .............................................................................................. ....................................................................................................सबुद प्रमाणले बोलेको बेहोरा।

**न्यायिक समितिको ठहर**

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी आज निर्णयको लागि पेस हुन आएको प्रस्तुत विवादमा विवादका सम्बन्धित पक्षहरूको मौखिक भनाई एवम् निजहरूवाट नियुक्त भएका कानून व्यवसायीहरूबाट......................................भन्ने समेत बेहोराको बहस समेत सुनियो। यस न्यायिक समितिले विवादका पक्षहरूलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न पटक पटक अनुरोध गरी वडा मेलमिलाप केन्द्रमा पठाइएकोमा मिलापत्र हुन नसकेको भनी सूचीकृत मेलमिलापकर्ताको प्रतिवेदनबाट देखिन आएको र न्यायिक समितिले मिलापत्र गराउन सक्दो प्रयास गर्दा समेत मिलापत्र हुन नसकेकाले प्रस्तुत विवादमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२) बमोजिम निर्णय दिनुपर्ने भएको छ। विवादको मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी निर्णयतर्फ विचार गर्दा भन्ने निवेदन (वादी) दावी र सोका सम्बन्धमा निवेदन दावीलाई स्वीकार/ आआंशिक स्वीकार/इन्कार गरेको प्रतिवादीको लिखित बेहोराबाट देखिन आएको छ। पक्षहरु वीच ................................भन्ने कुरामा मुख मिली वा नमिली सो सम्बन्धमा निर्णय दिनु पर्ने हुन आएको छ।

.................................................................आधार र कारणबाट निवेदन (वादी) दावी पुष्टि हुन आएको/ हुन नआएको देखिदा ..............................संहिता वा ऐन...... ...को दफा... बमोजिम निवेदन (वादी) देखिँदा.. दावी पुग्ने वा नपुग्ने ठहर्ने गरी यो निर्णय गरिदियौं। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्नु। *(सर्वसम्मत निर्णय गर्दा यो ढाँचामा गरिन्छ भने बहुमतको आधारमा निर्णय गर्दा फरक राय व्यक्त गर्ने पदाधिकारीको छुट्टै राय लेखिन्छ। जो मुख्य राय भन्दा तल लेखिन्छ।)*

**तपसिल**

१. ..........................................................गर्ने निर्णय भएकाले यो विवादको पुनरावेदन परी वा नपरी निर्णय अन्तिम भएमा निर्णय

कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाई दिनु/ चलन चलाई दिनु / विगो वा क्षतिपूर्ति भराई दिनु।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम यो निर्णयमा चित्त नबुझे ३५ दिनभित्र ................................जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी निवेदक निवेदन (वादी) वा प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५० बमोजिम न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराई जानकारी दिनु।

४. नक्कल माग गर्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु।

५. यो निर्णय नगरपालिकाको विवाद निरूपण सम्बन्धी सफ्टवेयरमा प्रविष्ट (इन्ट्री) गर्नु।

| ................... | ................... |
|---|---|
| सदस्य | सदस्य |

न्यायिक समितिका पदाधिकारीले बोली टिपाए बमोजिम टिपी लेखे फलानो दर्जाको कर्मचारी.. १

कम्प्युटर टाईप गर्ने फलानो दर्जाको कर्मचारी.......................................१

प्रमाणीकरण मितिः..................................

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची १०

*(दफा ४८ सँग सम्बन्धित)*

**कमलबजार नगरपालिका**

**न्यायिक समिति**

**अन्तरिम संरक्षणात्मक आदेश**

संयोजक श्री ...............................................................

सदस्य श्री ...............................................................

सदस्य श्री ...............................................................

आदेश

सम्बत ...........सालको निवेदन नं. .....

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .........................(प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................(दोस्रो पक्ष) बिपक्षी

**बिषयः ......................................**

..............भनी दिनु भएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएको हुँदा हाललाई .....................................प्रवन्ध मिलाउनु भनि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (४) बमोजिम बिपक्षी ........................................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौ । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखि पठाईदिनु। यो आदेश अनुसार कार्य भएको जानकारी प्राप्त गरी सिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु।

इति सम्बत् .......साल .........महिना .......गते ........रोज शुभम्।

## अनुसूची ११

*(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)*

**कमलबजार नगरपालिका**

**न्यायिक समिति समक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदन पत्र**

श्री संयोजक ज्यु

न्यायिक समिति,

कमलबजार नगरपालिका

**बिषयः मिलापत्रका लागि संयुक्त निवेदन पेश गरेको बारे।**

मिति ...................मा यस न्यायिक समितिमा दर्ता भई दर्ता नं. ......कायम भएको बिवादका हामी दुवै पक्ष मिलापत्र गर्न सहमत भएकोले सो सम्बन्धमा आवश्यक प्रक्रिया अगाडी बढाई दिन हुन अनुरोध गर्दछौं।

**बादी**

नामः ................................

हस्ताक्षर

**प्रतिवादी**

नामः ............................

हस्ताक्षर

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

## अनुसूची १२

*(दफा ५३ (५) र (६) सँग सम्बन्धित)*

....................मेलमिलाप केन्द

कमलबजार नगरपालिका, अछाम

**मिलापत्र/सहमति पत्र**

**विवादको बिषयः ........................................................।**

............... जिल्ला ............नगरपालिका वडा नं......बस्ने वर्ष .... को..............र ..................... जिल्ला .....................नगरपालिका ..... वडा नं......... बस्ने वर्ष ........ को श्री .........................बीच उल्लेखित बिषयमा विवाद भई यस मेलमिलाप केन्द्रमा निवेदन परेको हुनाले दुबै पक्षलाई राखी मेलमिलाप प्रक्रियाद्वारा मिति ........ मा छलफल गराउँदा तपसिलका बुँदाहरुमा हामी दुबै पक्षको चित्त बुझ्दो सहमति भएकोले सहमत भएको बुँदाहरुलाई निष्ठापूर्वक पालना गर्ने गरी मेलमिलापकर्ताहरुको/ न्यायिक समितिको उपस्थितिमा राजीखुशीले यो सहमति पत्रमा सहीछाप गरी लियौं/दियौं।

१...................................................................................................

२...................................................................................................

३...................................................................................................

**सहमत हुने पक्षहरु**

**पहिलो पक्ष** **दोस्रो पक्ष**

नामः नामः

ठेगानाः ठेगानाः

हस्ताक्षरः हस्ताक्षर

## अनुसूची-१३

*(दफा ५५ को उपदफा (२) सँग सम्बन्धित)*

**विवादको पक्षहरूलाई विवाद निरूपणका लागि जिल्ला अदालतमा जानु भनी गर्ने आदेश नमूना**

श्री कमलबजार नगरपालिका न्यायिक समिति

संयोजक श्री.................................

सदस्य श्री...................................

सदस्य श्री...............................

**बाट भएको आदेश**

निवेदक (वादी) को नाम थर र वतन प्रतिवादीको नाम थर र वतन

**विवादः ............।**

यसमा............ ............... ..........................निवेदन दावी र ............... ......... ......... ......... ......भन्ने प्रतिवादीको लिखित व्यहोरा भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) सँग सम्बन्धित प्रस्तुत विवादमा पक्षहरूलाई मेलमिलापको माध्यमबाट विवाद समाधानको लागि यस न्यायिक समितिको मितिको आदेशानुसार........ मेलमिलाप केंद्रमा पठाईएकोमा तीन महिना सम्म पनि निवेदक (वादी) र प्रतिवादीबीच मेलमिलाप हुन नसकेको भनी वडा मेलमिलाप केन्द्र मार्फत सूचिकृत मेलमिलापकर्ताहरू श्री ........................ले प्रतिवेदन गरेको देखियो। यस न्यायिक समितिबाट समेत मिलापत्र गर्नको लागि पटक पटक पक्षहरूलाई सम्झाई बुझाई गर्दा निवेदक र प्रतिवादीको बीचमा मिलापत्र हुन सक्ने सम्भावना नदेखिएकोले दुवै पक्षलाई विवाद समाधानको लागि जानकारी दिन र यस सम्बन्धी विवादको मिसिल (फाइल) र कागजात... .....जिल्ला अदालत जानको लागि ... जिल्ला अदालतमा पठाई दिन मनासिव देखिदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा (४) बमोजिम यो आदेश गरी दिएको छ। विवादको दायरीको लगत कट्टा गर्नु।

सदस्य सदस्य संयोजक

इति सम्वत्....... साल................. महिना ....गते रोज...शुभम्...।

**अनुसूची १४**

*(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)*

न्यायिक समिति

कमलबजार नगरपालिका, अछाम

**मेलमिलापकर्तामा सुचिकृत हुने निवेदन**

**बिषयः मेलमिलापकर्तामा सूचिकृत हुन पाउँ।**

म यस नगरपालिकाको मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक भएकाले तपसिल बमोजिमको प्रमाण कागज साथै राखी यो निवेदन गर्दछु। निवेदन माग बमोजिम मेलमिलापकर्ताको रुपमा सूचिकृत गरी पाउँ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रतिलिपी

२. कक्षा आठ उर्तिण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी

३. ४८ घण्टे मेलमिलाप सम्बन्धि तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

४. व्यक्तिगत बिवरण

निवेदक

नामथर ........................................

हस्ताक्षर

फोन न.

## अनुसूची १५

*(दफा ७६को उपदफा (१) सँग सम्बन्धित)*

**कमलबजार नगरपालिका, अछाम**

**न्यायिक समितिमा पेश गरेको भरिभराई निवेदन पत्र**

**बिषयः भरिभराई पाउँ भन्ने बारे।**

..........जिल्ला ..............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

**बिषयः ......................................**

म निवेदक भरी भराइ गरिदिनका लागि निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा यस नगरपालिकाको न्यायिक समितिको मिति .........को निर्णय बमोजिम मैले यस कार्यालयमा मिति .................को न्यायिक समितिको फैसला बमोजिम मैले भरी भराई पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु।

२. मैले यस कार्यालयमा आवश्यक तिर्नुपर्ने रकम तिरी सकेको र यस न्यायिक समितिको अन्तिम फैसला छायाकपी यसै साथ संलग्न छ।

३. यसमा लेखिएको बेहोरा ठिक साचो हो झुटा ठहरे सहुँला बुझाउला।

निवेदक

.................

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम्।

## अनुसूची १६

*(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)*

**कमलबजार नगरपालिका**

**न्यायिक समिति समक्ष चलन चलाउनको लागि दिइएको निवेदन पत्र**

**बिषयः चलन चलाई पाउँ भन्ने बारे।**

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ..........................(दोस्रो पक्ष) बिपक्षी

**मुद्दाः .......................................**

म निवेदक निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दा यस नगरपालिकाको न्यायिक समितिबाट मिति ........मा निर्णय भई उक्त जग्गा (वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री अछाम जिल्ला अदालतमा बिपक्षीले पुनरावेदन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति .................मा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु।

२. यसै निवेदनका साथ देहायका कागजातहरु समेत संलग्न गरेको छु।
   (क) न्यायिक समितिले मिति .......मा गरेको निर्णयको छायाँकपी
   (ख) श्री अछाम जिल्ला अदालतले गरेको मिति ..........को सदर फैसलाको छायाँकपी
   (ग) यस बिवाद सम्बद्ध मिसिल यसै कार्यालयमा रहेको छ।
   (घ) लेखिएको बेहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला। **निवेदक**

**निज**

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम्।

## अनुसूची १७

*(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**कमलबजार नगरपालिका, अछाम**

**<u>सम्पत्ति रोक्काको आदेश निर्णयको ढाँचा</u>**

संयोजक श्री .................................................................

सदस्य श्री .................................................................

सदस्य श्री .................................................................

**बिषयः सम्पत्ति हस्तान्तरण रोक्का आदेश।**

सम्बत ...........सालको निवेदन नं. .....

..........जिल्ला ..............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरार छोरी, श्रीमानरश्रीमति ....बर्षको .......................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने ........................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................(दोस्रो पक्ष) बिपक्षी भएको यसमा निवेदकको माग बमोजिम .......जिल्ला...................नगरपालिका वडा नं. ......क्षेत्रफल ......कि.नं. ....घरजग्गाको हस्तान्तरण नगर्नु/नगर्न दिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो सम्पत्ति रोक्काको आदेश जारी गरि दिएका छौं। यो आदेश मिसिलमा राखी सम्बन्धित कार्यालयमा पठाई दिनु। यो आदेश बमोजिम रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु।

ईति सम्वत .......साल .......महिना .....गते ...रोज ......शुभम्।

## अनुसूची १८

*(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)*

**न्यायिक समिति,**

**कमलबजार नगरपालिका, अछाम**

**नक्कलका लागि पेश गरेको निवेदन पत्र**

**बिषयः नक्कल पाउँ भन्ने बारे**

.........जिल्ला .............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

.........जिल्ला ............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

**मुद्दाः ................................................**

म निवेदक नक्कल दस्तुर वापतको रु.....साथै राखी निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका काजजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु। अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ।

(क) .......................................................

(ख) .........................................................

(ग) ........................................................

लेखिएको बेहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहँला बुझाउँला।

निवेदक

निज ..................

इति सम्बत् .......साल .....महिना .......गते .........रोज शुभम्।

**कमलबजार नगरपालिकाको**

**पूर्वाधार ब्यवस्थापन ऐन, २०७८**

*(पहिलो संशोधन, २०८२)*

**प्रस्तावनाः** नगरपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ कमलबजार नगर सभाले यो ऐन बनाएको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम **"पूर्वाधार ब्यवस्थापन ऐन, २०७८"** रहेको छ।

(२) यो ऐन नगरपालिकाको राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अमानत" भन्नाले ठेक्कामा नलगाई नगरपालिका आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

(ख) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनुपर्छ।

(ङ) "जलस्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "पुर्वाधार" भन्नाले अनुसूची-१ मा उल्लेखित संरचना सम्झनु पर्छ।

## परिच्छेद -२

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको बर्गिकरण**: (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको बर्गिकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ।

(२) नगरपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन्:

(क) **नगर सडक**: नगरपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा बर्गिकरण गरिनेछ। यस्ता सडकको चौडाई न्यूनतम् छ मिटर हुनु पर्नेछ।

(ख) **वस्ती सडकः** नगरपालिकाका बस्तीहरुमा यातायातको पहुँचका लागि

बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा बर्गिकरण गरिनेछ। यस्ता सडकहरु चार देखि पाँच मिटरसम्म चौडा हुनेछन्।

(ग) **कृषि सडकः** नगरपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन्। यसको न्यूनतम् चौंडाई ४ मिटर हुनुपर्दछ।

(घ) **घोडेटो मुल बाटो**ः मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटो को रुपमा वर्गिकरण गरिने छ। यसको न्यनतम चौडाई २ मिटरको हुनेछ।

(ङ) **गोरेटो बाटो**ः मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ। यसको चौडाई न्यूनतम् ३ फिटको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत वढी हुने गरी निर्माण गर्नुपर्दछ।

४. **<u>मापदण्ड निर्धारण गर्ने</u>**ः (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**: (१) यस ऐनको दफा ३ बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार नगरपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।

*(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्न दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धित जग्गाधनीको सहमति लिनु पर्नेछ।*

*(३)क. उपदफा (३) बमोजिम जग्गाधनीको सहमति प्राप्त नभएमा नगरपालिकाले प्रचलित सरकारी दररेट अनुसारको क्षतिपूर्ति दिई सडक विस्तारका लागि थप जग्गा अधिग्रहण गर्न सक्नेछ।* ✦[1]

६. **सडकको आवागमनमा बाधा पुर्याउने नहुने**: (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ।

[1] ✦*पहिलो संशोधन, २०८२*

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ।

## परिच्छेद -३

## जलस्रोतहरुको संरक्षण र उपयोग

७. **जलस्रोतको उपयोग**ः (१) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छः

*(क) खानेपानी र घरायसी प्रयोजन*

*(ख) पशुपालन तथा मत्स्यपालन*

*(ग) सिंचाइ*

*(घ) पर्यावरण, जलचर बन्यजन्तु उद्योग*

*(ङ) जलविद्युत*

*(च) खानी तथा औद्योगिक उपयोग*

*(छ) जलयातायात*

*(ज) धार्मिक साँस्कृतिक प्रयोजन*

*(झ) आमोद प्रमोद तथा पर्यटन*

*(३) नगरपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार नगरपालिकालाई हुनेछ।*

*(३)क. यस दफा बमोजिम जलस्रोतको उपयोग गर्दा मुहान सम्बन्धी कुनै किसिमको विवाद भएमा त्यस्तो विवादको निर्णय नगरपालिकाले गर्नेछ।* ✦[2]

[2] ✦पहिलो संशोधन २०८२ द्वारा संशोधित

८. **<u>अनुमति लिनु पर्ने</u>**ः (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन्ः

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने, र

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न।

(२) जलस्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न नगरपालिकाको अनुमति लिनु पर्नेछ।

(३) सो सम्वन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र ब्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले नगरपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्याउने छैन्।

*(४)क. यस दफा बमोजिम जलस्रोतको खानेपानी प्रयोजनका लागि नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी*

*ऐन बमोजिम र अन्य प्रयोजनका लागि यसै ऐन अन्तर्गत तोकिए बमोजिमको प्रक्रिया पुरा गरी अनुमति लिनु पर्नेछ।* ✦ [3]

९. **जलस्रोतको सामुदायीक लाभ व्यवस्थापन**ः (१) नगरपालिका क्षेत्र भित्र सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्नेछ।

(२) यस ऐन तर्जुमा हुनु अघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलस्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र नगरपालिकामा दर्ता गराउनु पर्दछ।

१०. **जल उपभोक्ता संस्थाको गठन**ः (१) दफा ११ वमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन्। उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछः

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

---

[3] ✦*पहिलो संशोधन, २०८२ द्वारा थप गरिएको*

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुनेछ। एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ। अर्को पटकको लागि तीन वर्षे म्याद सकिनु पन्ध्र दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्नेछ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुनेछ। यस संस्थाले वार्षिक लेखा परीक्षण र तिर्नुपर्ने कर फछ्र्यौट गर्नुपर्नेछ। ✂........[4]

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा नगरपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ।

११. ✂.....[5]

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई ब्यवस्थापन सम्बन्धी व्यवस्था

**१२.** ✂.....

१३. ✂.....[6]

## परिच्छेद -५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१४. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा

[4] ✂ *पहिलो संशोधन, २०८२ द्वारा हटाईएको*
[5] ✂ *पहिलो संशोधन, २०८२ द्वारा हटाइएको*
[6] ✂ *पहिलो संशोधन, २०८२ द्वारा हटाइएको*

साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन।

*(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माण सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्नेछ। ✦*[7]

१५. **भवनको दर्ता**: नगरपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

१६. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र पक्कि भवन आरसिसी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) आवासीय भवनको हकमा २५० बर्ग मिटर सम्मको भवन बनाउंदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम् ५ फिट सेटव्याक छोड्नु पर्दछ।

१७. **बस्ती विकासको लागि अनुमति दिनेः** नगरपालिकाले *गरेको जग्गाको वर्गिकरण अन्तर्गत आवासीय क्षेत्रमा✦*[8] कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ।

---

[7] *✦पहिलो संशोधन, २०८२ द्वारा संशोधित*

[8] *✦पहिलो संशोधन २०८२ द्वार थप गरिएको*

## परिच्छेद -६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१८. **पूर्वाधार आयोजना तर्जुमाः** (१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी नगर सभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछः-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च, र

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप।

१९. **लागत अनुमान तयार गर्नुपर्नेः** (१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ।

२०. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनः** नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरुको निर्माण, सञ्चालन

तथा व्यवस्थापनका लागि प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनले तोकेको प्रक्रियाहरु अवलम्बन गरिनेछ।

२१. ✂.....[9]

२२. **<u>स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः</u>** (१) नगरपालिका ले ६० लाख रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि नगरपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित नगरपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको ब्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण ब्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिना भित्र नवीकरण गराउनु पर्दछ।

(६) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्नेछः

(क) न्यूनतम् रु. २ लाख सम्मको चालू पूँजी देखाई नगरपालिकामा ब्यवसाय दर्ता भएको,

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम् रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको, र

[9] *पहिलो संशोधन, २०८२ द्वारा हटाइएको*

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको।

२३. **स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराइने**ः (१) नगरपालिकाले स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु. साठी लाख सम्मको काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिस्पर्धाका आधारमा छनोट गर्न सक्नेछ।

(३) नगरपालिकामा दर्ता भएका ब्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको ब्यवस्था हुनेछः

(क) रित पूर्वक नगरपालिकाको संक्षिप्त सूचीमा सूचिकृत ब्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने,

(ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने,

(ग) न्यूनतम् कवोल गर्ने ब्यवसायीलाई आवेदनको म्याद समाप्त भएको सात दिनभित्र सम्झौताका लागि आब्हान गर्ने, र

(घ) छानिएका ब्यवसायीले कवोल रकमको १५% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन। कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना नगरपालिकालाई दिनु पर्नेछ।

त्यसरी सूचना प्राप्त भएमा नगरपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैंतीस दिनभित्र नगरपालिकामा पेश गर्नु पर्दछ।

२४. **पूर्वाधार मर्मत संभार कोषः** (१) नगरपालिका भित्र रहेका नगर स्तरीय वा संघ तथा प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टी रकमको ५ प्रतिशत रकम दाखिला गरिनेछ।

## परिच्छेद -७

## पूर्वाधार अनुगमन तथा मूल्याँकन सम्बन्धी व्यवस्था

२५. **पूर्वाधार अनुगमन समितिको गठन**ः नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष -सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित दुई जना - सदस्य

(घ) नगरपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख -सदस्य सचिव

२६. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२७. **अनुगमन पश्चात निर्देशन दिन सक्नेः** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) संघ र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ।

२८. **सहमति दिनुपर्नेः** नगरपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण ब्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ।

२९. **कारबाहीको सिफारिस गर्न सक्नेः** नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण ब्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण ब्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त ब्यवसायीलाई आगामी दिनमा काम नदिने ब्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

३०. **कालो सूचीमा राखेः** (१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछः

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा र

(च) अन्य यस्तै कुनै कसूर गरेमा।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भीर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ।

३१. **प्राविधिक मूल्यॉंकन गर्नु पर्नेः** (१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यॉंकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ८

## सार्वजनिक नीजि साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

३२. **<u>नीजि साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने</u>**: (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाइसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा नीजि लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः-

(क) सञ्चालन तथा व्यवस्थापनः अधिकतम ५ वर्ष,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः ७ देखि १५ वर्ष,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः १५ देखि २० वर्ष, र

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष।

३३. **<u>प्रस्ताव आव्हान गर्न सक्ने</u>**: (१) नगरपालिकाले दफा ३२ बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि ब्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछः-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,

(ख) अनुमानित लागत,

(ग) बित्तिय श्रोत,

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),

(ङ) कार्यान्वयनका विवरण,

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(छ) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन,र

(ज) प्रस्तावित शुल्क र करार अवधी।

३४. **प्रस्ताव छनौट र सम्झौता:** (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्याँकनका गराई प्रस्ताव छनोट गर्न सक्नेछः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,

(ख) प्रस्तावित नीजि लगानी,

(ग) सेवा शुल्क र रोयल्टी रकम,

(घ) लिज अवधी, र

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि।

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसंग नगरपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

३५. **संचालन तथा व्यवस्थापन:** सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ। सम्झौतमा हेरफेर गर्नुपरेमा नीजि साझेदार वा नगरपालिकाको तर्फबाट एकअर्को लाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ।

## परिच्छेद -९

## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

३६. **वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले ६० लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति नगरपालिका स्वयंले गर्न सक्नेछ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि सोको प्रतिलिपि नगरपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ।

३७. **बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्नेछ।

(२) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइनेछैन।

(३) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई नगरपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्नेछ।

३८. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्नेः** (१) नगरपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतीको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा नगरपालिकाले अधिकतम् ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ।

३९. **फोहरमैला तथा फोहरपानी व्यवस्थापनः** (१) नगरपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्नेछ।

(२) नगरपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य नगरपालिकासँग समन्वय गर्न सक्नेछ।

## परिच्छेद -१०

## विविध

४०. **साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्नेः** नगरपालिकाले आफ्नो कार्यसञ्चालन गर्दा लागत न्यूनिकरण, स्रोत साधनको अधिकतम् उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि अन्य स्थानीय तहसँग साझेदारी सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछन्। ✦[10]

४१. **प्रचलित कानुन बमोजिम हुने**ः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

४२. **नियम वनाउन सक्ने**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

[10] ✦*पहिलो संशोधन २०८२ द्वारा संशोधन गरिएको।*

## अनुसूची १

*(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)*

**नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरु**

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण÷स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन,

(ग) स्थानीय स्तरमा सार्वजनिक यातायात प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(घ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(च) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी,

(छ) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन,

(ज) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन,

(झ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन,

(ञ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन,

(ट) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(ठ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन , र

(ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन।

## कमलबजार नगरपालिका

## फोहोरमैला व्यवस्थापन ऐन, २०८२

**प्रस्तावना**ः फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी नगरपालिका क्षेत्रभित्र फोहोरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "**फोहोरमैला व्यवस्थापन ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, ब्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्दछ।

(ख) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हने हानीकारक तथा प्रदुषित फोहोरमैला सम्झनु पर्छ। "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनु पर्छ।

(ग) "कन्टेनर" भन्नाले फोहोरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ।

(घ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ

(ङ) “नगर कार्यपालिका” भन्नाले कमलबजार नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(च) “निष्कासन” भन्नाले फोहोरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कमलबजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) “प्रशोधन” भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्दछ।

(झ) “फोहोरमैला” भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानीकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेटलाई जनाउँछ।

(ञ) “फोहोरमैला संकलन” भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा तासिएका पोष्टर, पम्ल्पेट हटाई संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ट) “फोहोरमैला व्यवस्थापन स्थल” भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्दछ।

(ठ) “फोहोरमैला संकलन तथा ढुवानी साधन” भन्नाले फोहोरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्दछ।

(ड) “विर्सजन” भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्दछ।

(ढ) “समिति” भन्नाले फोहोरमैला ब्यवस्थापन समिति सम्झनु पर्छ।

(ण) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्दछ।

(त) “संकलन केन्द्र” भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी

निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाकाले तोकेको स्थान सम्झनु पर्दछ।

## परिच्छेद-२

## फोहोरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्कासन सम्बन्धी व्यवस्थाः

३. **फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहनेः** (१) फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि हानीकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानीकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रसायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरी दिन नगरपालिकालाई अनुरोध गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

४. **<u>फोहोरमैलाको उत्पादन कम गर्ने</u>**: (१) कुनै ब्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र विसजर्न हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिणामलाई घटाउनु प्रत्येक ब्यक्ति, संस्था वा निकायको कर्तब्य हुनेछ।

५. **<u>फोहोरमैलाको पृथकीकरण</u>**: (१) नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्टाई संकलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने ब्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसमान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

६. **<u>फोहोरमैलाको निष्कासन</u>**: (१) फोहोरमैला निस्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानीकारक फोहोरमैला वा रसायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम ब्यवस्थापन गर्नुपर्नेछ।

(३) हानीकारक फोहोरमैला वा रसायनिक फोहोरमैला संकलन केन्द्रमा निष्कासन गर्न पाइनेछैन।

७. **<u>संकलन केन्द्र तोक्ने</u>**: (१) नगरपालिकाले फोहोरमैलालाई ब्यवस्थित रुपमा संकलन गर्न प्रत्येक वडा वा वडाको पायक पर्ने बिभिन्न स्थानमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको ब्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा बस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

८. **फोहोरमैलाको ढुवानी**: (१) संकलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला ब्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले ब्यवस्था गरेको निकायको हुनेछ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ। यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ।

(३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ५ बमोजिम स्रोतमा छुट्टाई निष्कासन तथा संकलन गरिएको फोहोरमैलाको अलग-अलग ढुवानी गर्नु पर्नेछ।

९. **फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग**: नगरपालिकाले फोहोरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

१०. **फोहोरमैला व्यवस्थापन स्थल**: (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि

फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(४) नगरपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बीच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ।

(५) नगरपालिकाको फोहोरमैला ब्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ।

(६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

(७) नगरपालिकाले उपदफा (६) बमोजिमको क्षेत्रमा पशुपन्छी, जिवजन्तु तथा मानवको अनाधिकृत प्रयोगलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातारण संरक्षण र त्यस्तो क्षेत्रको उचित ब्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ।

## परिच्छेद -४

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

११. **अनुमति सम्बन्धी व्यवस्थाः** (१) यो ऐन बमोजिम नगरपालिकाको अनुमती नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहोरमैला व्यवस्थापन गर्न स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण, र

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक निर्णय गरी अनुमति दिन सक्नेछ।

(४) फोहोरमैला व्यवस्थापन, प्रशोधन, पुनः चक्रीय प्रयोग र विसजर्न मा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने गरी संघीय सरकारको स्वीकृत लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **<u>निजी क्षेत्रबाट फोहोरमैला ब्यवस्थापनको कार्य गराउन सकिने</u>**: (१) नगरपालिकाले आवश्यकता अनुसार दफा ११ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १३ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानुनको आवश्यक प्रक्रिया अबलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सवै वा कुनै र सामुदायिक वा गैर सरकारी संघसंस्थाका हकमा देहायका कुनै काम गराउन सकिने छ।

(क) फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला संकलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन

(ङ) फोहोरमैला विसर्जन, र

(च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै काम।

१३. <u>**प्रतिस्पर्धा गराई फोहोरमैला ब्यवस्थापनको जिम्मा दिने**</u>: (१) नगरपालिकाले दफा १२ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा तोकिएको विधि बमोजिम प्रतिस्पर्धा गराई छनौट पश्चात व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) नगरपालिकालाई बुझाउन कबूल गरेको रकम,

(ख) फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको स्थिति,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको दिगोपन र वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क, र

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन, पुनः प्रयोग गर्ने सम्बन्धमा भए

नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी।

(३) फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रही दफा १६ बमोजिमको शुल्क उठाउन सक्नेछ।

(५) फोहोरमैला ब्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **फोहोरमैला ब्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिने**ः (१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरुप नभए समयावधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने र तोकिएको समयावधि भित्र मापदण्डको पालना नगरे त्यस्ता ब्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृत नगरपालिकाले रद्द गर्न सक्नेछ।

१५. **सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने**ः(१) नगरपालिकाले प्रचलित कानुनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य गर्न सक्नेछ।

(२) सामुदायिक वा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा काम गर्दा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको वन्द पश्चातको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न गराउन सकिनेछ।

## परिच्छेद -५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्थाः

१६. **सेवा शुल्क उठाउन सक्नेः** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिएका अन्य आधारमा गरिनेछ।

(३) यस दफा बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिका आफैले वा नगरपालिकाले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा १३ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतीको आधारमा फोहोरमैला ब्यवस्थापन गरे वापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संकलन गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै शिर्षकमा राखी उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला ब्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ।

१७. **<u>सेवा निलम्बन वा अन्त्य गर्न सक्ने</u>**: (१) नगरपालिकाले दफा १६ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्न दफा १३ बमोजिम जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले दफा १६ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा नगरपालिकालाई जानकारी दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हने फोहोरमैलाको ब्यवस्थापन सम्बन्धित ब्यक्ति, घरधनी, संस्था वा निकायले आफैंले गर्नुपर्नेछ।

(४) सेवाग्राहीले दफा १६ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद -६

## <u>प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्थाः</u>

१८. **<u>प्रदुषण नियन्त्रण</u>**: (१) आफ्नो क्षेत्रभित्रबाट संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले संकलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्डको पालना गर्नुपर्नेछ।

१९. **<u>फोहोरमैला व्यवस्थापनको अनुगमन</u>**: (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ।

(४) प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(५) नगरपालिकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ।

२०. **<u>फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ।

(२) नगरपालिकाले मुलतः देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

(क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाइ र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन, र

(ग) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पिछडिएका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम।

## परिच्छेद -७

## फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

२१. **फोहोरमैला व्यवस्थापन समितिको गठनः** (१) फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्।

(क) नगरपालिकाका प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) वडा अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरको दुई जना -सदस्य

(घ) स्थानीय उद्योग तथा वाणिज्य संघसँग सम्बन्धित संस्थाका अध्यक्ष दुई जना- सदस्य

(ङ) नगरपालिका, स्वास्थ्य शाखाका प्रमुख - सदस्य

(च) नगर कार्यपालिकाले मनोनित गरेको फोहोरमैला प्रभावित क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरु मध्येवाट एक महिला सहित दुई जना -सदस्य

(छ) फोहोरमैला व्यवस्थापन तथा नगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाइ संस्थाहरुबाट तीन जना - सदस्य

(ज) नगरपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनमा कार्य गर्ने नीजि

क्षेत्र/गै.स.स.को तर्फबाट प्रमुख तथा तोकिएको १ जना -सदस्य

(झ) नगरपालिकाले तोकेको फोहोरमैला व्यववस्थापन सम्बन्धी विज्ञ एक जना -सदस्य

(ञ) फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ग), (च) र (छ) बमोजिम सदस्यमा मनोनित सदस्यको पदावधि तीन वर्षको रहनेछ।

२२. **<u>समितिको काम कर्तब्य र अधिकार</u>**ः समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कानुन तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत ब्यवस्था गर्ने,

(ग) फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

(घ) फोहोरमैला एकीकृत रुपमा ब्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला

पक्षहरुसँग छलफल गरी समाधान खोज्ने, र

(च) तोकिए बमोजिम अन्य काम गर्ने।

२३. **<u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा नगरपालिका प्रमुखको हैसियतमा नगरपालिका उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(३) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(४) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ। सहमति हुन नसकेमा बहमुतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछन्।

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछन्।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -८

## <u>निषेधित कार्य र जरिवाना</u>

२४. **<u>निषेधित कार्य</u>**ः कसैले पनि देहायका कुनै काम गर्न हुदैन,

(क) नगरपालिकाले तोकि दिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने,

(ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला ब्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने,

(च) फोहोरमैला संकलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानीकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहोरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउने,

(झ) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानीकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

(ञ) रसायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानीकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने,

(ट) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ठ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी दफा ५ को विपरित फोहोरमैला मिसाएर निष्कासन गर्ने, र

(ढ) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**२५.** **<u>सजायः</u>** (१) दफा २४ को खण्ड (क) बमोजिमका कार्य गर्ने ब्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए एक हजारसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा दुई हजारदेखि पाँच हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजारका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा २४ को खण्ड (ख) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले पाँच सयदेखि पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा २४ को खण्ड (ग) बमोजिम कार्य गर्नेलाई नगरपालिकाले पाँच हजारदेखि बीस हजारसम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ।

(४) दफा २४ को खण्ड (घ) र (ङ) बमोजिमको कार्य गर्नेलाई आठ हजारदेखि बीस हजारसम्म जरिवाना गरी अनुमति नलिएसम्म नगरपालिकाले त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा २४ को खण्ड (च) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले २ हजारदेखि दश हजारसम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा २४ को खण्ड (छ), (ज) र (ढ) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले दुई हजारदेखि दश हजारसम्म जरिवाना गर्न सक्नेछ।

(७) दफा २४ को खण्ड (झ) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले दश हजारदेखि तीस हजारसम्म जरिवाना गर्न सक्नेछ।

(८) दफा २४ को खण्ड (ञ) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले बीस हजारदेखि पाचास हजारसम्म जरिवाना गर्न सक्नेछ। सोही कार्य पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(९) दफा २४ को खण्ड (ट) र (ठ) बमोजिमको कार्य गर्नेलाई प्रचलित कानुन बमोजिम दण्ड र जरिवाना गर्न सकिनेछ।

(१०) दफा २४ को खण्ड (ड) बमोजिमको कार्य गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिवाना गर्न सक्नेछ।

२६. **सेवा सुविधा रोक्का गर्न सकिने**: (१) यस ऐन बमोजिम तोकिएकोसेवा शुल्क नबुझाउने वा बझ्ुाउन अटेर गर्ने ब्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घरजग्गा विक्री रोक्का गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

तर, यसरी लेखि पठाउनु अघि सम्बन्धित ब्यक्तिलाई सो सम्बन्धमा लिखित जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तब्य हुनेछ।

२७. **<u>पुनरावेदन दिन सक्ने</u>**: दफा २५ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद -९

## <u>विविध</u>

२८. **<u>स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन</u>**: (१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानुन बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पुर्व फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरेर मात्र अनुमति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष सर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

२९. **<u>रासायनिक विषादी सम्बन्धी ब्यवस्था</u>**: (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित ब्यक्ति वा संस्थाको हुनेछ।

३०. **<u>फोहोरमैला व्यवस्थापन कोषः</u>** (१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछ।

(क) दफा १६ बमोजिम प्राप्त हुने सेवा शुल्क वापतको रकम,

(ख) दफा १३ बमोजिम प्राप्त हने शुल्क रकम र रोयल्टी वापतका रकम,

(ग) दफा २५ बमोजिम जरिवाना वापत प्राप्त हुने रकम,

(घ) संघीय वा प्रादेशिक सरकारवाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान रकम,

(ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने रकम,

(च) अन्तरराष्ट्रिय तथा राष्ट्रिय संघ संस्था वा निकायवाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हने अनुदान र सहयोग रकम,

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबाट प्राप्त हुने रकम, र

(ज) अन्य कुनै श्रोत वाट प्राप्त हने रकम।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम उक्त रकम प्राप्त गर्नको लागि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) यस दफा बमोजिम कोषको रकम खर्च गर्दा नगरपालिकाले आवश्यक कार्यक्रम वनाई फोहोरमैला व्यवस्थापन कार्यमा मात्र खर्च गर्नु पर्नेछ।

(४) यस कोषको लेखा, खर्च प्रक्रिया र लेखापरिक्षण सम्वन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ।

३१. **फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक निकायको अभिलेख राख्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ।

३२. **स्वीकृत लिनुपर्नेः** नगरपालिकाले कुनै विदेशी ब्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी

कार्यक्रम सञ्चालन गर्दा प्रदेश, संघीय सरकारको पूर्व स्वीकृत लिई गराउनु पर्नेछ।

३३. **पुरस्कार दिन सकिने**: (१) फोहोरमैला ब्यवस्थापनका लागि नवीनतम् अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस ऐनको प्रतिकूल हने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने ब्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने ब्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ।

३४. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

३५. **मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने**: यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि वेग्ला वेग्लै मापदण्ड तथा निर्देशिका बनाई जारी गर्न सक्नेछ।

३६. **प्रचलित कानुन बमोजिम हुने**: फोहोरमैला सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

## कमलबजार नगरपालिका

## वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२

**प्रस्तावना:** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन कमलबजार नगरपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कमलबजार नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा

हुने फेरबदलका कारण पृथ्वीको जलवायूमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(घ) "जोखिमपूर्ण फोहोर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ।

(ङ) “जैविक विविधता” भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ।

(च) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यबिधी वा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(छ) "परिषद" भन्नाले दफा ३३ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ।

(ज) “प्रदूषण” भन्नाले फोहोरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(झ) “प्रस्ताव” भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानुन बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ञ) “प्रस्तावक” भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ट) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ;

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह,

वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार।

(ड) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ढ) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ण) "सम्पदा" भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ।

(त) "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने

वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ।

(थ) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

## परिच्छेद - २

## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्नेः** (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेः** (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी नगरपालिका भित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग

समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ।

(४) उपफदा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ।

५. **सम्पदाको संरक्षण गर्नुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

६. **वातावरणीय अध्ययन गर्नुपर्नेः** (१) प्रचलित कानुन तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारी गरी पेश गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता

विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्नेः** प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेः** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्नेछ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने:** यो ऐन प्रारम्भ भएपछि कसैले पनि तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन।

१०. **प्रस्ताव सम्बन्धी अन्य व्यवस्था**: (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ।

(२) संघीय तथा प्रादेशिक कानुन बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय

तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको वातावरण शाखाको हुनेछ।

११. **रोक लगाउन सक्नेः** (१) कसैले पनि यस ऐन र प्रचलित कानुनले तोकेवमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन।

१२. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

१३. **हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरू गर्न सक्नेः** (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१४. **प्रदूषण रोकथाम तथा नियन्त्रण गर्नेः** (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुवाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहोरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारनमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५. **प्रयोगशाला स्थापना गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१६. **नमुना संकलन गर्न दिनुपर्नेः** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहोरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ।

१७. **वातावरण निरीक्षकको नियुक्ति गर्न सक्नेः** नगरपालिका भित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ।

१८. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानुन तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानुन र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम

काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-३

## जैविक विविधता संरक्षण

१९. **जैविक विविधताको संरक्षण गर्नुपर्ने**: (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानुन तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO)तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको

माध्यमद्वारा सिमसारको स्रोतहरु माथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने

कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र मापदण्ड बमोजिम हुनेछ।

२०. **<u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्नेः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. **<u>स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्नेः</u>** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ।

२२. **<u>खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानुन प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

२३. **<u>जलाधार संरक्षण गर्नुपर्नेः</u>** (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानुन र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ।

## परिच्छेद- ४

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

२४. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने**ः (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानुनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(ग) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता

विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(घ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(ङ) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(च) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(छ) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(ज) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

(झ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुन:स्थापना र दिगो उपयोग गर्न

आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ट) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ठ) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकावाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ड) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ढ) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(ण) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

२५. <u>निजी वन दर्ता तथा व्यवस्थापन</u>: (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन

कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ।

२६. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) कार्यपालिकाले प्रचलित नेपाल कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्ने र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानुनको अधिनमा रही हटाउन सक्नेछ।

२७. **सहरी वनको विकास र व्यवस्थापनः** (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिएबमोजिम प्रयोग गर्न सक्नेछ।

२८. **वनक्षेत्रको प्रयोगः** कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

२९. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन**: (१) संघीय तथा प्रादेशिक कानुन प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन्।

(२) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिएबमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ।

३०. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३१. **नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण** : (१) नगरपालिकाभित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद-५

## संस्थागत व्यवस्था

३२. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन:** (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्:

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिएबमोजिम हुनेछ।

३३. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने:** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु बीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) स्वास्थ्य समिति संयोजक- सदस्य

(ङ) वन, वातावरण समिति संयोजक-सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना-सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना-सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(झ) वातावरण शाखा संयोजक- सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ।

३४. **समितिहरु गठन गर्न सक्नेः** (१) कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

३५. **अनुगमन तथा मूल्यांकनः** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ३३ बमोजिम स्थापित परिषदले तोकेको निरीक्षण समितिहरूबाट गर्नेछ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **वातावरण संरक्षण योजना तर्जुमा गर्नेः** (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-६

## जरिवाना तथा क्षतिपुर्ति

३७. **जरिबानाः** (१) कसैले देहायको कार्य गरे वा गराएमा नगरपालिकाले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म।

(२) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ।

(३) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ।

(५) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३८. <u>क्षतिपूर्तिः</u> (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहोर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समिततिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३९. **निवेदन दिन सक्ने**: कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

४०. **पुनरावेदन**: (१) दफा ३७ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ३८ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

४१. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने**: वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानुन बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

## परिच्छेद- ७

## विविध

४२. **<u>ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा</u>:** (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

४३. **<u>भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन</u>:** संघीय तथा प्रदेश कानुनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४४. **<u>समन्वय र सहजीकरण गर्ने</u>:** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

४५. **<u>सर्वेक्षण</u>:** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिएबमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्‍न सक्नेछ।

४६. **<u>गुनासो व्यवस्थापन</u>:** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ।

४७. **<u>परामर्श लिन सक्ने</u>:** नगरसभा कार्यपालिका वा वातावरण शाखाले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

४८. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>:** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

४९. **<u>प्रचलित कानुन बमोजिम हुने</u>**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

५०. **<u>नियम बनाउन सक्ने</u>**: यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

५१. **<u>बचाउ तथा खारेजी</u>**: (१) यस नगरपालिकाको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८" बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# कमलबजार नगरपालिका

## शिक्षा ऐन २०८२

**प्रस्तावनाः** नेपालको संविधानको अनुसुची ८ अन्तर्गत आधारभुत तथा माध्यमिक शिक्षाको अधिकारलाई कार्यान्वयन गर्न तथा नगरपालिकाको आधारभुत तथा माध्यमिक स्तरको शिक्षालाई ब्यवस्थित र विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम कमलबजार नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भः

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"शिक्षा ऐन २०८२"** रहेको छ।

(२) यो ऐन अछाम जिल्ला कमलबजार नगरपालिकामा लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट

विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(ग) **“आधारभूत शिक्षा”** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) **“नगरपालिका”** भन्नाले कमलबजार नगरपालिका सम्झनु पर्छ।

(ङ) **“तालिम केन्द्र”** भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ।

(च) **“तोकिएको” वा “तोकिएबमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(छ) **“नियुक्ति गर्ने अधिकारी**” भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

(ज) **“प्रारम्भिक बाल शिक्षा”** भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(झ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) **“माध्यमिक शिक्षा”** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ट) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा,अटिज्म बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ठ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ड) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ।

(ण) **"समिति"** भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(त) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र कमलबजार नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(थ) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(द) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ध) **"शाखा"** भन्नाले नगरपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ।

(न) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. **माध्यमिक शिक्षाको प्रकार**: माध्यमिक शिक्षा देहायबमोजिम हुनेछ।

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा र

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

४. **विद्यालयको अनुमति, स्वीकृति, बर्गिकरण र समयोजनः** विद्यालयको अनुमति, स्वीकृति, बर्गिकरण र समयोजन तोकिएबमोजिम हुनेछ।

५. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ;

(क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ, र

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(३) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) विद्यालय सञ्चालन गर्न तोकिएबमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ।

(५) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिएबमोजिम थप व्यवस्था गर्न सक्नेछ।

(६) नगरपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(७) नगरपालिकाले तोकिएबमोजिमको आधारमा विद्यालय सार्न, गाँभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्नेछ।

६. **<u>नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः</u>** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको नगर शिक्षा समिति रहनेछः-

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र एक दलित सहित दुई जना -सदस्य

(च) आधारभुत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य

(छ) नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एकजना -सदस्य

(ज) नगरपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि एक जना -सदस्य

(झ) नगरपालिका भित्रका सेवा निवृत शिक्षक मध्येबाट नगरपालिकाले मनोनित एक जना -सदस्य

(ञ) नगर कार्यपालिका सदस्य मध्ये अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(ट) नगरपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ।

(३) आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ।

तर, त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन।

७. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाँभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी, दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ) अभिभावक, कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने ,

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने ,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतीको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालयको नक्सांकन गरी विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति, मापदण्ड तर्जुमा गरी नगरपालिकामा पेश गर्ने ,

(ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवाको सिफारिस तथा आवश्यक व्यवस्थापन गर्ने,

(न) अनौचारिक शिक्षा सञ्चालन, सामुदयिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम् प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(म) कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) विद्यालयहरुलाई सक्षमतामा अधारिता अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

(ल) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने,

(व) नगरपालिका स्तरमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक व्यवस्था गर्ने र

(श) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने।

८. **<u>शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार:</u>** शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्।

(क) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने, गराउने,

(ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने,

(घ) कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि कार्यपालिकामा सिफरिस गर्ने,

(च) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(छ) शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

९. **<u>वडा शिक्षा समिति सम्बन्धी ब्यवस्था:</u>** वडा स्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको (एक जना) -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको (एक जना) -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका शिक्षक तथा प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको (एकजना महिला सहित दुई जना -सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित, महिला र अपाङ्गता मध्येबाट (तीन जना) -सदस्य

(च) वडा शिक्षक महासंघ अध्यक्ष/प्रतिनिधि (एकजना) -सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव -सदस्य

(ज) वडाको उच्चतम् विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

१०. **वडा शिक्षा समितिको काम कर्तव्य र अधिकारः** वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक कर्मचारी, र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न आवश्यक सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) नक्सांकनको आधारमा विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ,

(ञ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने ,

(ट) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने र

(ठ) वडा स्तरको शैक्षिक तथ्यांक अध्यावधिक गर्ने।

११. **<u>विद्यालय व्यवस्थापन समिति सम्बन्धी ब्यवस्थाः</u>** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) तल उल्लिखित खण्ड (ख), र (घ) ले यसै खण्डको (ख) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला, एक जना दलित वा अल्पसंख्यक सहित पाँच जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य।

(ङ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एकजना) -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) विद्यालय स्तरीय बालक्लबले सिफारिस गरेको माथिल्लो कक्षाको छात्रा र छात्र मध्ये एक जना बालबालिका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा विद्यालय व्यवस्थापन समितिको बैठमा अनिवार्य सहभागी गराउनु पर्नेछ।

(३) नगर शिक्षा समितिको बैठकमा सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षकलाई परिवेक्षकको रुपमा भाग लिन पाउनेछन्।

(४) सम्बन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन्।

(६) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिएबमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) उपदफा (१) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

तर, यसै दफाको उपदफा (२) बमोजिम अमन्त्रित बालक्लब प्रतिनिधिको पदावधी एक बर्षको हुनेछ।

(९) विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन सम्बन्धित तह उत्तिर्ण गरी २५ वर्ष उमेर पुरा भएको र उपदफा (१) बमोजिम योग्य भएको हुनु पर्नेछ,

तर, त्यस्तो योग्यता प्राप्त ब्यक्ति नभएमा वा समितिमा आउन अनिच्छुक भएमा उल्लेखित उपदफा (१) को खण्ड (घ) को व्यक्ति समेत अध्यक्षका लागि योग्य मानिनेछ।

१२. **<u>सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) नगर शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने, गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिएबमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) नेपाल सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलव भत्ता प्रदान गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ,

(ध) विद्यालय भर्ना अभियान तथा अभिभावकिय शिक्षा सञ्चालनका अगुवाई गर्ने र

(न) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

१३. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको देहाय बमोजिमको एक शिक्षक-अभिभावक संघ रहनेछ।

(क) अभिभावकहरुको भेलाबाट छनौट भएको व्यक्ति -अध्यक्ष

(ख) बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष- सदस्य

(ग) सम्बन्धित वडा समितिले तोकेको वडाको जनप्रतिनिधि एक जना सदस्य

(घ) अभिभावकहरुको भेलाबाट छनौट भएका एक महिला र एक जना दलित सहित तीन जना -सदस्य

(ङ) सम्बन्धित बिद्यालयका शिक्षकहरुमध्येबाट छनौट भएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(च) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको

एकजना महिला सहित तीन जना - सदस्य

(छ) सम्बन्धित बिद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **शिक्षक अभिभावक संघ कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राखे तथा सो सम्बन्धमा अन्तर्क्रिया गर्ने ।

(२) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

१५. **संस्थागत विद्यालय व्यवस्थापन समितिः** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट निर्वाचित व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य - सचिव

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

१६. **नगर शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्नेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका लागि स्थायी दरवन्दी नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(२) उपदफा (१) भन्दा बाहेक नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, भौगोलिक अवस्था, विषय र विद्यार्थी तथा शिक्षकको अनुपातका आधारमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले थप शिक्षक कोटा निर्धारण गरी नगर सभाबाट निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारित कोटामा शिक्षकको परिपुर्ति करार सेवाबाट तोकिएबमोजिमको कार्यविधि अनुसार गरिनेछ।

१७. **<u>शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः</u>** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ।

१८. **<u>स्थायी अध्यापन अनुमती पत्र लिनु पर्नेः</u>** अध्यापन अनुमति पत्र नलिई कुनै पनि प्रकारको शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन।

१९. **<u>दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्डः</u>** नगरपालिकाले विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड तोकिए बमोजिमको हुनेछ।

## परिच्छेद ४

## <u>शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र कार्वाही तथा पदबाट हटाईने व्यबस्था</u>

२०. **<u>शिक्षकको नियुक्तिः</u>** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक शिक्षक छनौट समिति रहनेछ;

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य -संयोजक

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति - सदस्य

(ग) नगर शिक्षा समितिले तयार गरेको बिज्ञ सूचीबाट माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र बिषयमा कम्तिमा स्नाकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षा शास्त्र बिषयमा कम्तिमा स्नातक

तह उत्तिर्ण गरेका बिज्ञ शिक्षकहरुबाट उपलब्ध भए सम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ।

२१. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हनेछः

(क) माध्यमिक तहमा तहगत स्थायी शिक्षकबाट स्नातकोत्तर उपाधी प्राप्त शिक्षक हुनुपर्नेछ। सो नभएमा अस्थायी, राहत, अनुदान शिक्षकबाट समेत स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले दिनेछ।

(ख) आधारभूत तहमा स्थायी स्नातक उपाधी प्राप्त शिक्षक हुनु पर्नेछ। सो नभएमा अस्थायी, राहत, अनुदान शिक्षकहरु मध्येबाट उल्लिखित योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिको

निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले दिनेछ।

(ग) नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति मार्फत नगर शिक्षा समिति समक्ष पेस गर्नुपर्नेछ।

(घ) प्रधानाध्यापकको अवधी शुरुमा २ बर्षको हुनेछ। निजको कार्य नतिजा हेरेर पछि अवधि थप गरिनेछ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले प्राधानाध्यापक पदबाट हटाउन सक्नेछ।

तर, एक पटक स्पष्टीकरणको मौका दिइनेछ।

२२. **<u>शिक्षकको सरुवा:</u>** (१) विद्यालयले शिक्षक पदको विवरण एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीमा प्रबिष्टि गरी पद रिक्त भएको मितिले एक महिना भित्र नगरपालिकाको शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) जानकारी प्राप्त भइ विवरण अध्यावधिक भएपछि सम्बन्धित बिद्यालयको अनुरोधमा १५ दिन भित्र सरुवाको लागि तोकिएबमोजिमको सूचना आव्हान गर्नु पर्नेछ।

(३) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन

समितिको सहमतिमा नगरपालिकाले अर्को नगरपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ र अर्को जिल्ला वा नगरपालिकाबाट सहमति लिएर आउने शिक्षकलाई नगर शिक्षा समितिले नगरपालिकाको जुन सुकै रिक्त दरवन्दीमा खटाउन सक्नेछ।

(४) नगरपालिका शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक सरुवा गर्न सक्नेछ।

तर, दरबन्दी र राहत बीच सरुवा भएको अवस्थामा दरबन्दी वा राहत कोटा हालकै साविक विद्यालयमै रहनेछ र शिक्षकको पदमा वा सेवामा कुनै आँच आउन दिइने छैन। माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि संघीय तथा प्रदेश कानुनसँग बाझिने अवस्थामा यस्तो सरुवालाई छोटो अवधिको काज सरुवा समान मानिनेछ।

(५) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ।

२३. **<u>दरवन्दी मिलानः</u>** तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पूरा गरी मिलान गर्नु पर्नेछ।

२४. **<u>शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः</u>** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ। नगरपालिकाबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था नगर शिक्षा समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

२५. **<u>तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था</u>**ः शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

२६. **<u>शिक्षकलाई अन्य काममा लगाउन नहुने व्यवस्थाः</u>** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

२७. **<u>कारवाही तथा पदमुक्त गर्न सक्ने व्यवस्था</u>**ः (१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नसियत वा पदमुक्त गर्न सकिनेछ।

(क) नसियत दिन सकिने

(१) विना कारण जानकारी नदिई लगातार वा पटक पटक गरी महिनामा पन्ध्र दिन कार्यलयमा अनुपस्थित भएमा,

(२) कार्यालय प्रमुखको मातहतमा नरहेमा,

(३) काम काज प्रति उत्तरदायी नभएमा,

(४) आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा,

(५) सेवा ग्राहीको गुनासो प्रति वेवास्ता गरेमा र

(६) शिक्षक कर्मचारी सम्बन्धी बनेका ऐन कानुन तथा आचारसंहिता बमोजिम काम नगरी ऐन कानुन विपरित काम गरेमा।

(ख) पदबाट मुक्त गर्न सक्ने व्यवस्थाः

(१) कार्यालय प्रमुखको मातहतमा नरहेमा,

(२) कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस सम्बन्धित अधिकारी अनुमति बिना कुनै व्यक्ति, गैर सरकारी संघसंस्थालाई दिएको प्रमाणित भएमा,

(३) कार्यालयमा मदिरा सेवन गरि उपस्थित भएमा,

(४) विना सुचना १५ दिन सम्म कार्यालयमा उपस्थित नभएमा,

(५) सुधार गर्नका लागि बारम्बार लिखित चेतावनी दिदा पनि सुधार नगरी सार्वजनिक सेवा प्रवाहमा असर पर्ने देखिएमा,

(६) नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालत बाट प्रमाणित भएमा,

(७) करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा,

(८) सेवाग्राहीको गुनासो बारम्बार वेवास्ता गरेको जनगुनासो आई सो प्रमाणित भएमा र

(९) बारम्बार लिखित जवाफ तथा स्पस्टिकरण माग्दा त्यसको वेवास्ता गरेमा।

(२) दफा २० को उपदफा (१) खण्ड (क) र (ख) मा जेसुकै कुरा लेखिएको भएता पनि नसियत तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाई तथा स्पष्टीकरणको मौका बाट बञ्चित गरिने छैन।

## परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

२८. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेशावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम् सुविधा उपलब्ध हुनु पर्नेछ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ।

२९. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाँभिएको सामुदायिक विद्यालयको सम्पत्ति जुन विद्यालयमा गाँभिएको हो उसैको हुनेछ।

(३) उपदफा (२) बमोजिम जुन बिद्यालयमा गाँभिएको हो त्यस बिद्यालयलाई गाँभिन आएको बिद्यालयको सम्पत्ति तत्काल प्रयोगमा नआउने भएमा नगरपालिकाले उक्त सम्पत्ति अन्य सार्वजनिक प्रयोजनका लागि प्रदान गर्न वा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(४) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ।

तर, विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

३०. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाँभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ

३१. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम् मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ।

(४) आधारभूततह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछन्।

(६) शैक्षिक स्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्व-अध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनुपर्नेछ।

३२. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**ः (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ

(२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, वनभोज कार्यक्रम, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(३) नगरपालिका अन्तरगतका युवा तथा विद्यार्थीहरुको खेलकुद सम्बन्धी क्षमता विकास, प्रतियोगिता सञ्चालन तथा समग्र खेलकुद विकासका लागि पालिका स्तरीय समिति गठन तथा परिचालन गर्न सकिनेछ र यसका लागि नगरपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

३३. **<u>आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहायबमोजिमको एक परीक्षा समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट नगरपालिका शिक्षा समितिका अध्यक्षले तोकेको दुईजना -सदस्य

(ग) संस्थागत बिद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना -सदस्य

(घ) नगर शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य -सचिव

(२) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ७

## <u>कोष सम्बन्धी व्यवस्था</u>

३४. **<u>नगर शिक्षा विकास कोष:</u>** सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउँन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ। जसमा देहायका रकमहरू रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम र

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

**३५.** **<u>कोष सञ्चालनः</u>-** यो कोषको सञ्चालन नगर शिक्षा समितिको निर्णय अनुसार गरिनेछ।

**३६.** **<u>विद्यालय कोषः</u>** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ८

## <u>जरिवाना सम्बन्धी व्यवस्था</u>

**३७.** **<u>जरिवानाः</u>** (१) कसैले देहायका कार्य गरेमा, गर्न लगएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले कसूरको

मात्रा हेरी रु. एक हजार देखि दश हजार सम्म जरिवाना र कुनै क्षति पुगेको भए क्षति बमोजिमको क्षतिपुर्ति भराउन सक्नेछः-

(क) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ख) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ग) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा, र

(घ) यस ऐन विपरीतको अन्य कार्य गरेमा।

(२) उपदफा (१) बाहेक संघीय कानुनले कसूर निर्धारण गरेका बिषयमा संघीय कानुन बमोजिम हुनेछ।

(३) कुनै शिक्षक वा कर्मचारी उपर फौजदारी अभियोगमा प्रहरी हिरासत वा मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ।

(२) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

३८. **<u>पुनरावेदनः</u>** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ।

## परिच्छेद ९

## <u>बिबिध</u>

३९. **<u>जगेडा शिक्षकको व्यवस्थाः</u>** नगरपालिकाले तोकिएबमोजिम जगेडा शिक्षकको व्यवस्था गरी तोकिएको आधारमा विद्यालयको पठनपाठन र शिक्षा सम्बन्धी कार्य गराउनेछ।

४०. **बिवरण बुझाउनु पर्नेः** नगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुले नगरपालिकामा तोकिएबमोजिम प्रगति बिवरण बुझाउनु पर्नेछ।

४१. **विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी ब्यवस्थाः** (१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरी एक विद्यालय सञ्चालन कार्यविधि बनाई अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ।

(२) अभिभावक भेलाले सो कार्यविधि आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) विद्यालय सञ्चालन कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ।

४२. **नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

४३. **शिक्षा परामर्श सभा गठन गर्न सक्नेः** कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्नेछ।

४४. **टयूसन तथा कोचिङ्ग कक्षा सम्बन्धी व्यवस्थाः** कुनै पनि विद्यालय वा विद्यालय वाहिर टयूसन, कोचिङ कक्षा सञ्चालन गर्न तोकिएबमोजिमको शर्तहरु पुरा गरी नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

४५. **संक्रमणकालीन व्यवस्था**ः (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म कार्यपालिकाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति कार्यपालिकाले दिन सक्नेछ।

४६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड र निर्देशिका जारी गर्न सक्नेछ।

४७. **आचारसंहिता बनाउनेः** नगरपालिकाले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको तोकिएबमोजिमको आचारसंहिता लागु गर्नेछ।

४८. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ।

तर, यस्तो आदेश कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

४९. **खारेजी तथा बचाउः** (१) यस नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित नगर शिक्षा ऐन, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## कमलबजार नगरपालिका

## सहकारी ऐन, २०७५

### *(पहिलो संशोधन २०८२)*

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी सङ्घ संस्थाहरूको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी कमलबजार नगरपालिका नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम कमलबजार नगरपालिकाको **"सहकारी ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको

नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय र प्रदेश मन्त्रालय सम्झनुपर्छ।

(छ) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्रि कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ।

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ।

(झ) “लेखा सुपरीवेक्षण समिति” भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ।

(ञ) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(ट) “विभाग” भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।

(ठ) “शेयर” भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ।

(ड) “सञ्चालक” भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(ढ) “सदस्य” भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ण) “समिति” भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(त) “सहकारी मूल्य” भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ।

(थ) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ।

(द) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ।

(न) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ।

(ऩ) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन्।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानुन बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर, एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तिमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ।

तर, संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ।

४. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने**ः कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन।

५. **<u>दर्ताको लागि दरखास्त दिनुपर्ने</u>**: (१) यस ऐन बमोजिम गठन हुन चाहने सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची -१ को ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,र

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण।

६. **<u>दर्ता गर्नुपर्ने</u>**: (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछः-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,र

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका कमलबजार नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

७. **दर्ता गर्न अस्वीकार गर्न सक्ने**: (१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी बिनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ।

*७क.* ***सुचिकरण र नविकरण गर्नु पर्ने:*** *(१) यस नगरपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिएबमोजिम नगरपालिकामा सुचिकृत हुनु पर्नेछ।*

*(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिएबमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ।* ✦[1]

८. **सहकारी संस्था संगठित संस्था हुने**: (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

---

[1] *✦पहिलो संशोधन २०८२ द्वारा थप गरिएको*

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्रि वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

९. **सहकारी संस्थाको कार्यक्षेत्रः** (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः-

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्मः

(१) सदस्यहरु बीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या, र

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि

देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकासका क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. **जानकारी दिनुपर्ने**: नगरपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा सञ्चालन

गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ।

११. **विषयगत आधारमा वर्गीकरण**ः (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक संस्था**ः कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था,

(ख) **उपभोक्ता संस्था**ः उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) **श्रमिक संस्था**ः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था,

(घ) **बहुउद्देश्यीय संस्था**ः उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था।

(ङ) **बचत तथा ऋण सहकारी संस्थाः** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था। ✦[२]

[2] ✦*पहिलो संशोधन २०८२ द्वारा थप गरिएको*

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन।

१२. **<u>कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने</u>**: (१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्ति गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर, त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानुन बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

१३. **दायित्व सीमित हुनेः** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम् रकम सम्म मात्र सिमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

१४. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्नेः** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद-३

## संस्थाका उद्देश्य तथा कार्य

१५. **संस्थाको उद्देश्यः** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ।

१६. **संस्थाको कार्यः** संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई सहकारी शिक्षा, सूचना र तालीम प्रदान गर्ने ,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, नगरपालिका वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने, र

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

१७. **विनियम बनाउनु पर्ने**: (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि तोकिएको ढाँचामा विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ।

१८. **आन्तरिक कार्यविधि बनाउन सक्ने**: (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ।

१९. **विनियम र आन्तरिक कार्यविधिमा संशोधन**: (१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यबिधि संशोधन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यबिधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ।

## परिच्छेद-५

## सदस्यता

२०. **संस्थाको सदस्यता**: (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्:

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, नगरपालिकाका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, नगरपालिकामा गठन भएका उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन।

२१. **सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने**: (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ।

२२. **सदस्य हुन नपाउने**ः (१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन। तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँचवर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ।

२३. **सदस्यताको समाप्ति**ः (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) बार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म लगातार अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा, र

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुनेछैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन र सदस्यता थप गर्न सकिनेछैन।

२४. **<u>सुविधा प्राप्त गर्न नसक्ने</u>**ः कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्नेछैन।

## परिच्छेद -६

## <u>साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति</u>

२५. <u>साधारण सभा</u>ः (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,
(ख) वार्षिक साधारण सभा, र
(ग) विशेष साधारण सभा।

२६. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,
(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,
(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,
(ङ) आन्तरिक कार्यीबिधि पारित गर्ने,
(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,
(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२७. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,
(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने, र

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२८. <u>**साधारण सभाको बैठकः**</u> (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,र

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ।

२९. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः** (१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछः-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यबिधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा, र

(घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ। तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ।

३०. **सञ्चालक समितिः** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ।

तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउनेछैन।

तर, वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्नेछैन। वार्षिक दुई करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक बर्ष भित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ।

३१. **सञ्चालक समितिको निर्वाचन**: (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्ति भएमा त्यस्तो जानकारी प्राप्तः भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ।

(५)उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

३२. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने, र

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने-गराउने।

३३. **सञ्चालक पदमा बहाल नरहने**ः देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्नेछैनः

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर, दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा, र

(च) निजको मृत्यु भएमा।

३४. **सञ्चालकलाई पदबाट हटाउन सक्ने**: (१) साधारण सभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा, र

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

३५. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने**: (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ।

३६. **समितिको विघटन**: (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समय भित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा, र

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ।

३७. **लेखा सुपरीवेक्षण समितिको गठन**ः (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

३८. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार**ः (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने, र

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

३९. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः** (१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।

तर, यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन।

तर,

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल

सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवद्र्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म वचत संकलन गर्न सक्नेछ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन।

४०. **<u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था</u>**ः बचत तथा ऋणको सन्दर्भ व्याजदर संघीय कानुन बमोजिम हुनेछ र यस्तो ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ। ✦[३]

---

*[३] पहिलो संशोधन २०८२ द्वारा संशोधित*

४१. **व्यक्तिगत बचतको सीमा**ः संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ।

## परिच्छेद –९

## आर्थिक स्रोत परिचालन

४२. **शेयर बिक्रि तथा फिर्ता सम्बन्धी व्यबस्था**ः (१) संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्रि गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्रि गर्न सक्नेछैन।

तर, नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुनेछैन।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्रि गर्न पाउने छैन।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्रि गरिने छैन।

४३. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था**ः (१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(३) संस्थाले वचत खाताहरु मात्र सञ्चालन गर्न सक्नेछ।

४४. **<u>ऋण वा अनुदान लिन सक्ने</u>**: (१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानुन वमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागि तोकिए बमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि मन्त्रालयमा शिफारिस गरि पठाउनेछ।

४५. **<u>नेपाल सरकारको सुरक्षण प्राप्त गर्नसक्ने</u>**: (१) संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा संघीय कानुन वमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा शिफारिस गरी पठाउनु पर्नेछ।

## परिच्छेद -१०

## <u>संस्थाको कोष</u>

४६. **<u>संस्थाको कोष</u>**: (१) सहकारी संस्थाको एक कोष रहनेछ। जसमा देहाय बमोजिमको रकम रहनेछः-

(क) शेयर बिक्रिबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क, र

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

४७. **जगेडा कोषः** (१) संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्ः-

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्तः रकम।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

४८. **संरक्षित पूँजी फिर्ता कोष**ः (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानुनमा तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ।

४९. **सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्था**: (१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुन व्यवस्था भएबमोजिम हुनेछ।

५०. **अन्य कोष सम्बन्धी व्यबस्था**: (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ।

तर, एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुनेछैन।

## परिच्छेद -११

## अभिलेख र सूचना

५१. **अभिलेख राख्नु पर्ने**: (१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नुपर्नेछ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नुपर्नेछ।

५२. **विवरण उपलब्ध गराउनु पर्ने**: (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछः-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम, र

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण।

## परिच्छेद -१२

## लेखा र लेखापरीक्षण

५३. **कारोबारको लेखा**ः संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानुन बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

५४. **लेखापरीक्षणः** (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्तः लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

५५. **लेखापरीक्षकको नियुक्ति**ः (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्तः लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिनेछैन।

५६. **लेखापरीक्षकमा नियुक्त हुन नसक्ने**ः (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्नेछैनः‘

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको, र

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद -१३

## छुट, सुविधा र सहुलियत

५७. **छुट, सुविधा र सहुलियतः** (१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## ऋण असुली तथा बाँकी बक्यौता

५८. **ऋण असूल गर्नेः** (१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखा भित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्रि गरी

वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ। धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्रि गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्रि गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा

सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

५९. **कालो सूची सम्बन्धी व्यवस्था**ः संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

६०. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

६१. **बाँकी बक्यौता असूल उपर गर्ने**ः कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ।

६२. **रोक्का राख्न लेखी पठाउने**ः (१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ।

६३. **अग्राधिकार रहने**ः कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ।

६४. **कारबाही गर्न बाधा नपर्नेः** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानुन बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिनेछैन।

## परिच्छेद-१५

## एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्थाः** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

६६. **विघटन र दर्ता खारेजः** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछः-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा, र

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्रासन निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछः-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा, र

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

६७. **<u>लिक्वीडेटरको नियुक्ति</u>**ः (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

६८. **<u>लिक्वीडेशन पछिको सम्पतिको उपयोग</u>**ः कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -१६

## <u>दर्ता गर्ने अधिकारी</u>

६९. **<u>दर्ता गर्ने अधिकारी</u>**ः (१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७०. **दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -१७

## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जाँच गर्नेः** (१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ।

(२) नेपाल राष्ट्र बैंकले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

(६) नेपाल राष्ट्र बैंकले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैंकले प्रचलित कानुन बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले कमलबजार नगर कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

७२. **छानविन गर्न सक्नेः** (१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा बीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ।

७३. **बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

७४. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ;

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण, र

(ण) तोकिए बमोजिमका अन्य विवरण।

७५. **आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था**:- संस्थाले संघीय कानुनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ।

७६. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्था**:- बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन्।

## परिच्छेद -१८

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

७७. **संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने**: (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको, र

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ।

७८. **व्यवस्थापन समितिको गठनः** (१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१९

## दण्ड जरिवाना ✦[४]

७९. **जरिवाना गरिने**: *(१) कसैले देहायको कुनै कार्य गरेमा नगरपालिकाले जरिवाना गर्नेछ।*

*(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा,*

*(ख) अन्य स्थानीय तहमा दर्ता भएको तर यस नगर क्षेत्रमा सेवा दिई रहेको सहकारीले सेवाको जानकारी नदिई काम गरेमा,*

*(ग) सहकारी संस्थाले कुनै नियकायबाट इजाजत पत्र लिनु पर्ने व्यवसाय इजाजत नलिई गरेमा,*

*(घ) संस्थाको बिनियम आन्तरिक र आन्तरिक कार्यविधि उलंघन गरेमा*

*(ङ) तोकिएको समयमा साधारण सभा नगरेमा, र*

*(च) यस ऐन र यस ऐन बमोजिम बनेका नियमहरुको उलंघन गरेमा।*

*(२) उपदफा (१) बमोजिमको कार्य गरेमा नगरपालिकाले रु ५००० देखि २५००० हजार सम्म जरिवाना गरी पन्ध्र दिन भित्र यस ऐनले तोकेको प्रक्रिया पुर्याउन आदेश दिन सक्नेछ।* ✦[५]

4 ✦ *पहिलो संशोधन २०८२ द्वारा संशोधित*

*८०. ✂...*[६]

*८१. ✂...*[७]

८२. **<u>रोक्का राख्ने</u>**: (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैंक खाता रोक्का राखी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

८३. **<u>दोब्बर जरिवाना हुने</u>**: *दफा ७९* बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुन सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ।

८४. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने</u>**: दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले *दफा ७९* बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

*८५. ✂...*[८]

*८६. ✂...*[९]

८७. **<u>उजूरी दिने हद म्याद</u>**: (१) कसैले दफा ७९[१०] बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ।

---

5 ✦ *पहिलो संशोधन २०८२ द्वारा संशोधित*

6 ✂ *पहिलो संशोधन २०८२ द्वारा झिकिएको*

7 ✂ *पहिलो संशोधन २०८२ द्वारा झिकिएको*

8 ✂ *पहिलो संशोधन २०८२ द्वारा झिकिएको*

9 ✂ *पहिलो संशोधन २०८२ द्वारा झिकिएको*

10 ✦पहिलो संशोधन २०८१ द्वारा संशोधन गरिएको

८८. **<u>पुनरावेदन गर्न सक्ने</u>**ः (१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ७९✦[11] बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः'

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैंकले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा।

८९. **<u>असूल उपर गरिने</u>**ः यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु र्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद-२०

## <u>विविध</u>

९०. **<u>मताधिकारको प्रयोग</u>**ः कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भएतापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

९१. **<u>सामाजिक परीक्षण गराउन सक्ने</u>**ः (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

[11] ✦पहिलो संशोधन २०८१ द्वारा संशोधन गरिएको

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

९२. **सहकारी शिक्षा**: सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ।

९३. **आर्थिक सहयोग गर्न नहुने**: संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यका लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्ने छैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सामाजिक कार्य" भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबद्र्धन सम्बन्धि कार्यलाई जनाउँछ।

९४. **अन्तर सहकारी कारोवार गर्न सक्ने**: संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन्।

९५. **ठेक्कापट्टा दिन नहुने**: संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई कुनै पनि काम ठेक्कापट्टामा दिन हुदैन।

९६. **सरकारी बाँकी सरह असूल उपर हुने**: कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने**: यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुनेछैन।

९८. **प्रचलित कानुन बमोजिम कारवाही गर्न वाधा नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानुन बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन।

९९. **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने**ः संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय र प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ।

१००. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

१०१. **मापदण्ड, निर्देशिका वा कार्यबिधि बनाई लागू गर्न सक्ने**ः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यबिधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैंक, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ।

अनुसुची १

*(दफा ५ को उप दफा (१) संग सम्बन्धित)*

**<u>सहकारी संस्था दर्ता दरखास्त फाराम</u>**

मितिः ......................

**विषयः सहकारी संस्थाको दर्ता गरी पाँउ बारे।**

श्री .........................................................,

कमलबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

कमलबजार अछाम

महोदय, हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं। उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं।

**<u>संस्था सम्बन्धी विवरण</u>**

(क) प्रस्तावित संस्थाको नामः

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्व-

(छ) सदस्य सङ्ख्याः ..............महिला ........ जना, पुरुष ......... जना

(ज) प्राप्त सेयर पूँजीको रकमः रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकमः- रु. ..... .

अनुसुची २

*(दफा ६ को उप दफा (१) संग सम्बन्धित)*

**<u>संस्था दर्ता प्रमाण-पत्रको नमुना</u>**

**कमलबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कमलबजार, अछाम**

**<u>सहकारी दर्ता प्रमाण-पत्र</u>**

दर्ता नं.:

कमलबजार नगरपालिका सहकारी ऐन, २०७५ को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरणः ... ... ... ... ... ... ... ...

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

## कमलबजार नगरपालिका

## सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८२

**प्रस्तावनाः** नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, समावेशी र जनउत्तरदायी बनाई सेवा प्रवाह छिटो, छरितो र मितव्ययी बनाउँदै नागरिकले सुशासनको अनुभूति गर्न सक्ने वातावरण सृजना गर्न, कानुनको शासन, भ्रष्टाचारमुक्त प्रशासन, आर्थिक अनुशासन र स्रोतको कुशल व्यवस्थापन सुनिश्चित गर्न तथा प्रशासन संयन्त्रलाई नागरिकमैत्री बनाउन आवश्यक सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ३६ बमोजिमको कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन बनाएको हो।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगर राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उप प्रमुख" भन्नाले कमलबजार नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले कमलबजार नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिका सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले कमलबजार नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कमलबजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रशासनिक सञ्चालन, जिम्मेवारी र त्यसका आधारहरु

३. **कार्यविभाजन र कार्यसम्पादनः** कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ।

४. **प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीः** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) सभा र कार्यपालिकाको सचिवको रूपमा कार्य गर्ने,

(ख) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) नगर प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछ्र्यौट गर्ने, गराउने,

(ङ) आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने,

(च) नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(छ) नगर प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ज) कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने,

(झ) न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने, गराउने,

(ञ) नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,

(ट) सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने, र

(ठ) सभा वा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने।

५. **समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्याविधी र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोकेबमोजिम हुनेछ।

६. **परिचालन र समन्वय गर्नेः** नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ संस्था, सहकारी संस्था तथा

गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्नेछ।

७. **<u>प्रशासनिक कार्यसञ्चालनका आधार:</u>** नगरपालिकामा सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानुनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नु पर्नेछ :-

(क) नगरबासीको वृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) कानुनको शासन,

(घ) मानवअधिकारको प्रत्याभूति,

(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,

(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,

(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,

(ज) प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच,

(झ) विकेन्द्रीकरण तथा अधिकार निक्षेपण,

(ञ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

## परिच्छेद -३

## <u>प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनु पर्ने कार्यबिधिहरु</u>

८. **<u>निश्चित कार्यविधि अवलम्बन गर्नु पर्ने:</u>** यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा कार्यपालिकाको निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरि उपयुक्त कार्यविधि अपनाउनु पर्नेछ।

९. **निश्चित समयावधिभित्र निर्णय गर्नु पर्नेः** (१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहर्याएको समयावधिभित्र निर्णय गर्नु पर्नेछ

(२) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशिघ्र दिनु पर्नेछ।

१०. **निर्णय गर्दा पारदर्शिता कायम गर्नु पर्ने** (१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पारदर्शिता कायम गर्न निर्णय गर्ने अधिकारीले निर्णय गर्नु पर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिन सक्नेछ।

(३) निर्णय गर्नु पर्ने विषयको कारवाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नु पर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहर सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नु पर्नेछ।

(५) कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरुपण गर्नु पर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानुनविज्ञ वा

प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

***स्पष्टीकरणः*** *यस दफा प्रयोजनको लागि "पारदर्शिता" भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नु पर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने कुरालाई प्रतिकूल असर पार्ने छैन।*

११. **निर्णय गर्दा आधार कारण खुलाउनु पर्नेः** यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन-कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

१२. **स्वार्थ बाझिएमा निर्णय गर्न नहुनेः** (१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नु पर्ने विषयमा प्रत्यक्ष रुपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्ने गरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन।

तर, निर्णय गर्न पाउने पदाधिकारीले वृहत् सार्वजनिक हितको लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई आफू सरहको पदाधिकारी सोही कार्यालयमा भएमा निजलाई वा नभएमा

आफू भन्दा एक तह माथिको पदाधिकारीलाई सो विषयमा निर्णय गर्न दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पदाधिकारी सम्बन्धित कार्यालयमा नभएमा वा भएमा पनि उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा निर्णय गर्ने अधिकारी सचिव भएकोमा मुख्य सचिव समक्ष र अन्य पदाधिकारी भएमा एक तह माथिको पदाधिकारी समक्ष पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु गराउनु पर्नेछ।

तर, प्रमुख प्रशासकीय अधिकृत निर्णय गर्ने अधिकारी भएकोमा सो विषय नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१३. <u>कार्यसम्पादन करार गर्न सकिने:</u>** (१) नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशाकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्यसम्पादन करार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नु पर्ने कामको विवरण, कार्य सम्पादन गरिसक्नु पर्ने समयावधि र कार्य सम्पादनको गुणस्तर वा परिमाण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार भएकोमा सो करार बमोजिम जिम्मेवारी पाएको व्यक्तिले त्यस्तो करार बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ।

(४) काबूबाहिरको कुनै परिस्थिति उत्पन्न भई उपदफा (३) बमोजिम सम्पादन गर्नु पर्ने कार्य सो कार्य सम्पादन गर्नु पर्ने अवधिभित्र पूरा गर्न नसकिने भएमा सोको कारण सहितको विवरण खुलाई सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको विवरण मनासिब देखिएमा काबूबाहिरको परिस्थिति उत्पन्न भई जति अवधि काम गर्न नसकिएको हो सो अवधि कटाई थप अवधिभित्र कार्य सम्पादन गर्न कार्य सम्पादन करार संशोधन गर्न सकिनेछ।

(६) मनासिब कारणबिना उपदफा (३) वा (५) बमोजिमको अवधिभित्र कार्य सम्पादन गर्न नसक्ने पदाधिकारी उपर विभागीय कारबाहीका लागि सिफारिस गरिनेछ।

(७) यस दफा बमोजिम जिम्मेवारी पाएको व्यक्तिले बदनीयत चिताई वा लापरबाही वा हेलचेक्र्यायाइँ गरी कार्य सम्पादन नगरेको कारणले नगरपालिकालाई हानि नोक्सानी भएमा वा आयोजनाको लागत वृद्धि हुने भएमा त्यस्तो हानि नोक्सानी वा वृद्धि भएजतिको लागतको क्षतिपूर्ति निजबाट तोकिए बमोजिम भराउन सकिनेछ।

(८) कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१४. <u>सार्वजनिक चासोको बिषयमा नागरिक परामर्श लिन सकिनेः</u>** नगरपालिका क्षेत्रको कुनै सार्वजनिक सरोकारको बिषयमा निर्णय लिनु पूर्व तत् नगरबासी तथा सरोकारवालाको परामर्श लिन सकिनेछ।

**१५. <u>आफ्नो जिम्मेवारी पन्छाउन नहुनेः</u>** (१) यस ऐन वा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्नु पर्ने पदाकिारीले आफूलाई सुम्पिएको वा यस ऐन वा प्रचलित कानुन बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधिभित्र सम्पादन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्नु पर्ने पदाधिकारीले दफा २२ को अवस्थामा
बाहेक आफ्नो जिम्मेवारी पन्छाउन वा आफूले गर्नु पर्ने काम अरु कसैलाई गर्न लगाउन हुँदैन।

(३) उपदफा (२) को प्रतिकूल हुनेगरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले
जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनीयतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख प्रशासकीय अधिकृत भए नगर कार्यपालिका र शाखा प्रमुखलाई भए प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका अन्तर्गतका अन्य पदाधिकारी भए सम्बन्धित शाखा प्रमुखले चेतावनी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम चेतावनी दिँदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम
कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानुन बमोजिम विभागीय कारबाहीका लागि सिफारिस गरिनेछ।

१६. **<u>अधिकार प्रत्यायोजन गर्न सकिने:</u>** (१) नगर कार्यपालिकाले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य तथा मातहतका समिति, उपसमिति वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुखले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) वडा समिति वा वडा अध्यक्षले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा वडा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **<u>पदीय उत्तरदायित्वको निर्वाह:</u>** यस ऐन वा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछ;

(क) आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने,

(ख) सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम् सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्ने,

(ग) सरकारी वा सार्वजनिक कार्यालयलाई सेवा प्रदायक संस्था, सम्बन्धित

पदाधिकारी नगरको सेवक तथा सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो भन्ने कुरामा ध्यान दिने,

(घ) कार्य सम्पादनमा ढिलासुस्ती र विलम्ब हुनु भनेको स्रोत र साधनको दुरुपयोग हुनु हो र नगरको थप स्रोत र साधन खर्च हुनु हो भन्ने भावना राख्ने,

(ङ) कार्य सम्पादन गर्दा कुनै अपरिहार्य कारण परी तत्काल कार्य सम्पादन गर्न नसकिने भएमा त्यसको जानकारी माथिल्लो निकायलाई दिने,

तर, सार्वजनिक सेवाको विषयमा वा सेवाग्राहीसँग सम्बन्धित विषय भएमा त्यस्तो विषय सम्बन्धित कार्यालयको सूचनापाटीमा टाँसी आवश्यकता अनुसार प्रचारप्रसार समेत गरी गराई सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(च) आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वयंले निर्णय गर्नु पर्ने र कुनै किसिमको कानूनी जटिलता वा द्विविधा नभएको सामान्य विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने।

(छ) सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित मूल्य, मान्यता र संस्कृति अनुरुप शिष्ट व्यवहार गर्ने।

## परिच्छेद -४

## सामाजिक जवाफदेहिताका औजारहरु

**१८. नागरिक बडापत्र राख्नु पर्ने:** (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने नगरपालिका र नगरपालिका अन्तर्गतका प्रत्येक कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः-

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,

(च) तोकिए बमोजिमका अन्य कुराहरु।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरु सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सो बमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारी उपर विभागीय कारबाही हुन सक्नेछ।

(५) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त

गर्न नसकी सेवाग्राहीलाई कुनै हानि नोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतीपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **सार्वजनिक सुनुवाई गर्नु पर्नेः** (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गरी गरी सेवा प्रति नागरिकको सन्तुष्टी अभिबृद्धि गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।

(२) उपदफा ((१) बमोजिम गराउनु पर्ने सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा नगरपालिकाका जनप्रतिनिधि समेतलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नु पर्ने विषयमा सार्वजनिक सुनुवाइ गर्न आवश्यक हुने छैन।

२०. **गुनासो व्यवस्थापनः** (१) नगरपालिका र नगरपालिका अन्तर्गतका निकाय एवं कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका र गुनासो सुन्ने बिद्युतीय माध्यमको व्यवस्थापन गरी यसको बारेमा प्रचार प्रसार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका गुनासो पेटिका तथा बिद्युतिय माध्यमद्वारा जोसुकैले गुनासो पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम पेश भएका गुनासो व्यवस्थापन गर्नका लागि नगरपालिकाले तोकेको गुनासो सुन्ने अधिकारीले प्रत्येक

तीन दिनमा एकपटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारबाही गर्नु पर्नेछ।

(३) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **सामाजिक परीक्षण गर्नु पर्नेः** (१) नगरपालिकाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोत परिचालन, सेवाप्रवाहको अवस्था, सेवाको गुणस्तर, पारदर्शिता र प्रभावकारिताबारे प्रत्येक आर्थिक बर्ष समापन भए पश्चातको आर्थिक बर्षको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सामाजिक परीक्षणबाट पहिचान भएका उपलब्धि तथा सुधारात्मक पक्षहरूलाई तेस्रो पक्षद्वारा सार्वजनिक गरी जिम्मेवारी सहितको कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) सामाजिक परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **प्रवक्ता तथा सूचना अधिकारी तोक्नेः** (१) कार्यपालिकाले आफूले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउन कुनै सदस्यलाई प्रवक्ता तोक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिने प्रवक्ताले कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ति आदि सार्वजनिक गर्ने कार्य समेत गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै एक अधिकृतलाई सूचना अधिकारी तोक्नेछ।

(४) उपनियम (३) वमोजिम तोकिने सूचना अधिकारीले कार्यपालिकासँग सम्वन्धित सूचना कानुन वमोजिम प्रवाह गर्नेछ।

२३. **आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्नेः** नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई

विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न नगरपालिकाले आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद -५

## बिबिध

२४. **अनुगमन र मूल्यांकन समितिः** नगरपालिकाबाट भईरहेको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नगरपालिकाले सार्वजनिक सेवा प्रवाह सम्बन्धी अनुगमन समिति गठन गर्न सक्नेछ।

२५. **कार्य सम्पादन सूचक कार्य सम्पादन सूचकः** यस ऐन बमोजिम कुनै पदाधिकारीले सम्पादन गर्नु पर्ने कामको कार्य सम्पादन सूचक तोकिए बमोजिम हुनेछ।

२६. **असल नियतले गरेको कामको बचाउः** यस ऐन वा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारीले यस ऐन वा प्रचलित कानुन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निजउपर कुनै कारबाही हुने छैन।

२७. **नियम बनाउने अधिकारः** नगर कार्यपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ।

२८. **कार्यविधि, निर्देशिका मापदण्ड र दिग्दर्शन बनाउन सक्नेः** कार्यपालिकाले नगरपालिकाको काम कारबार्हीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा यस ऐनमा उल्लिखित बिषयहरुको कार्यान्वयनका लागि आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

२९. **ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

## कमलबजार नगरपालिका

## स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्था ऐन, २०८२

**प्रस्तावना:** कमलबजार नगरपालिकामा सञ्चालन हुने स्थानीय सार्वजनिक यातायातको मार्ग निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ट) को अधिकार कार्यान्वयन लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **"स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्था ऐन, २०८२"** हुनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको जिम्मेवार व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख भन्ने सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ।

(घ) "नगर क्षेत्र" भन्नाले नगरपालिकाको सीमाना भीत्रको भूभागलाई भन्ने सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले कमलबजार नगरपालिकालाई जनाउनेछ।

(च) "चालक" भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(छ) “परिचालक” भन्नाले सार्वजनिक सवारी साधनको चालकलाई सहयोग पुर्याउने व्यक्ति सम्झनु पर्छ।

(ज) “प्रमुख” भन्नाले यस नगरपालिकाको नगर प्रमुख भन्ने सम्झनु पर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) “मार्ग” भन्नाले स्थानीय सार्वजनिक सवारी साधन सञ्चालनका लागि नगर क्षेत्र भित्र राजमार्ग सडक बाहेक निर्धारित मार्ग सम्झनु पर्छ।

(ट) “व्यवस्थापक” भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्तिलाई सम्झनु पर्छ।

(ठ) “सञ्चालन अनुमति” भन्नाले नगरपालिकाले मार्ग निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न दिएको अनुमतिलाई बुझाउने छ।

(ड) “समिति” भन्नाले यसै ऐनको दफा ३३ बमोजिमको गठित व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ढ) “सार्वजनिक सवारी” सार्वजनिक सवारी भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(ण) “स्थानीय सार्वजनिक सवारी साधन” भन्नाले नगरपालिकाद्वारा निर्धारित स्थानीय मार्गमा चल्ने सार्वजनिक सवारी साधनलाई सम्झनु पर्छ।

## परिच्छेद २

## संख्या निर्धारण र सञ्चालन अनुमति सम्बन्धी व्यवस्था

३. **संख्या निर्धारण:** (१) नगर क्षेत्र भित्र सञ्चालन हुने स्थानीय सार्वजनिक यातायातको संख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ।

(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको

अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या नगर कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ।

४. **सञ्चालन अनुमति लिनु पर्ने**: (१) दफा ३ बमोजिम आवश्यक संख्याको निर्धारण पश्चात नगरपालिकामा भित्र सञ्चालन गरिने सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी नगरपालिकाबाट सञ्चालन अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन।

५. **सूचना प्रकाशन गर्ने:** (१) यस ऐन बमोजिम सञ्चालन अनुमतिका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना अनुसार नगरपालिका क्षेत्रमा सवारी साधन सञ्चालन अनुमति लिन चाहने व्यक्तिले तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

६. **सञ्चालन अनुमति प्रदान गरिने:** (१) दफा ५ बमोजिम प्राप्त आवेदनहरुको मूल्यांकन गर्न नगरपालिकाले कम्तिमा एक जना मेकानिकल सव इन्जिनिर/इन्जिनियर रहने गरी बढीमा पाँच जनाको मूल्यांकन समिति गठन गर्नेछ।

(२) यस दफा बमोजिम सञ्चालन अनुमतिका लागि प्राप्त आवेदनको मूल्यांकनका आधारहरु तोकिएबमोजिम हुनेछन्।

(३) उपदफा (१) बमोजिमको समितिले मूल्यांकन गरि प्राथमिकीकरण सहित उपलब्ध गराएको सिफारिस सूचीका आधारमा नगर कार्यपालिकाले निर्धारित संख्याको अधिनमा रहि अनुमति प्रदान गर्ने सम्बन्धमा निर्णय गर्नेछ।

(४) यस दफा बमोजिम निर्णय पश्चात नगरपालिकाले तोकिएको ढाँचामा सञ्चालन अनुमति पत्र प्रदान गर्नेछ।

(७) यस दफा बमोजिम सञ्चालन अनुमति प्राप्त स्थानीय सार्वजनिक सवारी साधनहरुले दफा ९ बमोजिम मार्ग इजाजत लिनु पर्नेछ।

७. **अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने** : नगरपालिकाबाट मार्ग इजाजत नलिएका सार्वजनिक सवारी साधनलाई आकस्मिक अवस्थामा बाहेक स्थानीय सडकमा सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि आकस्मिक अवस्था भन्नाले विरामी बोकेको, निश्चित समयको लागि रिजर्भ गरेर ल्याएको अवस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद ३

## मार्ग वा मार्ग इजाजत सम्बन्धी व्यवस्था

८. **मार्ग निर्धारण गर्ने:** (१) नगरपालिकाले आवश्यक र उपयुक्त देखेको स्थानमा समितिको निर्णयानुसार सार्वजनिक सवारी साधनलाई यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नेछ।

(२) समितिले नगरपालिका भित्र सहज, सरल र सुरक्षित तवरले यातायातको व्यवस्थापन गर्न विभिन्न स्थानीय मार्ग निर्धारण गर्नेछ।

(३) समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर र अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्ने यात्रीको चाप, स्थानीय बासिन्दाको मागका सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस र सो सडक हस्तान्तरण हुँदाका शर्तहरु समेतलाई आधार मानी निर्धारण गर्नु पर्नेछ।

९. **मार्ग ईजाजत लिनु पर्ने:** (१) यस ऐनको दफा ८ बमोजिमको निर्धारित मार्ग इजाजत प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुदैंन।

(२) मार्ग ईजाजत लिन सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष आवश्यक कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर तोकिएको अधिकारीले देहायका कुराहरु पुरा गरे नगरेको जाँच गरी मार्ग ईजाजत दिन उपयुक्त ठानेमा यात्रु बाहक सार्वजनिक सवारीका लागि कुनै एक अविछिन्न मार्ग र मालबाहक सार्वजनिक सवारीका लागि बहु मार्ग इजाजत पत्र दिन सक्नेछ।

(क) सवारी चालक, परिचालक, सवारीमा काम गर्ने कर्मचारी, तेस्रो पक्ष बीमा र यात्रु वाहक भए यात्रु बीमा,

(ख) सवारीको जाँचपास र

(ग) सवारी दर्ताको प्रमाण पत्र।

(४) उपदफा (३) बमोजिम दिएको मार्ग इजाजतपत्र छ महिनासम्म बहाल रहनेछ।

१०. **मार्ग इजाजत परिवर्तनः** (१) मार्ग इजाजत पत्रको बहाल अवधि समाप्त नहुँदै सो मार्ग इजाजत पत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ९ बमोजिम मार्ग इजाजत पत्रको लागि निवेदन दिइ मार्ग इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी साधनको लागि पहिले दिएको मार्ग इजाजत खारेज गरी नयाँ मार्ग इजाजत दिन सकिनेछ।

११. **बहुमार्ग इजाजत दिन सकिनेः** (१) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले पुर्याइरहेको यातायात सेवामा असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य मार्गमा समेत उक्त सवारी साधन प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले समितिसँग परामर्श गरी बहुमार्ग इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्ने गरी बहुमार्ग इजाजतपत्र दिंदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग वा मार्ग इजाजत दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

१२. **पटके मार्ग इजाजतपत्र लिनुपर्ने:** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउन परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी व्यहोरा ठीक देखेमा बढीमा ७ (सात) दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ।

१३. **मार्ग इजाजत प्राप्त नहुन सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रुको चाप, सार्वजनिक सवारी साधनको संख्या, प्रदुषण वा तोकिएको स्तर नभएको वा अन्य कुनै कारणबाट सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले समितिसँग परामर्श गरी मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ र त्यसरी इन्कार गरिएको कारण खुलाई निवेदकलाई जानकारी गराउनु पर्नेछ।

१४. **मार्ग इजाजतपत्र नवीकरण:** (१) यस परिच्छेद बमोजिमको इजाजतपत्रमा लेखिएको म्याद समाप्त भएको पन्ध्र दिनिभत्र सवारीधनी, व्यवस्थापक वा निजले खटाएको व्यक्तिले मार्ग इजाजत पत्र नवीकरण गराउनका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजत पत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

१५. **मार्ग इजाजत पत्र स्थगित गर्न सकिने:** (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी साधन दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रिई छ महिना वा सोभन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा मार्ग इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानवीन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा त्यस्ता सवारी साधनहरुको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सकिनेछ।

१६. **मार्ग वा मार्ग इजाजतपत्र खारेज हुने:** (१) कुनै सार्वजनिक सवारीले देहायको कसुर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) यात्रुबाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्रु राखी सवारी चलाएमा,

(ख) यात्रुबाहक सवारी साधनले यात्रुका सरसामान बाहेक अरु मालसामान बोकेमा र मालबाहक सवारी साधनले यात्रु बोकेमा,

(ग) इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(घ) सवारी साधनको स्वरुप बदलेको पाईएमा।

१७. **मार्ग इजाजत स्वतः बदर हुने:** दफा १४ बमोजिम तोकिएको अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजत पत्र स्वतः बदर हुनेछ।

१८. **मार्ग इजाजतपत्र बदर गर्न सकिने:** (१) इजाजत पत्रमा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजत पत्र बदर गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिएमा वा नासिएमा त्यस्तो सवारी धनी वा व्यवस्थापकले सो को प्रमाण संलग्न राखी मार्ग इजाजतपत्र बदर गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बदर गरिएका मार्ग इजाजतपत्र सम्बन्धी विवरण कार्यालयले अद्यावधिक गरी अभिलेख राख्नुपर्नेछ।

१९. **मार्ग इजाजतपत्रको प्रतिलिपी दिन सकिने:** (१) मार्ग इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भइ नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा त्यसो भएको मितिले सात दिन भित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजत पत्रको प्रतिलिपीको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी व्यहोरा ठीक देखेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-४

## भाडादर, यात्री र मालसामान सम्बन्धी व्यवस्था

२०. **भाडा निर्धारण सम्बन्धी व्यवस्थाः** (१) कुनै यातायात सेवा सञ्चालन गर्ने यात्रुबाहक सार्वजनिक सवारीले लिने भाडादर समितिले गरे बमोजिम हुनेछ।

(२) यात्रुले आफुसँग निःशुल्क लैजान पाउने सरसामानको अधिकतम् वजन र सो बाहेक भाडा तिरी लैजान पाउने सरसामानको अधिकतम् वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यात्रुबाहक सवारीले यस दफा बमोजिम तोकिएको भाडादर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

२१. **मालसामान ढुवानी सम्बन्धी व्यवस्थाः** मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको मालसामान ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बिल दिनुपर्नेछ।

२२. **यात्री सूची तयार गर्नुपर्ने:** नगरपालिकाले तोकेबमोजिम स्थानीय मार्गमा यातायात सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सवारीमा यात्रा गर्ने सबै यात्री, परिचालक तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ।

यसरी तयार गरिएको यात्री सूची अधिकार प्राप्त अधिकारीले खोजेको बखत उपलब्ध गराउने गरी दुरुस्त राख्नु पर्नेछ।

२३. **यात्री र मालसामान सुरक्षित रुपमा पुर्याउनु पर्नेः** (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरुदेखि गन्तव्य स्थानसम्म निर्धारित समयमा सुरक्षित ढंगले पुर्याउनु पर्नेछ। यात्रुलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निधारण गर्नु हुदैंन।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा बिभिन्न कारणले तत्काल सवारी बनाउन नसकिने भएमा यात्रीको सुबिधालाई ध्यान पुर्याउनु र सवारीमा भएका मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारी चालक, परिचालक वा कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी साधन चलाउन नसकिने भएमा सवारी धनी वा व्यवस्थापकले अर्को उपयुक्त सवारी साधनको व्यवस्था गरी यात्रुहरुलाई गन्तव्य स्थानसम्म पुर्याउनु पर्नेछ।

२४. **सीटभन्दा बढी यात्री राख्न नहुनेः** यात्रुबाहक सार्वजनिक सवारीमा सो सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सीट संख्या भन्दा बढी यात्रु राखी यात्रा गराउन हुदैंन।

२५. **प्राथमिकता दिनु पर्नेः** यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले स्थानीय मार्गमा चल्ने यात्रुबाहक सार्वजनिक सवारीमा अशक्त व्यक्ति, जेष्ठ नागरिक र महिलालाई प्राथमिकता दिई सिट उपलब्ध गराउनु पर्नेछ।

२६. **फेला परेको मालसामान बुझाउनु पर्ने**: सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान फेला परेको चौबिस घण्टाभित्र सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबिस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी संघको कार्यालयमा बुझाउनु पर्नेछ।

२७. **यात्री लिन इन्कार गर्न नहुनेः** स्थानीय मार्गमा चल्ने सार्वजनिक सवारीले सवारी खाली रहेको अवस्थामा कुनै पनि यात्रुलिन इन्कार गर्नु हुँदैन।

## परिच्छेद-५

## पार्किङ्ग स्थल सम्बन्धी व्यवस्था

२८. **पार्किङ स्थल, बस बिसौनी र चार्जिङ स्टेसन निर्धारण गर्नेः** (१) नगरपालिकाले सवारीको पार्किङ, बस बिसौनी स्थान, चार्जिङ स्टेशन बनाउन वा निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले बनाएको वा निर्धारण गरेको पार्किङ्ग स्थानलाई व्यवस्थापन गर्न सरोकारवाला व्यक्ति, समुह, संघसंस्था र निकायले सहयोग गर्नु पर्नेछ।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा प्रदेशको सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सवारीको पार्किङ र बिसौनी स्थानको निर्धारण गर्नु पर्नेछ।

२९. **खतरा हुने गरी सवारी साधन पार्किङ्ग गर्न वा राख्न नहुनेः** (१) कुनै पनि सवारी साधन अरु कुनै सवारी साधन वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुदैन।

(२) कुनै सवारी चलाउँदा चलाउदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्त लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बाँया किनारा लगाई राखी रातीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती बाली वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

३०. **सवारी बिसौनी सम्बन्धी व्यवस्थाः** नगरपालिकाले सार्वजनिक सवारीको पार्किङ तथा यात्रु चढाउने र ओराल्ने बिसौनी स्थान निर्धारण गर्नेछ। तोकिएको स्थान बाहेक अन्यत्र पार्किङ गर्न तथा यात्रु चढाउने वा ओराल्ने सवारी साधनलाई नगरपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ।

३१. **पार्किङ स्थल, बस बिसौनी र चार्जिङ स्टेसन सेवा शुल्क सम्बन्धी व्यवस्थाः** नगरपालिकाले समितिको सिफारिसमा पार्किङ स्थल, बस बिसौनी र चार्जिङ स्टेसन सेवा उपलब्ध गराए वाफत शुल्क निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-६

## तीन पाङग्रे सवारीको कर सम्बन्धी व्यवस्था

३२. **तीन पाङग्रे सवारी सम्बन्धी व्यवस्थाः** (१) तीन पाङ्ग्रे सवारी साधन, टाँगा, रिक्सा, अटोरिक्सा, बिद्युतिय रिक्सा (इ-रिक्सा) र पावर ट्रिलरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले संकलन गरेको सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी सो रकमको साठी प्रतिशत आफ्नो संचित कोषमा र चालिस प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नेछ।

(३) यस दफा बमोजिम लगाइने सवारी साधन कर नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी

३३. **स्थानीय सार्वजनिक सवारी सञ्चालन तथा व्यवस्थापन समितिः** (१) नगर क्षेत्रमा सञ्चालन हुने स्थानीय सर्वजनिक सवारी साधनहरुको सञ्चालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) नगर उप-प्रमुख – संयोजक

(ख) नगर प्रमुखले तोकेको एक जना वडाध्यक्ष र एक जना कार्यपालिका सदस्यः सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना -सदस्य

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि १जना - सदस्य

(ङ) नगर प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना -सदस्य

(च) नगर प्रमुखले तोकेको प्राविधिक १ जना - सदस्य

(छ) नगरपालिका स्तरिय उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष १ जना -सदस्य

(ज) राजश्व शाखा प्रमुख -सदस्य

(झ) मेकानिकल सब इन्जिनियर एक जना -सदस्य

(ञ) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य स्थानीय तहका पदाधिकारीहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ।

(३) यस दफा बमोजिम गठित समितिका पदाधिकारी र आमन्त्रीत सदस्यहरुलाई कार्यपालिकाको बैठकमा उपलब्ध हुने सरहको बैठक भत्ता उपलब्ध गराईनेछ।

३४. **समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) स्थानीय सार्वजनिक सवारी साधनको मार्ग निर्धारण, मार्ग अनुमति तथा मार्ग खारेजी गर्ने।

(ख) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने।

(ग) आवश्यकता अनुसार भाडा दरमा पुनरावलोकन गर्ने।

(घ) नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्सा जन्य साना सवारी साधनको संख्या थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने।

(ङ) नगरमा संचालित सवारी साधनको मापदण्ड तोक्ने।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -८

## दण्ड जरिवाना सम्बन्धी

३५. **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** (१) यस ऐन विपरित हुने गरी देहायका कार्य गरेमा पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँको जरिवाना यातायात निरीक्षक वा प्रहरीलेले तत्काल गर्न सक्नेछः—

(क) ट्राफिक नियमको उल्लङ्घन गरी सवारी चलाएको।

(ख) सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको।

(ग) अवस्था ठीक नभएको सवारी चलाएको।

(घ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको।

(ङ) राती बत्ती नबाली सवारी चलाएको।

(च) मादक पदार्थ सेवन गरी सवारी चलाएको।

(छ) अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको।

(ज) सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको।

(झ) नम्बर प्लेट नराखी सवारी चलाएको।

(ञ) सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको।

(ट) सवारीमा बस्ने वा राख्ने मानिस वा मालसामानको हद निर्धारित गरिएकोमा सो हद भन्दा बढी राखी सवारी चलाएको।

(ठ) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको।

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको।

(ढ) लापरवाही साथ सवारी चलाएको।

(ण) बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको।

(त) चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको।

(थ) यात्रु सुची नराखेमा।

(२) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा वडा कार्यालय समक्ष बुझाउन पुर्जी दिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा प्रहरीले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालय वा वडा कार्यालयमा बुझाउन पुर्जी दिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको पुर्जी दिंदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्छ।

(५) उपदफा (२) वा (३) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा

निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महीनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नुबझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

३६. **निरीक्षण तथा जरिवाना व्यवस्थापन** : (१) नगरपालिकाले यस ऐनको कार्यान्वयनका लागि कुनै अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा यातायात निरीक्षक टोली बनाई परिचालन गर्न सक्नेछ।

(२) नगरपालिका क्षेत्रको सार्वजनिक यातायात निरीक्षणका लागि नगरपालिका स्थित प्रहरी कार्यालयसँग समन्वय गरी निरीक्षण र जरिवाना सम्बन्धी जिम्मेवारी प्रदान गर्न सकिनेछ।

(३) यस ऐन बमोजिम कार्यस्थलमा गरिने जरिवानाका लागि नगरपालिकाले निरिक्षक टोली वा प्रहरीलाई अधिकार प्राप्त अधिकारीद्वारा प्रमाणित रसिद ठेली मात्र प्रयोग गर्नु गर्नेछ।

## परिच्छेद-९

## विविध

३७. **सवारी चालक अनुमति पत्र**: नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ।

३८. **आलोपालो तोक्न सक्ने:** यस ऐन बमोजिम ट्राफिक व्यवस्थापनका लागि स्थानीय सार्वजनिक सवारी साधनको जोरविजोर वा समय वा वडागत आधारमा आलोपालो निर्धरण गर्न सक्नेछ।

३९. **बीमा गर्नुपर्ने:** सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बीमा गर्नुपर्नेछ।

४०. **सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरू:** सवारी धनी तथा सवारी चालकले देहाय बमोजिमका शर्तहरू पालन गर्नु पर्नेछ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण

सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बीमा गराएको हुनु पर्दछ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन।

(घ) राजमार्ग सडक, कच्ची सडक तथा नगर क्षेत्र भित्रको पहाडी भौगोलिक क्षेत्रका सडकमा सवारी सञ्चालन गर्न पाइने छैन।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन।

(ज) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ।

**४१.** **नगरपालिकाको बिशेष अधिकार रहने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सार्वजनिक सवारीलाई तोकिएको अवधिसम्मको लागि कुनै स्थान वा मार्गमा यातायात सेवा सञ्चालन गर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई नगरपालिकाले आदेश दिन सक्नेछ।

४२. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

## सूचना

कमलबजार नगरपालिकाको स्वीकृति नलिई यस नगर कानुनको मूल वा अनुवादित पाठ प्रकाशन गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुने बेहोरा जानकारी गराईन्छ ।

**प्रकाशक :** कमलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कमलबजार, अछाम
Email: info@kamalbazarmun.gov.np | Website: www.kamalbazarmun.gov.np